
कात्तिक - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क १४ | २०७४, कात्तिक १६–३० | पूर्णाङ्क ६०८



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नहकुल सुवेदी | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| कायम मुकायम रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | ३ | इजलास नं. १० | ५ |
| संयुक्त इजलास | ११ | इजलास नं. ११ | ३ |
| इजलास नं. १ | ४ | इजलास नं. १२ | २ |
| इजलास नं. २ | ३ | इजलास नं. १३ | ३ |
| इजलास नं. ३ | ९ | इजलास नं. १४ | ३ |
| इजलास नं. ४ | ३ | इजलास नं. १५ | २ |
| इजलास नं. ५ | २ | इजलास नं. १६ | ३ |
| इजलास नं. ६ | ६ | इजलास नं. १७ | ३ |
| इजलास नं. ७ | १० | इजलास नं. १८ | २ |
| इजलास नं. ८ | ५ | एकल इजलास | २ |
| इजलास नं. ९ | ३ | पूर्ण इजलासमा पेस हुने | १ |
| जम्मा | ५९ | जम्मा | २९ |

**कूल जम्मा ५९ + २९ = ८८**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, कात्तिक – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - ४** |
| १. | भ्रष्टाचार | नेपाल सरकार वि. मुक्तिप्रसाद आचार्यसमेत | |
| २. | भ्रष्टाचार | नेपाल सरकार वि. कमलप्रसाद ढकालसमेत | |
| ३. | भ्रष्टाचार | नेपाल सरकार वि. कमलप्रसाद ढकालसमेत | |
| **संयुक्त इजलास** | | | **४ - १५** |
| ४. | निर्णय बदर दर्ता | खिमानन्द आचार्य वि. शेरबहादुर श्रेष्ठ | |
| ५. | मानव बेचबिखन तथा ओसार पसार | लिलामती वि.क.समेत वि. नेपाल सरकार | |
| ६. | कर्तव्य ज्यान | मोहम्मद मिर सयद चाँद वि. नेपाल सरकार | |
| ७. | भ्रष्टाचार | लोकराज के.सी. वि. नेपाल सरकार | |
| ८. | बन्दी प्रत्यक्षीकरण | मोहनबहादुर वंजारा क्षेत्री वि. नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबारसमेत | |
| ९. | बन्दी प्रत्यक्षीकरण | बिमाया सार्की वि. पाँचथर जिल्ला अदालत फिदिमसमेत | |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सन्तु सार्की | |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शोभाकान्त भाट (पौडेल) समेत | |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दीपक राई | |
| १३. | कर्तव्य ज्यान | भरतबहादुर रोकायासमेत वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **१५ - १७** |
| १४. | उत्प्रेषण / परमादेश | अनवर दफाली वि. राजन कोइरालासमेत | |
| १५. | भ्रष्टाचार | विष्णुप्रसाद अधिकारी वि. नेपाल सरकार | |
| १६. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. मुनेन्द्र यादवसमेत | |
| **इजलास नं. २** | | | **१७ - १९** |
| १७. | उत्प्रेषण | सीता कार्की (अधिकारी) समेत वि. खिम्ती सर्भिसेस प्रा.लि. विजय निवास, झम्सिखेल ललितपुरसमेत | |
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुरेन्द्रबहादुर चन्द | |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. होमबहादुर विश्वकर्मा | |
| **इजलास नं. ३** | | | **१९ - २८** |
| २०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मनबहादुर वि.क.समेत | |

| | | |
|---|---|---|
| २१. | कर्तव्य ज्यान | केशरबहादुर मल्ल ठकुरी वि. नेपाल सरकार |
| २२. | कर्तव्य ज्यान | इमबहादुर घर्तीमगर वि. नेपाल सरकार |
| २३. | कर्तव्य ज्यान | मोहमद अमिर आलम वि. नेपाल सरकार |
| २४. | कर्तव्य ज्यान | दोर्जी शेर्पा वि. नेपाल सरकार |
| २५. | जबर्जस्ती करणी | नेपाल सरकार वि. प्रकाश सिटौला |
| २६. | उत्प्रेषण / परमादेश | भोजराज पौडेल वि. प्रधानमन्त्री तथा पन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| २७. | भ्रष्टाचार | अर्जुन थापासमेत वि. नेपाल सरकार |
| २८. | हक कायम दर्ता बदर | तिरथराम अहिर वि. धनपत अहिर |
| | **इजलास नं. ४** | **२८ - ३०** |
| २९. | अंश दर्ता | कैलीदेवी मुखिया मलाहसमेत वि. दशैं मुखिया मलाह |
| ३०. | उत्प्रेषण | शंकर न्यौपाने वि. स्थानिय विकास मन्त्रालय, श्रीमहल पुल्चोकसमेत |
| ३१. | उत्प्रेषण | रमेश शर्मा *(लम्साल)* वि. जिल्ला शिक्षा कार्यालय, पर्वत कुस्मासमेत |
| | **इजलास नं. ५** | **३० - ३१** |
| ३२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विजेन्द्र मुसहर |
| ३३. | लेनदेन | भागीरथी लामिछाने वि. जीवनाथ न्यौपाने |
| | **इजलास नं. ६** | **३१ - ३५** |
| ३४. | चोरी | मैयाँ लामा वि. नेपाल सरकार |
| ३५. | उत्प्रेषण / निषेधाज्ञा / परमादेश | इस्पेखार अहमद वि. जिल्ला प्रशासन कार्यालय, पर्सा, वीरगन्जसमेत |
| ३६. | परमादेश | शम्भुलाल श्रेष्ठ वि. टिकादत्त राईसमेत |
| ३७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. प्रकाश श्रेष्ठ |
| ३८. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. ताराविर बोहरा |
| ३९. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. शारदा श्रेष्ठ सिंहसमेत |
| | **इजलास नं. ७** | **३५ - ४०** |
| ४०. | बहुविवाह | रवि लामिछाने वि. नेपाल सरकार |
| ४१. | लेनदेन | राजेन्द्रकुमार साहतेली वि. कुशेश्वर साफी |
| ४२. | उत्प्रेषण / परमादेश | मुनेन्द्र झासमेत वि. काशीनाथ साफी |
| ४३. | बहुविवाह | नेपाल सरकार वि. रसुल अलिमियासमेत |

| | | |
|---|---|---|
| ४४. | नामसारी | रूद्रप्रसाद ढकाल वि. विष्णुदेवी ढकालसमेत |
| ४५. | अपुताली हक कायम नामसारी दर्ता | तुलसीप्रसाद भारती वि. विष्णुकुमारी भारती |
| ४६. | लागु औषध ब्राउन सुगर | धनबहादुर थापामगर वि. नेपाल सरकार |
| ४७. | जबर्जस्ती करणी | नेपाल सरकार वि. बुद्धिबहादुर तामाङ |
| ४८. | निषेधाज्ञा | लक्ष्मीदेवी प्रधानाङ्ग वि. भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका भक्तपुर थिमी |
| **इजलास नं. ८** | | **४१ - ४५** |
| ४९. | परमादेश | दिपेन्द्र चौधरी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत |
| ५०. | वैदेशिक रोजगार | दीपक थापा वि. नेपाल सरकार |
| ५१. | उत्प्रेषण | भुसकुलिया वि. मालपोत कार्यालय, राजविराजसमेत |
| ५२. | प्रतिषेध / उत्प्रेषण / परमादेश | जगन्नाथ मिश्रसमेत वि. शिक्षा मन्त्रालय, केशरमहलसमेत |
| ५३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबहादुर विष्टसमेत |
| **इजलास नं. ९** | | **४५ - ४६** |
| ५४. | वैदेशिक रोजगार ठगी | ओमबहादुर गुरूङ वि. नेपाल सरकार |
| ५५. | वैदेशिक रोजगार ठगी | ओमबहादुर गुरूङ वि. नेपाल सरकार |
| ५६. | वैदेशिक रोजगार ठगी | ओमबहादुर गुरूङ वि. नेपाल सरकार |
| **इजलास नं. १०** | | **४६ - ५०** |
| ५७. | जबरजस्ती करणी | नेपाल सरकार वि. रामकुमार सार्की |
| ५८. | बहुविवाह | नेपाल सरकार वि. शोभा कुमारी सार्कीसमेत |
| ५९. | लेनदेन | तेजकरण जैन वि. नारायणी नेशनल फाईनान्स लि. |
| ६०. | अपहरण र कर्तव्य ज्यान | रामशिला देवी यादव वि. नेपाल सरकार |
| ६१. | विष खुवाई कर्तव्य ज्यान | सुलेना देवी महरा वि. नेपाल सरकार |
| **इजलास नं. ११** | | **५० - ५२** |
| ६२. | आयकर (आ.व. २०६५/६६) | आनन्दराज ढकाल वि. कृष्ण अयल एण्ड रिफाइनरी-भेजिटेवल घि इन्डष्ट्रिज प्रा.लि. काठमाडौं |
| ६३. | जग्गा खिचोला मेटाई चलन | शिवप्रसाद उपाध्याय वि. डिलप्रसाद थपलिया |
| **इजलास नं. १२** | | **५२ - ५३** |
| ६४. | मानव ओसारपसार तथा बेचबिखन | श्रीमती ज्ञान्ती गुप्ता वि. नेपाल सरकार |
| ६५. | कर्तव्य ज्यान | लालबहादुर थापासमेत वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| **इजलास नं. १३** | | **५३ - ५५** |
| ६६. | निषेधाज्ञा | शंकरप्रसाद चौधरी वि. शारदा मुडभरीसमेत |
| ६७. | जग्गा दर्ता गरी हक कायमसमेत गरिपाऊँ | पर्शुराम दाहाल वि. मणिराम दाहालसमेत |
| **इजलास नं. १४** | | **५५ - ५७** |
| ६८. | उत्प्रेषण / परमादेश | सुमित्र दंगाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ६९. | उत्प्रेषण / परमादेश | दक्षकुमारी पाण्डेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ७०. | अंश दर्ता | रोहित गोसाई वि. हिर्देश गोसाईसमेत |
| **इजलास नं. १५** | | **५८ - ५९** |
| ७१. | उत्प्रेषण | राजेन्द्र शाह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत |
| ७२. | उत्प्रेषण | रविन्द्रप्रसाद पाण्डे वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत |
| **इजलास नं. १६** | | **५९ - ६१** |
| ७३. | उत्प्रेषण / परमादेश | लिलाबहादुर राई वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |
| ७४. | उत्प्रेषण / परमादेश | श्यामध्वज कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ७५. | उत्प्रेषण / परमादेश | आनन्द कोइरालासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. १७** | | **६१ - ६३** |
| ७६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुदे राउतसमेत |
| ७७. | उत्प्रेषण / परमादेश | मनोज गुरूङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. १८** | | **६३ - ६५** |
| ७८. | जबर्जस्ती करणी | सुनिल तामाङ वि. नेपाल सरकार |
| ७९. | ज्यान मार्ने उद्योग | भोलाशंकर तिवारी वि. नेपाल सरकार |
| **एकल इजलास** | | **६५ - ६६** |
| ८०. | उत्प्रेषण / परमादेश | तुलसी सिंखडा वि. व्यवस्थापिका संसद् सिंहदरबारसमेत |
| ८१. | उत्प्रेषण | रेखा हजार दुसादसमेत वि. मान्तिदेवी अहिरिनसमेत |
| **पूर्ण इजलासमा पेस हुने** | | **६६ - ६८** |
| ८२. | भ्रष्टाचार | नेपाल सरकार वि. बलिराम दास कथवनियासमेत |

## पूर्ण इजलास

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CF-००२४, भ्रष्टाचार, नेपाल सरकार *वि. मुक्तिप्रसाद आचार्यसमेत*

सवारी साधन नामसारी सम्बन्धमा पत्राचार भएको भनिएका पत्रहरू सम्बन्धित कार्यालयबाट प्रेषित नभएको भन्ने देखिएको र उक्त पत्रहरूको विवरण केरमेट भएको देखिएबाट उक्त कागजातहरू विवादित सवारी साधनहरू नामसारी दर्ता गर्ने प्रयोजनको लागि मात्र बनाइएका बनावटी, नक्कली भएको भन्ने देखिन आयो । त्यस्ता कागजातहरूलाई पुनरावेदक प्रतिवादीहरूले अन्यथा भन्न सकेको स्थितिसमेत नहुँदा बनावटी पत्रहरूको आधारमा उल्लिखित सवारी साधनहरू दुषितरूपमा नामसारी दर्ता भएको पुष्टि हुन आउने ।

प्रस्तुत मुद्दामा नामसारी दर्ताको सिफारिस गर्ने भनिएको यान्त्रिक परिवहन गण थापाथलीलाई बुझ्दै नबुझी उक्त कार्यालयबाट प्रषित भएको भनिएका पत्रहरू र आफ्नै कर्मचारीले तयार पारेको प्राविधिक जाँच प्रतिवेदनका आधारमा नामसारी दर्ता भएको देखियो । नामसारी गर्नुपर्ने सवारी साधनहरू सम्बन्धित कार्यालयमा ल्याएको भन्ने देखिँदैन । यसरी पुनरावेदक प्रतिवादीहरूसमेतको उपर्युक्त कार्यबाट सम्बन्धित कानूनी व्यवस्था र विभागीय निर्देशनविपरीत हुनेगरी बनावटी कागजातको आधारमा विवादित सवारी साधनहरूको नामसारी दर्ता गर्ने गराउने कार्य भएको र सो कार्यबाट सरकारको राजस्वमा गैरकानूनी हानि हुन गएको देखिन आउने ।

मिसिल संलग्न रहेका उल्लिखित बागमतीबाट सेतीमा सरूवा सिफारिस भएका पत्रहरूको तपसिल खण्डको विभिन्न स्थानमा केरमेट गरी महिन्द्रा जीपको विवरण उल्लेख भएको देखिन्छ भने सिफारिसपत्रको अन्य स्थानमा लेखिएका र तपसिलमा केरमेट गरेको अक्षरहरू एकापसमा मिल्दैन भिड्दैन भनी राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको च.नं.८९१ मिति २०६३।२।८ को पत्रबाट देखिएको छ । यसबाट यातायात व्यवस्था कार्यालय, बागमतीबाट चलान भई सकेपछि सो सिफारिस पत्रहरूमा थपघट एवम् परिवर्तन भएको भन्ने तथ्य समर्थित हुन आउने ।

प्रतिवादी छविलाल कँडेलले आफू प्रतिवादी अस्मीलालसँग यातायात व्यवस्था कार्यालय, सेतीमा गएको कुरा स्वीकार गरी अरू दाबीका सम्बन्धमा इन्कार रही बयान गरेको देखिन्छ भने विवादित सवारी साधनहरू निजको नाममा दर्ता भएको देखिँदैन । निजले उक्त पत्रहरू किर्ते बनाएको भन्ने तथ्य स्वतन्त्र प्रमाणबाट स्थापित भएको पनि देखिँदैन । हालका धनी विष्णुहरि रेग्मी, निमकुमार श्रेष्ठ, मित्रलाल बस्याल, भूपबहादुर वली क्षेत्री, रामकृष्ण खाँड, पार्वती ढकाल, तीलबहादुर आलेले प्रतिवादी अस्मिलाल कँडेलले आफ्नो नाममा दर्ता नामसारी गरेको गाडीहरूको र ब्ल्यु बुक, रोड इजाजतपत्र, जाँचपास, कर तिरेको कागजका आधारमा खरिद गरेको भन्ने देखिएको र उक्त गाडीहरू दर्ता नामसारी गर्ने गराउने कार्यमा निजहरूको कुनै संलग्नता रहेको भन्ने मिसिल प्रमाणबाट पुष्टि भएको स्थिति नहुँदा जफततर्फको वादी नेपाल सरकारको दाबीसमेत मनासिब देखिन नआउने ।

मुद्दा चलेका गाडीको सम्बन्धमा मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयबमोजिम गर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निर्णय भई सोहीअनुसार केहीमा कारबाही भएको समेत भएको भन्ने मिसिल कागजहरूबाट देखिन आएकोले यस मुद्दाबाट राजस्वको बिगो असुल गर्नुपर्ने र गाडी जफत गर्नुपर्ने स्थिति र अवस्था नदेखिँदा त्यसतर्फ विचार गरिरहन परेन भनी विशेष अदालत,

काठमाडौंबाट भएको फैसला अन्यथा भएको भन्ने देखिन नआउने।

अतः उल्लिखित आधार कारण एवम् प्रमाणसमेतबाट आरोपपत्र माग दाबीबमोजिमको कार्य गरी गैरकानूनीरूपमा भन्सार राजस्व हानि नोक्सानी पुऱ्याइ पुनरावेदक प्रतिवादीमध्येका कमलप्रसाद ढकाल, प्रेमबहादुर सिंह र महेश्वरप्रसाद भट्टले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिमको र प्रतिवादी अस्मीलाल कँडेलले सोही ऐनको दफा ८ बमोजिमको कसुर गरेको ठहर गरी निज प्रतिवादीहरूलाई सोही दफा र दफा २९(२) बमोजिम जनही रू.५,०००।- का दरले जरिवाना हुने र प्रतिवादी मुक्तिप्रसाद आचार्य, मोहनबहादुर हमाल र छविलाल कँडेलले दाबीको कसुरबाट सफाइ पाउने साथै गाडी जफत एवम् बिगोतर्फको दाबी पुग्न नसक्ने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०६४।३।३२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकार तथा प्रतिवादीहरू कमलप्रसाद ढकाल, प्रेमबहादुर सिंह र महेश्वरप्रसाद भट्टको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल माघ १९ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CF-००२३, भ्रष्टाचार, नेपाल सरकार *वि. कमलप्रसाद ढकालसमेत*

यातायात व्यवस्था ऐन, २०४९ बमोजिम कार्यालयमा ल्याएको सवारी साधन हेरी प्राविधिक प्रतिवेदन दिनुपर्नेमा सो भएको देखिएन । एन.सि. सि.एन. कम्पनीबाट यातायात व्यवस्था कार्यालय, सेतीमा नामसारी दर्ता गरिदिने भनी च.नं.४९, मिति २०५६/४/२० मा लेखिएको पत्रमा उल्लिखित भरत तण्डुरकारको नाम हटाई अस्मिलाल कँडेल गरी विवरण फरक पारिएको तर बोधार्थमा भरत तण्डुकारको नाम यथावत रहेको पाइएकोमा दुई अलग व्यक्तिका नाम लेखिएको तथ्यलाई यकिन गर्ने प्रयाससम्म भएको देखिँदैन । विभागबाट जारी भएको परिपत्रबमोजिम सरूवा सिफारिसको आधिकारिकतासमेत बुझ्दै नबुझी रसियन, जर्मन र जापनिज सवारी साधनको स्थानमा भारतबाट ल्याएका महेन्द्रा जीपहरूको विवरण सच्याएकोतर्फ बेवास्ता गरेको देखिँदा सो दर्तामा पुनरावेदक प्रतिवादीहरूको बद्नियत रहेको तथ्य स्वतः पुष्टि हुन आएको देखिने।

मुद्दा परेका गाडीहरूका हकमा समेत मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयअनुसार आवश्यक कारवाही गर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको भन्ने प्रमाणमा पेस भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कृष्णनगर भन्सार कार्यालयलाई मिति २०६३।९।३० मा प्रेषित पत्रको प्रतिलिपिबाट देखिन्छ । सोही पत्रका आधारमा मुद्दा चलेका केही गाडीहरू उपर्युक्त अनुसारको महसुल लिई फिर्ता दिएको पनि पेस भएको प्रज्ञापन पत्रका प्रतिलिपिबाट देखिन्छ । तसर्थ मुद्दा चलेका गाडीका सम्बन्धमा पनि मन्त्री परिषद्को मिति २०६३।५।६ को निर्णयबमोजिम गर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निर्णय भई सोहीअनुसार केहीमा कारवाही भएको समेत देखिँदा राजस्वको बिगो र गाडी जफततर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

अतः उल्लिखित आधार प्रमाण र विवेचित तथ्यसमेतबाट पुनरावेदक प्रतिवादी कमल प्रसाद ढकाल, प्रेमबहादुर सिंह, महेश्वर प्रसाद भट्ट र श्रीकृष्ण मर्हजनलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिम र प्रतिवादी अस्मीलाल कँडेललाई सोही ऐनको दफा ८ बमोजिमको

कसुरमा सोही दफा र दफा २९(२) बमोजिम जनही रू.५,०००।- (पाँच हजार) जरिवाना हुने र गाडी जफत एवम् बिगो तर्फको दाबी पुग्न नसक्ने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६४।२।३२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे, मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CF-००२८, अख्तियारको दुरूपयोग गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. कमलप्रसाद ढकालसमेत*

निवेदन साथ पेस भएका उपर्युक्त हेवि इक्वीपमेन्ट डिभिजन बुटवलको लिलामसम्बन्धी पत्र र यातायात व्यवस्था कार्यालय, बागमतीको सरूवा सहमतिको आधारमा विवादित सवारी दर्ता गरिएको हो भन्ने तत्कालीन कार्यालय, प्रमुख पुनरावेदक प्रतिवादी मेरा सम्धी ऋषिराम खरेल र दयाराम यादवले मेरो नाममा गाडि दर्ता गरी दिएका हुन्। सोबापत मलाई २४ हजार दिएका थिए भनी उल्लेख गरेबाट अरू सवारी साधनहरू लिलाम नभएको र नामसारी दर्ता गर्न तयार भएको कागजातहरूसमेत बनावटी रहेको तथ्य पुष्टि हुन आउने।

प्रस्तुत २४ थान सवारी साधनहरू दर्ता गर्दा उल्लिखित कानून, विभागीय परिपत्र एवम् लिलामी र सरूवा सहमतिको लागि प्राप्त भएका कागजातहरूको सत्यता यकिन नगरी यातायात व्यवस्था अञ्चल कार्यालय, सेतीबाट सवारी साधनहरू दर्ता भएको देखिएको हुँदा सो सवारी दर्ता कानून एवम् विभागीय निर्देशनको प्रतिकूल भएको पुष्टि भई सो कार्यबाट सरकारी राजस्वमा गैरकानूनी हानि पुग्न गएको देखिन आउने।

पुनरावेदक प्रतिवादीहरूको संलग्नता सन्दर्भमा विचार गर्दा तत्कालीन अवस्थामा कार्यालय प्रमुखको रूपमा रहेका पुनरावेदक प्रतिवादी कमलप्रसाद ढकालले उल्लिखित गैरकानूनी सवारी दर्ता गर्ने निर्णय गरेको देखिन्छ। दर्ताको टिप्पणी उठाई रायसाथ पेस गर्ने फाँटवाला कर्मचारीको रूपमा पुनरावेदक प्रतिवादी प्रेमबहादुर सिंह र सवारीसाधनको प्राविधिक परीक्षण प्रतिवेदन पुनरावेदक प्रतिवादी महेश्वर भट्टले पेस गरेको तथ्य मिसिल प्रमाणबाट देखिन्छ। यस्ता कार्यहरूबाट प्रतिवादीहरू विवादित विषयमा सजक र संवेदनशील भएको भन्ने देखिएन। लिलाम गर्ने कम्पनीले दिएको नामसारी गरिदिने सिफारिस पत्र, सरूवापत्र र सवारी दर्ता प्रमाण पत्रहरूमा भएका विवरणहरू मेटाइ केरमेट गरी अर्कै व्यहोरा थप गरी तथा लिलाम नै नगरेका गाडीहरूको किर्ते कागजका आधारमा नामसारी दर्ता गर्ने गरी विदेशबाट चोरी पैठारी गरी भन्सार नतिरी ल्याएका गाडीहरूलाई वैधता दिने कार्यमा संलग्न प्रतिवादीहरू ऋषिराम खरेल र भवानीप्रसाद भुसालसमेतको मिलेमतोमा गाडीहरू नामसारी दर्ताको लागि निवेदनसाथ पेस भएका पत्रहरूको आधिकारिकता बुझ्दै नबुझी किर्ते पत्रहरूको आधारमा यातायात व्यवस्था ऐन र विभागीय परिपत्रसमेतको विपरीत भारतबाट चोरी पैठारी भएका विवादित सवारी साधनको प्राविधिक प्रतिवेदन तयार गर्ने, दर्ताको टिप्पणी उठाउने र दर्ताको निर्णय गर्ने कार्यसमेत गरेको देखिएकोले उक्त कार्यबाट निज प्रतिवादीहरूको भ्रष्टाचारजन्य कसुरमा बदनियत रहेको तथ्य पुष्टि हुन आउने।

प्रतिवादी भवानीप्रसाद भूषालले प्रतिवादी ऋषिराम खरेलसँगको मिलेमतोमा लिलाम बिक्री भए नभएको जानकारी नराखी सवारी साधन भए नभएको हेर्दै नहेरी विवादित सवारी साधनहरू निजको नाममा

दर्ता गराउन बनावटी कागजपत्र तयार गरी गर्न लगाई भ्रष्टारजन्य कसुर गरी सरकारी राजस्वमा गैरकानूनी हानि पुऱ्याएको तथ्य पुष्टि हुन आउने।

प्रतिवादीहरू भवानी प्रसाद भुसाल र ऋषिराम खरेलले उपर्युक्त सवारी दर्ता गर्ने कार्य प्रतिवादी दयाराम यादवको हो भनी बयान गरे पनि निज दयाराम यादवको प्रस्तुत कार्यमा के कस्तो संलग्नता रहेको भन्ने कुरा मिसिल कागजबाट पुष्टि हुने स्वतन्त्र प्रमाणको अभावमा निजसमेतको कसुर अपराधमा संलग्नता रहेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

प्रस्तुत मुद्दाका विवादित गाडीका सम्बन्धमा समेत मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयबमोजिम हुने नै हुँदा यस मुद्दाबाट राजस्वको बिगो असुल गर्नुपर्ने स्थिति र गाडी जफत गर्नुपर्ने अवस्था नदेखिएको भनी विशेष अदालतबाट भएको फैसला अन्यथा भएको भन्ने आधार नदेखिने।

अतः उल्लिखित तथ्य, आधार र प्रमाणसमेतबाट आरोप पत्र मागदाबीबमोजिम पुनरावेदक प्रतिवादी मध्येका कमलप्रसाद ढकाल, प्रेमबहादुर सिंह र महेश्वरप्रसाद भट्टले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिमको र प्रतिवादी ऋषिराम खरेल र भवानीप्रसाद भुसालले सोही ऐनको दफा ८ बमोजिमको कसुरमा सोही दफा र दफा २९(२) बमोजिम जनही रू. ५,०००।- (पाँच हजार) जरिवाना हुने र प्रतिवादी दयाराम यादवले आरोपबाट सफाइ पाउने साथै बिगोतर्फको वादी नेपाल सरकारको दाबी नपुग्ने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०६४।३।३२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल माघ १९ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CI-१२५८, निर्णय बदर दर्ता, *खिमानन्द आचार्य वि. शेरबहादुर श्रेष्ठ*

वादीले आफ्नो हकको स्रोत भनी पेस गरेको मिति २०३२।८।८ को घरायसी राजीनामाको आधारबाट वादीको नाउँमा कि.नं.१०७१ को जग्गा दर्ता भएको देखिन्छ। सो कि.नं.१०७१ र विवादित कि.नं.१०७० को जग्गा साँध सिमाना जोडिई एकै चक्लाको रूपमा वादीले भोग गरिरहेको नक्सा मुचुल्काबाट देखिन्छ। सो कि.नं.१०७१ र विवादित कि.नं.१०७० को जग्गासमेत एकै ठाउँमा समावेस गरी उक्त २०३२ सालको राजीनामामा उल्लिखित किल्ला भिडाउँदा किल्ला मिले भिडेको छ। सो २०३२ सालको राजीनामामा उल्लिखित उत्तर किल्ला डाँडो भन्ने उल्लेख भएको हुँदा सो न.नं.३ कि.नं.१०७० को जग्गा उक्त राजीनामा किल्लाभित्र पर्ने देखिने।

विवादित न.नं.३ को जग्गाको छेउछाउको अरू व्यक्तिहरूको जग्गा पनि आवादी भोग दर्ता रहेको भन्ने नक्सा मुचुल्काबाट देखिन्छ। यसरी वादीको राजीनामा भित्रको जग्गामध्ये आधा कि.नं.१०७१ मा वादीकै नाउँमा नाप नक्सा दर्ता भएको र आधा न.नं.३ को जग्गा कि.नं.१०७० मा पर्ती जनिई जग्गा नाप जाँच ऐन, २०१९ को दफा ११(१) बमोजिम गठित समितिले पर्ती कायम गर्ने भनी मिति २०५०।३।२९ मा पर्ती जनिएको देखिन आएकोले उक्त राजीनामालाई केही जग्गालाई हकको स्रोतको रूपमा मान्यता पाउने र केही जग्गालाई मान्यता नपाउने भनी व्याख्या गर्न न्यायोचित हुँदैन। वादीको नाउँमा कि.नं.१०७१ को जग्गा राजीनामाको हकको स्रोतबाट दर्ता भएको र सो

जग्गासँग साँध सिमाना जोडिई एउटै चक्लामा रहेको र राजीनामाको किल्लाभित्र पर्ने कि.नं.१०७० को जग्गा आवाद रही वादीकै भोगमा रहेको पुष्टि हुँदा सो कि.नं.१०७० (न.नं.३) को जग्गा वादीको हक भोगकै देखिन आउने।

अतः विवादित कि.नं.१०७० को जग्गा प्रत्यर्थी वादीको मिति २०३२।८।८ को राजीनामा भित्रकै भई वादीकै हकभोग तिरो भरोको देखिन आएकाले पर्ती कायम गर्ने मालपोत कार्यालयको मिति २०५०।३।२९ को निर्णय नमिलेको देखिँदा मालपोत कार्यालय, दोलखाको मिति २०५०।३।२९ को निर्णय बदर गरी कि.नं.१०७० को जग्गा वादीकै नाममा दर्तासमेत हुने ठहऱ्याई सुरु दोलखा जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

## २

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०६७-CR-०६२३ र ०६७-CR-०९९८, मानव बेचबिखन तथा ओसार पसार, *लिलामती वि.क.समेत वि. नेपाल सरकार र नेपाल सरकार वि. सन्तबहादुर वि.क.समेत*

प्रस्तुत मुद्दामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मिति २०६४।४।८ देखि लागू भएको र वारदात मिति २०६३।१०।१२ मा सुरू भई मिति २०६३।११।७ मा पीडितलाई भारत बम्बैबाट साउदी अरबतर्फ उडाइएको भन्ने देखिन्छ। यस आधारमा पुनरावेदक प्रतिवादीले अपराध गर्दाको समयमा प्रचलित कानून अर्थात् जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अनुसार नै निजको कसुरबारे निरूपण हुने र कसुर गरेको ठहरेमा सजायको भागीदार हुनुपर्ने देखिन आयो। पुनरावेदक प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बन्नु भन्दा पहिले गरी पीडितलाई बेचबिखन गरेको भन्ने देखिएको अवस्था भई आपराधिक कार्य त्यही समयमा नै भइसकेको मान्नु पर्ने हुँदा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ आकर्षित हुने देखिई पीडित नेपाल फर्की आएको मितिलाई वारदात मिति कायम गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको अभियोग माग दाबीसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू सन्तबहादुर वि.क. र लिलामती वि.क.ले अदालतमा बयान गर्दा जीउ मास्ने बेच्ने कार्यमा इन्कार रहेको देखिए तापनि आफूहरूले जाहेरवालीलाई चितवनबाट ठोरी नरकटियागन्ज हुँदै भारतको बम्बै लगी त्यहाँ अरेवियनलाई सुम्पेको भन्ने कुरालाई स्वीकार गरेको पाइयो। वैदेशिक रोजगारमा पठाउने इजाजत पत्र आफूहरूसँग भएको भन्ने निजहरूको जिकिर देखिएन। साथै जाहेरवालीको अदालतको बकपत्र हेर्दा स.ज.६ मा आफूलाई वेश्यावृत्तिमा लगाइएको तथ्यलाई पुनः उल्लेख गर्दै कसले लगाएको हो भन्नेमा मात्र यी प्रतिवादीलाई नभई प्लेनमा लिएर जाने अरबी व्यक्तिहरूले गरेको भनी उल्लेख गरेको पाइयो। तर सोही बकपत्रको स.ज.८ हेर्दा प्रतिवादीहरूलाई जोगाउन आफूले त्यसो भनेको हो भन्ने र स.ज.९ मा प्रहरीमा दिएको जाहेरी र सोही मितिमा गरेको बयानको व्यहोरा ठिक छ भन्ने उल्लेख गरेको देखियो। यसरी हेर्दा जाहेरवालीको अदालतको बकपत्रमा केही विरोधाभाषजन्य कुराहरू उल्लेख गरिएको भए तापनि समग्रमा हेर्दा निजलाई वेश्यावृत्तिमा लगाइएको तथ्यमा विवाद नरहेको, सो कार्य अरवी मूलका मानिसद्वारा गरिएको भनिए तापनि ती व्यक्तिहरूलाई यी प्रतिवादीहरूले नै जिम्मा लगाएका हुन् भन्ने कुरा स्थापित भएको हुँदा वेश्यावृत्तिमा

लगाउने कार्यमा निजहरू निर्दोष रहेछन् भन्न मिल्ने नदेखिने।

यसरी हेर्दा अदालतको प्रमाणित बयानमा यी प्रतिवादीहरूउपर स्पष्ट आरोप लगाइएको र जाहेरवालीलाई विदेश लगेको तथ्यमा विवाद नहुँदा बेचबिखन गर्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको होइन भनी प्रमाण पुर्‍याउनु पर्ने भार यी प्रतिवादीहरू स्वयम्मा रहेकोमा आफूहरू निर्दोष रहेको कुरा निजहरूले प्रमाणित गर्न सकेको पाइएन । मानव बेचबिखनजस्तो जघन्य अपराधको सिकार हुनबाट महिलाहरूलाई जोगाउने उद्देश्यबाट निर्मित ऐनको व्यवस्थाको उपेक्षा गरी जाहेरी र प्रमाणित बयान विपरीत पीडितले बकपत्रमा केही विवादास्पद कुरा उल्लेख गर्‍यो वा बकपत्रपश्चात् हुलाकबाट पठाएको निवेदनमा केही कुरा उल्लेख गर्‍यो भन्नेसम्म आधारमा यी प्रतिवादीहरू निर्दोष रहेछन् भन्न मिल्ने देखिएन । सो हुँदा कसुर कायम गरेको हदसम्म पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिने।

अब, प्रतिवादीहरूलाई के कति सजाय हुनुपर्ने हो ? र सजायको सन्दर्भमा पुनरावेदन अदालत, हेटौंडाको निर्णय मिलेको छ वा छैन ? भन्नेतर्फ हेर्दा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) मा "मानिस बेचबिखन गर्ने व्यक्तिलाई दश वर्षदेखि बीस वर्षसम्म कैद हुनेछ" भन्ने व्यवस्था रहेको देखियो । पुनरावेदन अदालत, हेटौंडाबाट यी प्रतिवादीहरूलाई जनही १२ वर्षका दरले कैद सजाय गर्ने ठहर भएको पाइयो। उक्त दफा ८(१) मा १० वर्षदेखि २० वर्ष कैदको सजाय उल्लेख भएकोमा पुनरावेदन अदालत, हेटौंडाको फैसलामा कुन कारणले न्यूनतम् कैदभन्दा बढी कैद गर्नु परेको हो सो कुरा खुलाइएको पाइएन । यी प्रतिवादीहरूको आर्थिक, सामाजिक र शैक्षिक पृष्ठभूमि हेर्दा सामान्य देखिएको, निजहरूको पूर्व आपराधिक पृष्ठभूमि रहेको भन्ने पनि नदेखिएको र न्यूनतम् १० वर्ष कैद गर्दा न्यायको उद्देश्य पूरा हुने नै देखिँदा सजायको हकमासम्म पुनरावेदन अदालत, हेटौंडाको फैसला केही उल्टी भई यी प्रतिवादीहरू सन्तबहादुर वि.क. र लिलामती वि.क.लाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम जनही १० वर्ष कैदको सजाय हुने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

## ३

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-०२२३ र ०६९-CR-०३२४, कर्तव्य ज्यान, *मोहम्मद मिर सयद चाँद वि. नेपाल सरकार, डिक्सनकुमार मल्ल वि. नेपाल सरकार*

मृतकको शव परीक्षण प्रतिवेदनमा मृतक गर्भवती रहेको र निजको मृत्यु टाउको दिमागमा लागेको गहिरो चोटको कारण छातीमा आन्तरिक रक्तश्रावबाट भएको भन्ने र लास जाँच मुचुल्कामा मृतकको टाउकोमा गहिरो काटेको चोट र अन्य चोट रहेको भन्नेसमेतका माथि विवेचित तथ्य एवम् प्रमाणहरूबाट प्रतिवादी डिक्सनकुमार मल्लको अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई समर्थित गरिरहेको देखिँदा प्रतिवादीले अदालतमा बयान गर्दा मृतकसँगको प्रेमसम्बन्ध रहेको थिएन भनी लिएको जिकिरसँग सहमत हुन नसकिने।

आफ्नो प्रेमसम्बन्धबाट प्रेमिकाको पेटमा गर्भ रहन गएपछि निजलाई आफ्नो जीवनबाट हटाउने आपराधिक मनसायबाट प्रेरित रहेका प्रतिवादी डिक्सनकुमार मल्ललाई पैसाको लोभमा परी आपराधिक मनसाय लिई दुवैजना प्रतिवादीहरू मिली अपराध गर्ने योजना बनाई आपराधिक कार्यसमेत गरेको देखिन आयो। आपराधिक मनसाय लिई कसैले आपराधिक कार्य गरेमा फौजदारी कानूनद्वारा निर्धारण गरेको सजाय पाउने नै हुन्छ । दुवैजना पुनरावेदक

प्रतिवादीहरूले एकआपसमा सर सल्लाह गरी पूर्वयोजनासमेत बनाई सुशीला साहनीको हत्या गरेको उल्लिखित सम्पूर्ण दसी प्रमाण एवम् परिस्थितिजन्य प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा अदालतमा इन्कारी बयान दिएको आधारमा मात्र सजायबाट उन्मुक्ति दिन नमिल्ने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था, विवेचित प्रमाण तथा आधारबाट दुई जना अभियुक्तहरू अलगअलग दुषित मनसायबाट प्रेरित भएर सुशीला साहनीलाई धारिलो हतियार छुरीले प्रहार गरी हत्या गरेको पुष्टि हुन आएकाले निज प्रतिवादीहरू डिक्सनकुमार मल्ल तथा राजखान भन्ने मोहम्मद मिर सयद चाँदलाई अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी बाग्लुङ जिल्ला अदालतबाट भएको फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, बाग्लुङबाट मिति २०६८।९।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७३ साल असार १५ गते रोज ४ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CR-१२०८, भ्रष्टाचार, *लोकराज के.सी. वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले पेस गरेको भारतको शिक्षण संस्थाबाट हासिल गरेको आइ.कम. को प्रमाण पत्र सक्कली वा नक्कली के हो भन्ने सम्बन्धमा नेपाल वायु सेवा निगममा गठित नक्कली शैक्षिक योग्यता प्रमाण पत्र छानबिन टोलीबाट छानबिन हुँदा निर्क्योल हुन नसकेको कारण निगमबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उच्च माध्यामिक शिक्षा परिषद्मार्फत उक्त प्रमाण पत्र प्रमाणीकरणका लागि पठाएकोमा बिहार इन्टरमिडियट एजुकेशन काउन्सिल, पटनाबाट "समिति अभिलेखकेअनुसार Code ३४२१ मे २०११५ तक क्रमाङ्क है। प्रस्तुत अङ्क पर गलत है" भनी लेखी आएको पाइने।

विशेष अदालतको आदेशले प्रतिवादी लोकराज के.सी.ले बिहार इन्टरमिडियट एजुकेशन काउन्सिल पटनाबाट प्राप्त गरेको प्रमाण पत्रको सत्यापन गरी पठाउन उच्च माध्यामिक शिक्षा परिषद्लाई लेखी पठाएकोमा उच्च माध्यामिक शिक्षा परिषद्बाट प्रमाण पत्र प्रमाणीकरणका लागि खटाएको टोलीले बिहार विद्यालय परीक्षा समितिको अभिलेख रूजु गर्दा मूल रेकर्डमा क्रमाङ्क २०११५ सम्म मात्र रहेको तर निजको रोल क्रमाङ्क २०११६ भएकाले गलत देखिएको भनी प्रतिवेदन पेस गरेको देखिँदा पुनरावेदक प्रतिवादीको प्रमाण पत्रको पुनः प्रमाणीकरण हुनुपर्ने अवस्था नदेखिने।

प्रतिवादी लोकराज के.सी. ले प्राप्त गरेको आइ.कम. को प्रमाण पत्र त्रि.वि.वि. मार्फत प्रमाणीकरण हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर रहेको तर्फ विचार गर्दा प्रतिवादीले सन् १९९५ मा आइ.कम. को प्रमाण पत्र प्राप्त गरेको भन्ने निजले पेस गरेको प्रमाण पत्रबाट देखिन्छ । उक्त प्रमाण पत्रको पटक पटक प्रमाणीकरण भइसकेपछि मात्र आफ्नो प्रमाण पत्र प्रमाणीकरण गर्ने निकाय मिलेन भनी पुनरावेदकले दाबी लिएको पाइन्छ । आफूले प्राप्त गरेको प्रमाण पत्र सक्कली हो भनी दाबी लिने प्रतिवादीले सो प्रमाण पत्रको सम्बन्धमा छानबिन सुरू भएपश्चात् सबै प्रमाणहरू पेस गरी उक्त प्रमाण पत्र सक्कली रहेको भनी पुष्टि गर्न नसकी ती प्रमाण पत्रको पटक पटक प्रमाणीकरण गर्न आग्रह गरेअनुसार नै उक्त प्रमाण पत्रको प्रमाणीकरण भई ती प्रमाण पत्र नक्कली रहेको भनी प्रमाणित भएपछि आफ्नो गल्तीलाई ढाकछोप गर्ने गलत नियतले प्रमाणीकरण गर्ने निकायमाथि नै क्षेत्राधिकारको प्रश्न खडा गरेको देखिँदा निजको

जिकिरसँग सहमत हुन नसकिने।

यसरी प्रतिवादी लोकराज के.सी.ले बढुवा प्रयोजनका लागि निज कार्यरत निकाय नेपाल वायु सेवा निगममा नक्कली प्रमाण पत्र पेस गरेको पुष्टि भएको र नेपालको संविधानको धारा २०(४) ले तत्काल कसुर हुँदाका बखत प्रचलनमा रहेको कानूनबमोजिम सजाय हुने व्यवस्था गरेअनुसार प्रतिवादीको विवादमा आएको आइ.कम. उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण पत्र नेपाल वायु सेवा निगममा मिति २०५५।४।२८ मा पुनरावेदकले भरेको Personal record मा नै उल्लेख गरेको देखिएको हुँदा निजको सो कसुर भ्रष्टाचार निवारण ऐन, २०१७ अनुसारकै कसुर देखिई सो ऐन नै आकर्षित हुने।

अतः उल्लिखित व्यवस्था, तथ्य, आधार र कारणसमेतबाट प्रतिवादी लोकराज के.सी.ले आइ.कम. परीक्षा उत्तीर्ण गरेको भनेको प्रमाण पत्र झुट्टा देखिन आएकाले निजलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा ऐ. दफा १२ र २९(२) बमोजिम रू.५००।– (पाँच सय रूपैयाँ) जरिवाना हुने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७०।५।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल असार १३ गते रोज २ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-WH-००५७, बन्दीप्रत्यक्षीकरण, *मोहनबहादुर वंजारा क्षेत्री वि. नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबारसमेत*

निवेदक MD Sabir Ahimed Chaudhary समेतउपर कल बाइपास गरी नेपाल दूरसञ्चार ऐन, २०५३ को दफा ४७(५) को कसुरमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएकोमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१२।१६ मा फैसला हुँदा निज प्रतिवादी एम.डी.साविर अहमद चौधरीलाई नेपाल दूरसञ्चार ऐन, २०५३ को दफा ४७(५) बमोजिम १ वर्ष कैद सजाय ठहर गरी फैसला भएकोमा सो फैसलाबमोजिम कैद भुक्तान गरिसकेको भन्ने निवेदनमा खुलाएको देखिँदा निवेदक विदेशी नागरिक रही निजले नेपाल कानूनबाट निषेधित कार्य गरेकोमा कसुरदार ठहर भई सजायसमेत पाएको भन्नेमा विवाद नदेखिने।

कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा संविधान र कानूनविपरीत हुने गरी कसैले पनि अङ्कुश लगाउन हुँदैन। कुनै व्यक्तिलाई प्रवृत्त भावना राखी निजको वैयक्तिक स्वतन्त्रतामा सङ्कुचन गर्ने वा अपहरण गर्ने कार्य कुनै निकाय वा पदाधिकारीबाट हुन गएको अवस्था छ, छैन भन्ने बन्दीप्रत्यक्षीकरणको माध्यमबाट परीक्षण गरी गैरकानूनी थुना रहेको देखिन आएमा त्यस्तो थुनाबाट मुक्त गर्नका लागि थुनामा राख्ने निकाय वा व्यक्तिकाउपर बन्दीप्रत्यक्षीकरणको रिट जारी हुन सक्ने हुन्छ। थुनाको वैधता परीक्षण गर्दा थुना कानूनसम्मत रहेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिटबाट अदालतले निवेदकलाई सहयोग गर्न नसक्ने।

गृह मन्त्रालयले अध्यागमन कार्यविधि, २०६५ जारी गरी कार्यान्वयनमा ल्याएको पाइन्छ। उक्त कार्यविधिको दफा ६.३(१) मा विदेशी नागरिकलाई निजको देशमा निष्काशन नगरेसम्म अध्यागमन विभागले तोकेको स्थानमा रहनु पर्ने भन्ने व्यवस्था रहेको छ। जसअनुसार "निष्काशन हुने व्यक्ति निष्काशन नहुँदासम्म विभागले तोकेको स्थानमा बस्नु पर्ने र नेपालबाट प्रस्थान गर्दा लाग्ने खर्च आफैँले व्यहोर्नु पर्नेछ" भनी स्पष्ट व्यवस्था रहेको।

प्रचलित अध्यागमन ऐन, नियम वा प्रचलित कानूनविपरीत कार्य गरेबापत सजाय पाएका विदेशीलाई निष्काशन गर्न गृह मन्त्रालयमा पेस गरी निर्णय भएपछि निष्काशन गर्ने व्यवस्था रहेअनुसार विपक्षी निवेदक MD Sabir Ahimed Chaudhary बङ्गलादेशका

नागरिक भई दूरसञ्चार कल बाइपास मुद्दामा सजाय पाएका व्यक्ति रहेका र निजसमेत प्रतिवादी भएको उक्त कल बाइपास मुद्दामा पुनरावेदन अदालतमा पुनरावेदन परी विचाराधीन रहेको हुँदा निजको हकमा अध्यागमन कार्यविधि, २०६५ को दफा ६.३(२) को ५ बमोजिम फैसला भएको २ वर्षसम्म नेपाल प्रवेश गर्न नपाउने गरी निष्काशन गर्ने सिलसिलामा कानूनबमोजिम नै स्थान तोकी अध्यागमन विभागमा राखिएको भन्ने अध्यागमन विभागको लिखित जवाफसमेतबाट खुल्न आएको हुँदा निजको देशमा निष्काशन गर्ने प्रयोजनका लागि कानूनबमोजिम अध्यागमन विभागले स्थान तोकी राखेको कार्यलाई गैरकानूनी थुना भन्न नमिल्ने।

अतः माथि विवेचित तथ्य एवम् कानूनी व्यवस्थासमेतको आधारमा निवेदक विदेशी नागरिक भई नेपालको कानूनबमोजिम फौजदारी कसुरमा सजाय पाएका व्यक्ति भई कानूनबमोजिम निजको देशमा निष्काशन गर्नुपर्ने अवस्थाका व्यक्तिसमेत रहेको देखिँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

यद्यपि नेपालको फौजदारी कानूनबमोजिम फौजदारी कसुरमा सजाय पाएका विदेशी नागरिक भएको भन्ने आधारमा मात्र लामो समयसम्म निजलाई Deport नगरी कुनै निश्चित स्थानमा राखी राख्दा निजको वैयक्तिक स्वतन्त्रताको अपहरण हुन जान्छ। सम्बन्धित निकायले समयमै पूरा गर्नुपर्ने प्रक्रिया समयमा पूरा नगरेको कारण कसैको पनि वैयक्तिक स्वतन्त्रता लामो समयसम्म अपहरण भइरहनु न्यायको दृष्टिमा उपयुक्त र न्यायोचित नहुने हुँदा निष्काशन गर्ने प्रक्रिया ७ दिनभित्र पूरा गरी निवेदकलाई निजको देशमा Deport गर्नु भनी गृह मन्त्रालयका नाममा निर्देशन जारी हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल असार १२ गते रोज १ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-WH-००४६, बन्दीप्रत्यक्षीकरण, *बिमाया सार्की वि. पाँचथर जिल्ला अदालत फिदिमसमेत*

आफ्नो विरूद्धमा फौजदारी मुद्दा परी सो मुद्दाको कारबाहीको सम्बन्धमा मिति २०६५।१।२० मा निवेदकको नामको अंशसमेत रोक्का भएको भन्ने विपक्षी पाँचथर जिल्ला अदालत तथा चितवन जिल्ला अदालतको लिखित जवाफबाट खुल्न आएकोमा सो कुरालाई निवेदकले अन्यथा भन्न सकेको देखिएन। निवेदकसमेत उपर परेको जीउ मास्ने, बेच्ने र ठगी मुद्दामा मिति २०६९।१।२२ मा निवेदकको हकमा उक्त मुद्दा फैसला भई निवेदकलाई कसुरदार ठहर गरी कैद तथा जरिवानासमेत गर्ने निर्णय भएको र सो फैसलाबमोजिमको कैद तथा जरिवानाको लगत असुल गर्ने प्रयोजनार्थ निवेदकलाई पक्राउ गरी थुनुवा पुर्जीसमेत दिई थुनामा राखेको भन्ने चितवन जिल्ला अदालतसमेतको लिखित जवाफबाट देखिन आयो। तर निवेदकको विरूद्धमा पाँचथर जिल्ला अदालतमा जीउ मास्ने बेच्ने तथा ठगी मुद्दा दायर भई सो मुद्दाको कारवाहीको क्रममा मिति २०६५।१।२० मा नै चितवन जिल्ला अदालतबाट निवेदकका नामको अंश रोक्का गरी मुचुल्कासमेत खडा गरेको भन्ने कुरालाई अन्यथा भन्न नसकी सो कुराको बारेमा निवेदनमा केही उल्लेखसम्म नगरी उक्त तथ्यलाई लुकाई प्रस्तुत निवेदन दिएको भन्ने देखिने।

अदालतमा उपचारका लागि प्रवेश गर्ने व्यक्तिले सफा हात लिई अदालत प्रवेश गरेको अवस्थामा मात्र अदालतले सहयोग गर्न सक्छ। फौजदारी मुद्दामा भएको सजायबाट बच्ने दुषित मनसाय लिई अदालत प्रवेश गरेको अवस्थामा त्यस्तो व्यक्तिलाई अदालतले सहयोग गर्न सक्दैन।

फौजदारी कानूनको उल्लङ्घनमा सक्षम अदालतबाट कानूनबमोजिमको सजाय निर्धारण गरी सो सजाय असुलीको सम्बन्धमा पक्राउ परेपछि उक्त सजायबाट बच्ने दुषित मनसाय राखी प्रस्तुत निवेदन परेको भन्ने पाँचथर जिल्ला अदालतमा दायर भएको जीउ मास्ने बेच्ने र ठगी मुद्दामा चितवन जिल्ला अदालतबाट मिति २०६५।१।२० मा नै निवेदकको नामको अंश रोक्का भएको तथ्य लुकाई निवेदन दिएकोबाट पुष्टि हुन आयो । यसरी दुषित मनसायबाट परेको निवेदनको रोहबाट निवेदकलाई अदालतले सहयोग गर्न नसक्ने हुँदा निवेदकको थुना कानूनविपरीत भएको भन्न नमिल्ने।

अतः उल्लिखित तथ्य एवम् विवेचित आधारबाट निवेदकउपर परेको जीउ मास्ने बेच्ने तथा ठगी मुद्दामा भएको फैसला कार्यान्वयनको सिलसिलामा निवेदकलाई कानूनअनुसार पक्राउ गरी थुनुवा पुर्जीसमेत दिई थुनामा राखेको देखिँदा फैसला कार्यान्वयनका लागि सक्षम निकायबाट थुनुवा पुर्जी दिई थुनामा राखेको कार्यलाई गैरकानूनी थुना भन्न मिल्ने अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। निवेदन खारेज हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल असार १२ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-WO-०६८३, उत्प्रेषण / परमादेश, *बिमाया सार्की वि. पाँचथर जिल्ला अदालत फिदिमसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०९५१ र ०६८-CR-०९८१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सन्तु सार्की र रामबहादुर सार्की वि. नेपाल सरकार*

घटनास्थल तथा लासजाँच मुचुल्का हेर्दा कपाल पूरै रगतले भिजेको, अनुहारमा रगतले भिजेको, दाहिने आँखी भौंमाथि निलो डाम भएको, निधार, टाउकोमा निलोडाम भएको, टाउको पछाडिपट्टी १ इन्च लामो, आधा इन्च चौडा, १ से.मि. गहिरो घाउ भई रगत बगेको भन्ने देखिन्छ भने शव परीक्षण प्रतिवेदन हेर्दा Cause of Death मा Head Injury भन्ने उल्लेख भएको देखिन आएकोले मृतकको मृत्यु कर्तव्यबाट भएकोमा विवाद नदेखिने।

अब मृतकलाई कर्तव्य गरी मार्नमा प्रतिवादीहरूको संलग्नता छ छैन भन्ने सम्बन्धमा प्रतिवादी रामबहादुर सार्कीको हकमा विचार गर्दा प्रतिवादी रामबहादुर सार्कीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज हेर्दा मिति २०६६।१२।२६ गतेका राति म खाना खाई हात धोइरहेको अवस्थामा काका सन्तु सार्की मेरो घरमा आई सुकबहादुर सार्की र निजकी श्रीमती बाटुदेवीले गाली गरी रहेकोले एक चोटी सम्झाई बुझाई गरी नसम्झे तिनको मुख फोडी बराबर गरौं भनी भन्दा सम्झाउन भनी गएको र सम्झाउँदा जाहेरवालाले मलाई दाउराले हानिरहँदा मैले धकेल्दा नजिकै रहेको खटियामा ठोकिएको र मृतक बाटुदेवीले एक्कासी मेरो टाउकोमा दाउराले हान्दा रिस उठी बाँसको डण्डाले बाटुदेवी सार्कीको टाउकोमा हान्दा एकै चोटमा मरी हाली सो घटनापछि सन्तु घटनास्थलमा पुगेको र घट्ना पछि सन्तु र म दुवै भागी गएका हौं भन्ने व्यहोरा उल्लेख गरी आरोपित कसुरमा पूर्णतः साबित भई बयान गरेको देखिने।

अ.बं. ११५ नं. बमोजिम बुझिएकी उजली सार्कीले अदालतमा आई गरेको बकपत्र हेर्दा घटना भएको दिन मेरा श्रीमान् रामबहादुर सार्की र सन्तु सार्कीलाई मृतकले गाली गरेकी थिइन । मृतकलाई गाली नगर्नुस् भनी सम्झाउँदा जाहेरवाला सुकबहादुर सार्कीले नजिकै भएको दाउराले रामबहादुर सार्कीलाई पिट्दा रामबहादुर सार्कीको टाउकोमा घाउ भई रगत पनि आएको थियो । त्यसैगरी जाहेरवाला सुक

सार्कीको टाउकोमा खाटमा ठोक्किदा घाउ भएको थियो। लोग्नेलाई घाउ भएको देखेपछि मृतक बाटुदेवी सार्कीले पनि लठ्ठी ल्याई दोहोरो हानाहान हुँदा घाउ भई मृतकको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको बकपत्र गरिदिएको देखिन्छ । त्यसैगरी बाटुलाई सम्झाउन गएकोमा सम्झाउने क्रममा आपसमा दोहोरो लठ्ठी हानाहान भई मृतकको मृत्यु हुन गएको हो भन्ने सरस्वती सार्कीले गरेको बकपत्रसमेतका आधारमा मृतक बाटुदेवी सार्कीको मृत्यु प्रतिवादी रामबहादुर सार्कीकै प्रहारबाट हुन गएको पुष्टि हुने।

प्रस्तुत मुद्दाको घटनाक्रमलाई हेर्दा प्रतिवादीमध्येका सन्तु सार्कीले आफूलाई मृतक बाटुदेवीले सधैं गाली गलौज गर्ने गरेकोले सम्झाइदिनु भनी प्रतिवादी रामबहादुर सार्कीलाई अनुरोध गरी आफ्नो घरतिर लागेको देखिन्छ । यी प्रतिवादी रामबहादुर तत्काल सम्झाउन भनी बाटुदेवीको घरमा गएको र सम्झाउन लाग्दा जाहेरवालाले मलाई दाउराले हानी रहँदा मैले धकेल्दा नजिकै रहेको खटियामा ठोक्किएको र मृतक बाटुदेवीले एक्कासी मेरो टाउकोमा दाउराले हान्दा रिस उठी बाँसको डण्डाले बाटुदेवी सार्कीको टाउकोमा हान्दा एकै चोटमा मरि हाली सो घट्नापछि सन्तु घटनास्थलमा पुगेको र घट्ना पछि सन्तु र म दुवै भागी गएका हौं भनी बयान गरेको देखिन्छ। वारदातको अवस्थालाई विश्लेषण गर्दा मृतक र प्रतिवादीका बीचमा पूर्व रीसईवी भएको देखिँदैन भने गाली गलौजको विषयमा सम्झाउन जाँदा आफैँलाई प्रहार गरेको र हानाहानकै क्रममा घटनास्थलमैं भेटिएको बाँसको लठ्ठिले प्रहार गरेको देखिँदा प्रस्तुत वारदात उपर्युक्त मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. ले परिभाषित कसुर अपराध रहेको पुष्टि हुन आएकोले सुरू तथा पुनरावेदन अदालतले प्रतिवादी रामबहादुर सार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम गरेको सजाय मिलेको देखिन आएन। निज प्रतिवादी रामबहादुर सार्कीलाई ऐ. को १४ नं. बमोजिम सजाय गर्नुपर्ने।

प्रतिवादी सन्तु सार्कीले मृतक बाटुदेवी सार्कीलाई मार्न कुनै षड्यन्त्र गरेको अवस्था मिसिल संलग्न कागजातहरूबाट देखिँदैन। निज सन्तु सार्की आइपुग्नुभन्दा अगावै मृतक बाटुदेवी सार्की र प्रतिवादी रामबहादुर सार्कीको बीचमा भएको कुटपिटबाट मृतक बाटुदेवी सार्कीको मृत्यु भइसकेको अवस्था देखिन्छ। साथै प्रत्यर्थी प्रतिवादी सन्तु सार्कीले मृतक बाटुदेवी सार्कीलाई मार्नमा ज्यानसम्बन्धीको १६ नं. बमोजिम षड्यन्त्र गरेको अवस्था मिसिल संलग्न कागजातबाट पुष्टि भएको देखिँदैन। ठोस सबुत प्रमाणको अभावमा पुनरावेदन अदालत, महेन्द्रनगरले प्रतिवादी सन्तु सार्कीलाई आरोपित अभियोगबाट सफाइ दिने गरी गरेको फैसला मिलेकै देखिँदा अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

अतः माथि विश्लेषण गरिएका कानूनी व्यवस्था, आधार कारण र प्रमाणसमेतबाट रामबहादुर सार्कीले मृतकलाई तत्काल उठेको रिसको कारणबाट बाँसको लाठीले टाउकोमा प्रहार गरेको कारणबाट मृतकको मृत्यु हुन गएको पुष्टि हुन आएकोले निजलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा १३(३) नं. बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय हुने ठहर गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६८।७।२९ मा भएको फैसला केही उल्टी भई ऐजनको १४ नं. बमोजिम १० वर्ष कैदको सजाय हुने ठहर्छ। प्रतिवादी सन्तु सार्कीको हकमा निजले सम्झाई दिने अभिप्रायले गुहार मागेको भन्ने देखिएको तर मृतकलाई मार्नलाई षड्यन्त्र गरेको भन्ने प्रमाणित हुन आएको नदेखिँदा निजलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।७।२९ को फैसला मिलेकै देखिँदा सदर

हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल असार ६ गते रोज २ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-RC-००३२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शोभाकान्त भाट (पौडेल) समेत*

आफ्नो लोग्ने शोभाकान्तसँग रहेको सम्बन्धबाट रिस उठी माइत जान्छु भनी अरिंगाल पोल्न गएको लोग्नेलाई भनी बाटैबाट फर्किएर आई खाटमुनी ३, ४ घण्टा लुकेर बसी राति आफ्नो लोग्नेको विस्तरामा सुत्न आएपछि रातको समयमा मृतकको श्वासप्रश्वासमा अवरोध पुग्ने गरी मृतकको घाँटीमा चोट पुऱ्याएको भन्ने उपर्युक्त परिस्थितिजन्य प्रमाणहरूले स्पष्ट देखाइरहेको पाइने ।

कुटपिटको परिणामबाट नै मृतक पार्वतीको मृत्यु भएको लास जाँच प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट देखिइरहेको छ । वारदातको रातमा मृतक पार्वती र प्रतिवादीहरू शोभाकान्त, निजका श्रीमती देवी गुरूङको भेटघाट भई झैझगडा भएको तथ्यमा विवाद छैन। सोको भोलिपल्ट प्रतिवादीहरूको घरको मुनी कोदोबारीमा रहेको बेडुलाको रूखमा मृतक झुण्डिइरहेको अवस्थामा फेला परेको देखिन्छ। मृतक पार्वतीउपर राति भेटघाट भई झगडा वादविवाद कुटपिट हुनु, मृतकको शरीरको घाँटीलगायत विभिन्न भागमा घा चोट परेको देखिनु, ती वस्तुगत प्रमाण र परिस्थितिजन्य प्रमाणहरूले प्रतिवादी शोभाकान्त र निजकी पत्नी देवी गुरूङ पौडेलले नै मृतक पार्वतीलाई कर्तव्य गरी मारेको भन्ने पुष्टि हुन आउने ।

प्रतिवादी लक्ष्मी पौडेल नाबालिग भएकी र निजले मृतक पार्वतीलाई मार्नुपर्ने कुनै कारण नदेखिएको, राति सँगै सुतेकी पार्वती निद्राबाट बिउँझिदा नदेखेको भनी निज प्रतिवादीले बयान गरेको देखिन्छ । निज प्रतिवादी लक्ष्मी पौडेल, पार्वती र प्रतिवादी शोभाकान्त एउटै कोठामा सुतेको भन्ने तथ्य नै भ्रमपूर्ण रहेको भनी मृतकलाई मार्ने परिपञ्चमा यी प्रतिवादी संलग्न रहेको भन्ने कुनै तथ्यबाट पुष्टि भएको नपाइएको र स्कूल बिदा भएकोले दशैं तिहार मनाउन घरमा आएकी नाबालिका प्रतिवादी लक्ष्मी पौडेलले मृतक पार्वतीलाई घरमा राति एक्लै सुत्नुपर्ने परिस्थितिका कारण सुत्न बोलाएको पुष्टि हुन आएकोले निज प्रतिवादी लक्ष्मी पौडेलले आरोपित कसुर गर्नमा संलग्न रहेको देखिएन । तसर्थ प्रतिवादीहरू शोभाकान्त र देवी गुरूङलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय गर्ने र प्रतिवादी लक्ष्मी पौडेललाई आरोपित कसुरबाट सफाइ दिने गरी मिति २०७०।२।८ मा सुरू स्याङ्जा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

पुनरावेदन अदालत, पोखराले प्रतिवादीहरू देवी गुरूङ पौडेल र शोभाकान्त पौडेललाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ (सात) वर्षको कैद हुन व्यक्त रायका सन्दर्भमा विचार गर्दा यसमा कसुर गर्दाको परिस्थिति र कसुर गर्नुपर्ने उत्पत्ति भएका कारण, कसुरको मात्रा, अवस्थालाई, विवेकसङ्गत रूपमा विचार गर्दा मागबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने हुँदा अ.बं. १८८ नं. नम्बरको प्रयोग गर्नुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी शोभाकान्त पौडेल तथा मृतक पार्वती पौडेल एउटै विस्तरामा सुतेको फेला पारेपछि घटना घट्न गएको समग्र घटनाक्रमबाट देखिन आएको छ। मृतक स्वयम् प्रतिवादीको घरमा राति सुत्न आएको देखिन्छ। यस स्थितिमा प्रस्तुत मुद्दामा भएको तथ्य घटना र वारदात हुँदाको परिस्थितिसमेतलाई विचार गर्दा ऐनबमोजिम प्रतिवादीहरूलाई सजाय हुँदा चर्को पर्ने देखिँदा प्रतिवादीहरू शोभाकान्त भाट

पौडेल र देवी गुरूङलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ७ (सात) हुनुपर्ने भनी व्यक्त गरेको राय न्यायको रोहमा मिलेकै देखिन आउने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल वैशाख ३० गते रोज ५ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०५६१, ०७०-CR-१०५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दीपक राई र रविन्द्र श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी रविन्द्र श्रेष्ठले अदालतको बयानमा मृतक अत्याधिक मादक पदार्थ सेवन गरी आफैँ पिच रोडमा ढली मृत्यु भएको भनी लेखाएको भए तापनि सो कुरा विश्वासयोग्य देखिएन। प्रतिवादी आफैँ पिच रोडमा ढली लडी मृत्यु भएको भए टाउकोको एकातर्फको भागतिर मात्र घाउ चोट लाग्नुपर्नेमा निजको टाउकोको बीच भागमा १ इन्च गहिरो घाउ भएको, कपाल लुछिएको, नाक, कान र मुखबाट रगत आएको र निजको अण्डकोषसमेत सुन्निएको तथा रोडमा समेत १ फिट रगत बगेको भन्ने व्यहोरा लासजाँच प्रकृति मुचुल्काबाट देखिन आएको कुरा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानसँग मिल्न भिड्न आएको देखिन्छ। निज प्रतिवादीले अदालतमा गरेको बयानलाई अन्य कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको अवस्थासमेत नभएको कारणबाट यी प्रतिवादीले नै बाटोमा लुकीछिपी मृतकलाई कुटपिट गरी सोही चोटबाट मृतकको मृत्यु भएको कुरा पुष्टि हुन आएकोले यी प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मृतकको श्रीमती मनमाया नेपालीको किटानी जाहेरी, लासजाँच प्रकृति मुचुल्का, होटल साहु राजु श्रेष्ठले अधिकारप्राप्त अधिकारी तथा अदालतमा गरेको बकपत्रलगायतका मिसिल संलग्न आधार प्रमाणहरूबाट प्रतिवादी रविन्द्र श्रेष्ठको कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि हुन आएको देखिएकाले पुनरावेदन अदालत, धनकुटाबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित कानूनी व्यवस्था तथा मिसिल संलग्न तथ्य र कारणहरूबाट प्रतिवादी रविन्द्र श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी र प्रतिवादीहरू दीपक राई र धनकुमार राईलाई आरोपित कसुरमा सफाइ दिने गरी सुरू धनकुटा जिल्ला अदालतबाट मिति २०६८।११।२९ मा भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६९।१०।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः अर्जुनप्रसाद कोइराला

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०६८४, ०६८-CR-०५९८, कर्तव्य ज्यान, *भरतबहादुर रोकायासमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. विष्णुबहादुर रोकायासमेत*

प्रतिवादी भरतबहादुर रोकायाले मृतकलाई आफूले खुकुरीजस्तो जोखिमी हतियारले प्रहार गरेकोमा अन्यथा भन्न सकेको देखिँदैन। खुकुरीजस्तो जोखिमी हतियारले प्रहार गर्दा मानिसको मृत्यु हुनसक्ने कुरामा सामान्य समझको जो कसैलाई पनि ज्ञात हुनसक्ने नै देखिन्छ। उक्त मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा वर्णित व्यवस्थाअनुसार अपराधमा जोखिमी हतियारको प्रयोगलाई बन्देज लगाएको अवस्था छ। तसर्थ प्रतिवादीले खुकुरी जस्तो जोखिमी हतियारले प्रहार गरेको र खुकुरी जस्तो जोखिमी हतियारले प्रहार गर्दा मानिसको मृत्यु हुन सक्ने प्रवल

सम्भावना रहेको भन्ने स्पष्टरूपमा देखिएको अवस्थामा पुनरावेदन अदालत, दिपायलले प्रतिवादी भरतबहादुर रोकायालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. को कसुर कायम गरी सजाय गर्ने गरेको फैसला मिलेकै देखिँदा अन्यथा गरिरहनु पर्ने देखिन आएन। उक्त फैसला उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम सजाय गरिपाउँ भन्ने प्रतिवादी भरतबहादुर रोकायाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वस्तुस्थिति मुचुल्काका मानिस मिनबहादुर कडायत, जनकबहादुर कडायत, प्रहरीमा कागज गर्ने गिरी कडायत तथा वसन्तबहादुर रोकायाले प्रतिवादी विष्णुबहादुर र प्रतिवादी भरतको हातमा खुकुरी थियो। मृतकमाथि प्रहार गर्ने भरत रोकाया र विष्णुबहादुर रोकाया हुन भनी अदालतमा गरेको बकपत्र तथा सहप्रतिवादीहरूले प्रतिवादी विष्णुबहादुर वारदातस्थलमा खुकुरीजस्तो धारिलो हतियारसहित मौजुद रहेको भनी पोल गरी बयान गरेको र आफू घरमा आएपछि होहल्ला भइराखेको, मानिसहरू निजको घर बाहिर जम्मा भएका आफू पश्चिम पट्टिको ढोकाबाट भित्र पसेको भित्र पसेपछि भरतबहादुर रोकायाले "मैले मृतक लोकेन्द्रबहादुर रोकायालाई खुकुरीले हानेर मारिसके तपाई बाहिर जानुहोस्" भनी आफूलाई भनेपछि मात्र थाहा पाएँ र भित्र बसेको हुँ भन्ने व्यहोरा उल्लेख गरी वारदातस्थलमा मौजुद रहेको कुरालाई स्वीकारै गरी बयान गरेको समेतका आधार र कारणसमेतबाट प्रतिवादी विष्णुबहादुर रोकायाको हकमा पुनरावेदन अदालत, दिपायलले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (१) नं. बमोजिम सजाय गर्ने गरेको फैसला मिलेकै देखिँदा अन्यथा गरिरहनु पर्ने देखिएन। आरोपित कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादी विष्णुबहादुर रोकायाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अब अन्य प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय ठहर गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा प्रतिवादी भरतबहादुर रोकाया र विष्णुबहादुर रोकायाको हकमा माथि विश्लेषण गरिएका आधार र कारणबाट निजहरूको हकमा पुनरावेदन अदालतको फैसला सदर हुने ठहरेको र प्रतिवादी बमबहादुर रोकाया प्रतिवादी विष्णुबहादुर रोकायासँगै घटनास्थलमा खुकुरी तथा छुरी हातमा लिई मौजुद रहेको भन्नेसम्म देखिएको र निजहरूले नै प्रहार गरेको भन्ने देखिएको पाइँदैन। जाहेरवालाको जाहेरी दरखास्त अदालतमा आई गरेको बकपत्रबाट प्रतिवादीहरूकै प्रहारबाट मृतकको मृत्यु भएको भन्ने स्पष्टरूपमा खुल्न नआएको, प्रहरीमा कागज गर्ने र वस्तुस्थिति मुचुलकाका मानिसहरूले अदालतमा आई गरेको बकपत्रबाट यी प्रतिवादीहरूले मृतकलाई प्रहार गरेको भन्ने स्पष्टरूपमा खुल्न आएको देखिँदैन। निज प्रतिवादीहरू वारदातस्थलमा भाला खुकुरी तथा छुरी हातमा लिई उपस्थित रहेको र प्रहार गरेको भन्ने नदेखिएकोले मार्ने संयोग पारीदिनसम्मका मतलबी देखिन आएको छ। अन्य प्रतिवादी श्यामबहादुर रोकाया, हासे रोकाया, किणो भन्ने जक्शन रोकाया, भैरवबहादुर रोकाया, सापुदेवी रोकाया, हरिसुवा रोकाया, टिर्कीदेवी रोकाया प्रतिवादी झिमडिदेवीसमेतको कर्तव्य गरी मार्नमा कुनै संलग्नता मिसिल संलग्न कुनै पनि प्रमाणबाट देखिन नआएकोले निज प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत, दिपायलको फैसला मिलेकै देखिन आउने।

अतः विश्लेषण गरिएका आधार कारण र प्रमाणहरूसमेतबाट पुनरावेदक प्रतिवादी भरतबहादुर रोकायालाई ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम सजाय गर्ने गरेकोसम्मको सुरू बझाङ जिल्ला अदालतको फैसला सदर हुने र प्रतिवादी विष्णुबहादुर रोकाया र प्रतिवादी बमबहादुर रोकायाका हकमा ज्यानसम्बन्धी महलको १७(१) नं. अनुसार

हातहतियार साथमा लिई मार्ने स्थलमा मौजुद रहेको देखिएकोले सोही १७(१) नं. बमोजिम जनही कैद वर्ष १० (दश) कैद हुने र अन्य प्रतिवादीहरू हाँसे रोकाया, श्यामबहादुर रोकाया, किणो भन्ने जक्शन रोकाया, भैरवबहादुर रोकाया, टिर्की देवी रोकाया, सापुदेवी रोकाया, झिमडि रोकाया र हरिसुवा रोकायासमेतले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, दिपायलबाट मिति २०६८।३।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख २८ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०२७३, उत्प्रेषण / परमादेश, *अनवर दफाली वि. राजन कोइरालासमेत*

वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बन्द हड्ताललगायतका कार्यहरू भएको हुँदा सो संस्थाबाट प्रदान गरिने सेवा ठप्प भई मानव स्वास्थ्यको उपचारमा प्रभाव परेकोले सो संस्था सुचारू गरिपाउँ भन्ने निवेदकको मुख्य निवेदन दाबी रहेको देखिन्छ । जुन उद्देश्यको लागि प्रस्तुत निवेदन परेको हो सो उद्देश्य पुरा भई वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्रदान गरिने सेवाहरू पूर्ववत् सुचारू भइसकेको भन्ने लिखित जवाफ र बहस जिकिरसमेतको आधारमा प्रस्तुत निवेदनको औचित्य समाप्त भएको देखिन्छ । तसर्थ औचित्य समाप्त भएको देखिँदा प्रस्तुत निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था नदेखिने ।

अतः उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधारमा प्रस्तुत निवेदनमा निवेदकले वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कर्मचारीहरूबाट भएको बन्द हड्ताललगायतका कार्यहरू नगर्नु नगराउनु र यो स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरू पूर्ववत सुचारू गरिपाउँ भनी निवेदन दाबी रहेकोमा वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान मिति २०७१।६।२० को व्यवस्थापन पक्ष र कर्मचारीहरूको सहमति र निर्णयबाट बन्द हड्तालको कार्यक्रम स्थगित गरी स्वास्थ्य सेवा सञ्चालन भइसकेकोले औचित्य समाप्त भएको देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः प्रेम खड्का

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल मङ्सिर २३ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७१-WO-००२८, अदालतको अपहेलना, *अनवर दफाली वि. राजन कोइरालासमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-००३०, भ्रष्टाचार, *विष्णुप्रसाद अधिकारी वि. नेपाल सरकार*

प्रतिवादीले प्राइभेट रूपमा २०५० (१९९३) सालमा परीक्षा दिई प्राप्त गरेको S.L.C. को प्रमाण पत्रको विषयमा उक्त प्रमाण पत्र झुट्टा हो भन्ने विवाद देखिन आई सो विषयमा अनुसन्धान गरी नक्कली देखिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा शैक्षिक योग्यताको झुट्टा प्रमाण पत्र पेस गरी भ्रष्टाचार गरेको भनी मुद्दा चलेको अवस्थामा विशेष अदालत, काठमाडौंको आदेशले पुन: प्रमाणीकरणका लागि नेपाल सरकारको आधिकारिक निकायमार्फत प्रतिवादीले परीक्षा दिई प्राप्त गरेको प्रमाण पत्र दिने भारत सरकारको आधिकारिक निकायसँग २ पटक प्रमाणीकरण गरी प्राप्त गरेको रिपोर्टसँग प्रतिवादीले पेस गरेको प्रमाण पत्रको S.L.C. पास भएको भन्ने उक्त सर्टिफिकेटसँग मिल्न भिड्न

नआई पहिलो पटक माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणसीको पत्रसाथ फारामको कैफियत महलमा "पुष्टित नहीं है" भन्ने लेखी आएको र दोस्रो पटकको सत्यापन ५२१५ दिनांक ३१-१२-१२ को पत्रसाथ प्राप्त प्रमाणीकरण विवरण फारामको बोर्ड अभिलेख सत्यापन महलमा "७९।६००-FAIL" भन्ने लेखिई आएको अवस्थामा प्रतिवादीले पेस गरेको उक्त S.L.C. को प्रमाण पत्र सक्कली हो भन्न सक्ने अवस्था नभएकाले प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादीले सेवा प्रवेशको लागि पेस गरेको माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेशको हाइस्कूल परीक्षा तहको, परीक्षाको प्रमाण पत्र झुट्टा ठहरिएकोले निजले राष्ट्रसेवकको पद प्राप्त गर्ने उद्देश्यले झुट्टा शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरेको देखिँदा विशेष अदालत काठमाडौंबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अत: माथि विवेचित तथ्य एवम् प्रमाणहरूबाट प्रतिवादी विष्णुप्रसाद अधिकारीले कृषि विकास बैंकको लेखापाल पदमा सुरू नियुक्तिको लागि पेस गरेको हाईस्कूल परीक्षाको शैक्षिक योग्यताको प्रमाण पत्र झुट्टा देखिन आएकोले निजले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा निज प्रतिवादीलाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।- (पाँचसय) जरिवाना हुने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०६९।१२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७२ साल मङ्सिर ७ गते रोज २ शुभम्।

**३**

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-०१८६, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. मुनेन्द्र यादवसमेत*

निकासा भएको रकमबाट राष्ट्रसेवक कर्मचारीहरूले आफूलाई फाइदा हुने किसिमबाट रकम निकासा गरेको मिसिल संलग्न आधार प्रमाणबाट देखिँदैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा भएको कानूनी व्यवस्थाअनुसार कुनै राष्ट्रसेवकले आफ्नो पदीय ओहदासम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति लापरवाही वा बद्नियत गरी हिनामिना वा हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा निजी प्रयोगमा ल्याएमा कसुरको मात्राअनुसार दफा ३ बमोजिम सजाय हुनेछ र सरकारी सम्पत्ति हानि नोक्सानी गरी दुरूपयोग गर्ने लाई हानि नोक्सानी भएको बिगोसमेत भराई सजाय हुने व्यवस्था रहेको देखिन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जुन रकमलाई भ्रष्टाचार गरेको भनी आरोप लगाएको छ। उक्त रकम शिक्षा कार्यालय**ले** बेरूजु भयो भनी बेरूजु रकम दाखिला गर्न म्याद दिई सूचना जारी गरेको देखिएको र सो रकम दाखिलासमेत भइसकेको अवस्थामा नियमित नभएको भनी बेरूजु देखाइएको रकमलाई हानि नोक्सानी गरी भ्रष्टाचार गरेको भन्न मिल्ने अवस्था नदेखिएबाट वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

भ्रष्टाचारको कसुर कायम हुन निकासा रकम खर्च गर्ने वा निकासा दिनेले निकासा दिदा, लिँदा वा खर्च गर्दा सरकारलाई हानि नोक्सानी गर्ने मनसाय वा आफूले त्यसबाट केही दिनु खानु गर्ने नियत वा मनसाय राखेर निकासा, लिए दिएको वा खर्च अपारदर्शीरूपमा गरी त्यसबाट आफूसमेतले केही लिनु खानु गरी आर्थिक लाभ लिने उद्देश्य लिएको वा लिने खाने बदनियत राखेको हुनु पर्दछ। प्रतिवादीहरूले दिएको निकासा वा गरेको खर्च उपर्युक्तअनुसार बद्नियत राखी दुषित मनसायबाट भएको हो भन्ने तथ्य वस्तुनिष्ट प्रमाणबाट वादीले पुष्टि गर्न सकेको नदेखिएकाले विशेष अदालत काठमाडौंबाट भएको फैसलालाई अन्यथा

भन्न नमिल्ने ।

अब प्रतिवादीमध्येका मुनेन्द्र यादव, रविन्द्र कुमार यादव र योगेन्द्र मरिक यादवका हकमा बिगो रू.३,८३,७१४।९५ तथा प्रतिवादी खडानन्द पराजुलीको हकमा रू.१,८०,२९८।-, प्रतिवादी दिलिप कुमार ठाकुरको हकमा बिगो रू.१,०९,१६८।७५ र प्रतिवादी शम्भुप्रसाद भट्टराईको हकमा बिगो रू.१,०९,३१४।९५ हिनामिना गरी भ्रष्टाचार गरेकोले प्रतिवादीउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा ३(१) र ३(१) (घ) बमोजिम कारवाही भई सजाय हुन आरोपपत्र दायर भएकोमा प्रतिवादी पक्षबाट पेस हुन आएको मिति २०७१।३।२२ र २०७१।११।१० मा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिरहा शाखाको राजश्व खातामा नगद दाखिला गरेको, दाखिला भौचर र जिल्ला शिक्षा कार्यालय, सिरहाको च.नं. २५१२ मिति २०७१।११।१२ र च.नं. २६०४ मिति २०७१।११।२० जो जससँग सम्बन्ध छ भन्ने पत्रबाट श्री जनभावना प्रा.वि. सिसवनी राधोपुर-६ लाई निकासा भएको रकम पेस्की फछ्र्यौट सरह राजश्वमा दाखिला भई प्रतिवादीहरूसँग बाँकी रहेको वा हिनामिना गरेको भन्ने देखिन नआएको र शिक्षा मन्त्रालय शिक्षा विभागको मिति २०७१।३।१७ को गोरखा पत्रमा प्रकाशित सूचनाबमोजिम निकासा रकम फछ्र्यौट भई प्रतिवादिहरूसँग जिम्मा बाँकी रहे भएको भन्ने देखिन नआउँदा प्रतिवादीहरू मुनेन्द्र यादव, रविन्द्र कुमार यादव, योगेन्द्र मरिक यादव, शम्भुप्रसाद भट्टराई, खडानन्द पराजुली र दिलीपकुमार ठाकुरउपरको अभियोग दाबी पुग्न सक्दैन भनी अभियोग माग दाबीबाट प्रतिवादीहरूले सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७१।११।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: बिक्रम प्रधान

इति संवत् २०७२ साल पुस ७ गते रोज ३ मा शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-००३६, उत्प्रेषण, *सीता कार्की (अधिकारी) समेत वि. खिम्ती सर्भिसेस प्रा.लि. विजय निवास, झम्सिखेल ललितपुरसमेत*

नियमानुसार भुक्तानी पाउने रकमबाहेक जम्मा रू.७,८७,७५२।- कल्याणकारी कोषबाट निवेदकहरूले भुक्तान लिएको प्रमाणमा आएको मिसिलबाट देखिन्छ । खिम्ति जलविद्युत नेपाल स्वतन्त्र केमिकल तथा आइरन मजदुर युनियनकाबीच भएको त्रिपक्षीय सम्झौतामा आन्दोलनमा हुने खर्च कर्मचारीको तलबबाट सोधभर्ना हुने भनी सहमति भएको देखिन्छ । कल्याणकारी कोषमा रहेको रकम नियमले तोकिएको प्रयोजनका लागि बाहेक अन्य प्रयोजनका लागि खर्च गर्न, आपसमा वितरण गर्न वा कर्मचारीहरूको आन्दोलनको प्रयोजनका लागि खर्च गर्न पाउने देखिँदैन। कानून र नियमले खर्च गर्न अख्तियारी नदिएको विषयमा खर्च गरेको उक्त कल्याणकारी कोषको रकम नियम विपरीत निवेदकहरूले भुक्तान लिएको देखिँदा उक्त रकम खिम्ती सर्भिसेज प्रा.लि.ले सम्बन्धित पक्षबाट असुलउपर गराई कल्याणकारी कोषमा दाखिला गर्नुपर्ने नै देखिन्छ । यसरी निवेदकहरूले काम गरेको अवधिको पारिश्रमिक रकम भुक्तान लिई सकेको र नियमविपरीत भुक्तान भएको रकम कल्याणकारी कोषमा दाखिल गर्नु भनी श्रम कार्यालयको मिति २०६९।१२।८ को निर्णय सदर गरेको श्रम अदालत, काठमाडौंको मिति २०७१।१।१७ को फैसला कानूनसम्मत रहे भएको देखिँदा निवेदन मागबमोजिम उक्त फैसला बदर गर्नुपर्ने अवस्था नदेखिने ।

अतः माथि विवेचित आधार र कारणसमेतबाट निवेदकहरूले पाउनु पर्ने तलब भत्ता तथा अन्य

सेवाको सुविधाहरू सम्बन्धित कामदार कर्मचारीको बैंक खातामा जम्मा गरी भुक्तान भइसकेको मिसिलबाट देखिँदा निवेदन मागबमोजिम विपक्षीको नाममा परमादेशको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१६१७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुरेन्द्रबहादुर चन्द*

घटना तथ्यको रोहमा विचार गर्दा प्रतिवादी सुरेन्द्रबहादुर चन्दसँग मृतक धौलराम ओडले गाई खरिद गरेको र गाईको भुक्तानी दिन बाँकी रहेको पैसा माग्न भनी प्रतिवादी सुरेन्द्रबहादुर चन्दको घरमा गएको तथ्यमा कुनै विवाद रहेको देखिन आएन । पैसा नदिए मार्ने मनसाय थियो कि त भनी विचार गर्दा निजले कुनै जोखिमी हतियार आफूसँग नलगेको र मार्नका लागि कुनै तयारी गरेको मिसिलबाट नदेखिएको यस अवस्थामा मृतकलाई मारी हाल्ने नियत निजको थियो भन्न मिलेन । प्रतिवादी रक्सी सेवन गरेको अवस्थामा मृतकको घरमा रातिको समयमा गएको देखिन्छ । यसप्रकार प्रतिवादी पैसा माग्न जाँदा मार्ने नियत नभए पनि रक्सीको मात लागेको अवस्थामा पुगेको देखियो । प्रतिवादीले आफ्नो पैसा माग्दा मृतक धौलाराम ओडले गाली गरेको कारण प्रतिवादी सुरेन्द्रबहादुर चन्दलाई तत्काल रिस उठ्नु सामान्य समझभित्रकै कुरा हो । निजले रक्सीको मात लागेको कारण रिस थाम्न नसकी लट्ठीले मृतको टाउकोमा प्रहार गर्दा मृतक ढलेको र मृतकलाई घाँटी च्यापी कर्तव्य गरी मारेको भन्ने तथ्य देखिन्छ । उक्त घटना वारदात हेर्दा प्रतिवादीले पूर्वयोजना बनाई मनसायपूर्वक मृतकलाई चोट छाडेको तथा लुकीचोरीकन हानेको अवस्था देखिँदैन । यसैगरी गाईको पैसा पाँच / सात सय रूपैयाँको लेनदेनको विषय ज्यान मार्नेसम्मको रिसइवीको विषय हुनसक्ने पनि नदेखिने ।

प्रतिवादी सुरेन्द्रबहादुर चन्द रक्सी सेवन गरी मातेको अवस्थामा आफूले पाउनु पर्ने पैसा माग्नको लागि मृतकको घरमा रातिको समयमा पुगेको र उक्त लेनदेनको विषयमा कुरा चल्दा मृतकले प्रतिवादीलाई गालीगलौज गरेको कारण प्रतिवादी आवेशमा आई आफ्नो अगाडि तत्काल फेला परेको लट्ठीले प्रहार गरी मृतक ढल्नासाथ तत्कालै घाँटी च्यापेको कारणबाट मृतकको मृत्यु भएको देखिँदा उक्त घटनालाई मनसायप्रेरित हत्या मान्न सकिने अवस्था देखिएन । माथि वर्णित तथ्य र कानूनको विश्लेषणबाट प्रतिवादी सुरेन्द्रबहादुर चन्दले तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई प्रहार गरेको चोटको कारणबाट मृतकको मृत्यु भएको हुँदा निजलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय हुनेगरी ठहर गरेको बैतडी जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको मिति २०६६।३।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल असार २८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-RC-००५६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. होमबहादुर विश्वकर्मा*

मिसिल संलग्न घटनास्थल तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरवाला तथा वस्तुस्थिति मुचुल्काका मानिसले अदालतसमक्ष गरिदिएको बकपत्रसमेतका सबुद प्रमाणको आधारमा प्रतिवादी होमबहादुर विश्वकर्माले आफ्नै श्रीमतीलाई घरायसी विवादका कारण मार्ने नियतले मनसाय पूर्वक मृतकको संवेदनशील अङ्ग टाउकोमा बञ्चरो प्रहार गरी

हत्या गरेको तथ्य शंकारहित रूपबाट पुष्टि हुन आएको हुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर अपराधमा ऐ. १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू ओखलढुंगा जिल्ला अदालतको फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७१।८।१६ को फैसला मिलेको देखिँदा साधक सदर हुने।

प्रतिवादीले श्रीमतीसँग वादविवाद हुँदा तत्काल उठेको रिसले गर्दा बञ्चरो उठाई प्रहार गरेको देखिन्छ । बञ्चरो जोखिमी हतियार भएको र दुईपटक प्रहार गरेको कारणबाट यो कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुरूपको आवेश प्रेरित हत्यामा पर्न सक्ने भएन। साधारण लाठा ढुंगाको प्रयोग भएको अवस्थामा ज्यानसम्बन्धी महलको १४ नं. अनुरूप १० वर्ष कैद सजाय हुनसक्ने थियो होला । तर यहाँ आवेश प्रेरित हत्या भए पनि बञ्चरो जस्तो जोखिमी हतियारको प्रयोग भएको र प्रहार दुई पटक भएको कारणले ज्यानसम्बन्धी महलको १४ नं. अनुरूपको कसुर नभई ऐ. को १३(१) नं.अनुसारको कसुर हुन गएको अवस्था छ । यिनै तथ्यलाई विचार गरी कम सजाय गर्दा ज्यानसम्बन्धी महलको १४ नं. अनुरूप हुने सजाय दश वर्ष कैदलाई मापन आधार बनाई सर्वश्वसहित जन्म कैदभन्दा कम र १० वर्षभन्दा बढी सजाय गर्नु समुचित हुने देखिन्छ । यसरी जोखिमी हतियार बञ्चरोको प्रयोग र दुईपटक प्रहार भएको यस अवस्थामा अ.बं. १८८ नं. अनुरूप प्रतिवदीलाई कैद वर्ष १४ गर्नु न्यायोचित देखियो। तसर्थ पुनरावेदक प्रतिवादीलाई अ.बं. १८८ नं. को प्रयोग गरी १४ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-१६०२, ०७१-CR-०१०१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मनबहादुर वि.क.समेत, दलबहादुर पौडेल वि. नेपाल सरकार*

प्रतिवादी दलबहादुर पौडेलको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको साबिती बयान घटनास्थल तथा लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागजसमेतका मिसिल संलग्न प्रमाणहरूबाट समर्थित भएको देखिँदा मृतकको मृत्यु यिनै प्रतिवादी दलबहादुर पौडलले प्रहारको चोटबाट भएको तथ्य पुष्टि हुन आउने।

वारदात हुँदाका अवस्थामा प्रतिवादी दलबहादुर पौडेल र मृतकका बीचमा वादविवाद भएको भन्ने कुरा कुनै प्रमाणबाट समेत स्थापित हुन आएको देखिँदैन । मृतकलाई योजनावद्धरूपमा मार्ने उद्देश्यका साथ यी प्रतिवादीले मृतक सुतेको खाटमुनि हँसिया लुकाई राखी मृतक निदाएपछि घाँटी जस्तो संवेदनशील अङ्गमा प्रहार गरी मारेको हुँदा यी पुनरावेदकले अभियोग दाबीबाट सफाइ पाउँ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू मनबहादुर वि.क., तुलबहादुर भण्डारी, कौमती रोका र मनमती रोका**ले** अदालतमा बयान गर्दा कसुरमा पूर्ण इन्कार रही बयान गरेको पाइन्छ । मौकामा कागज गर्ने मानिसहरू कसैले पनि मृतकलाई मार्ने कार्यमा यी प्रतिवादीहरूको समेत संलग्नता रहेको थियो भनी लेखाई दिएको मिसिलबाट देखिँदैन । यसरी रातको समयमा घटेको वारदातमा यी प्रतिवादीहरू निद्रामा भइरहेका बखतमा योजनावद्धरूपले दलबहादुर पौडेलले मात्र प्रस्तुत घटना घटाएको अवस्था रहेको पाइन्छ । प्रमाण ऐन,

२०३१ को दफा २५ बमोजिम यी प्रतिवादीहरूको मत सल्लाहमा प्रस्तुत वारदात घटाएको भनी वादी नेपाल सरकारको अभियोग दाबी पुष्टि हुने वस्तुनिष्ठ प्रमाण अभियोजन पक्षबाट पेस गर्न सकेको देखिँदैन। अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन, सो अभियोग प्रमाणद्वारा वस्तुनिष्ठरूपमा पुष्टिसमेत गर्नुपर्नेमा सो गर्न सकेको मिसिलबाट नदेखिँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी दलबहादुर पौडेलले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत घटनाको सम्बन्धमा जस्ताको तस्तै सविस्तार वर्णन गरी न्यायिक कार्यमा सहयोग पुऱ्याएको पाइन्छ । यसरी घटित वारदातको सिर्जना प्रतिवादी दलबहादुर पौडेलका कारणबाट नभई मृतकलै कारणबाट भएको सो कुरा मौकामा कागज गर्ने मानिसहरूसमेतको भनाइबाट समेत पुष्टि भएको समग्र वारदातको परिस्थितिलाई विचार गर्दा यी पुनरावेदक प्रतिवादी दलबहादुर पौडेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिँदा अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद सजाय गर्दा दण्डको उद्देश्यसमेत पूरा हुने हुँदा निज प्रतिवादी दलबहादुर पौडेललाई १५ वर्ष कैद सजाय हुने।

तसर्थ, माथि विवेचित आधार कारण र कानूनी व्यवस्थासमेतबाट प्रतिवादीहरूमध्ये दलबहादुर पौडेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने र अन्य प्रतिवादीहरू मनबहादुर वि.क., तुलबहादुर भण्डारी, कौमती रोका र मनमती रोकाले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको सुरू बागलुङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०७०।११।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-०२१०, कर्तव्य ज्यान, *केशरबहादुर मल्ल ठकुरी वि. नेपाल सरकार*

मृतकको शरीरमा लागेको चोटपटक, गाउँ घरमा बुझिएअनुसार यी प्रतिवादीको कर्तव्यबाट लालकुमारीको मृत्यु भएको हुनुपर्छ भन्ने मौकामा बुझिएका मञ्जु मल्लसमेतले अनुसन्धानका क्रममा लेखाइदिएको पाइन्छ । मृतकको मुखबाट रगत जस्तो तरल पदार्थ बगिरहेको र घुँडाको छालासमेत पिल्सिएको भन्ने वस्तुस्थिति र लासजाँच मुचुलकामा उल्लेख भएको र मृतकको मृत्युको कारण श्वासप्रश्वास अवरूद्ध हुन गई भएको भन्नेसमेत मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान समर्थित भइरहेको देखिँदा प्रतिवादी केशरबहादुर मल्लको कर्तव्यबाटै मृतक लालकुमारी मल्ल ठकुरीको मृत्यु भएको तथ्य पुष्टि हुन आउने।

प्रतिवादी एक्लैले कर्तव्य गरी आफ्नै श्रीमती लालकुमारी मल्ल ठकुरीलाई मारेको हुँदा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला अन्यथा देखिन नआउने।

प्रतिवादीले आफ्नै श्रीमतीलाई मार्ने मनसाय राखी पूर्वयोजना र तयारीका साथ घरको तल्लाबाट लडाई घाइते बनाई झुण्डाई मारेको भन्ने नदेखिई मृतक र प्रतिवादीकाबीचमा बैंकको ऋणका सम्बन्धमा

घरायसी वादविवाद हुँदा मृतकले नै प्रतिवादीलाई पिटेपछि श्रीमतीले हात फिर्काएको झोकमा आवेशमा आई प्रस्तुत वारदात घटित भएको मिसिल संलग्न प्रमाणबाट देखिन आएकोसमेतका समग्र परिस्थितिलाई विचार गर्दा यी पुनरावेदक प्रतिवादी केशबहादुर मल्ललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिएकोले निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष मात्र कैद सजाय गर्नु उपयुक्त हुने भनी पुनरावेदन अदालत, बुटवलबाट व्यक्त भएको रायसमेत मनासिब नै रहेको देखिन आउने।

तसर्थ, उल्लिखित तथ्य, कानून र विवेचित आधार र कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी केशरबहादुर मल्ललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने राय व्यक्त गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।७।९ को फैसला मिलेकै देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-१३४२, कर्तव्य ज्यान, *इमबहादुर घर्तीमगर वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई मार्ने कार्यमा मेरो संलग्नता छैन भनी अदालतमा इन्कारी बयान गरे तापनि उक्त इन्कारी बयान अन्य वस्तुनिष्ठ स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको र निजको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान मिसिल संलग्न प्रमाणहरूबाट वस्तुनिष्ठ तवरले सिलसिलेवार रूपमा समर्थित हुन आएको देखिँदा निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयान प्रमाणमा लिन मिल्ने नै देखिँदा यी प्रतिवादीको कर्तव्यबाटै मृतकहरू पुष्पा घर्तीमगर र खुमबहादुर घर्तीमगरको मृत्यु भएको कुरा पुष्टि हुन आउने।

अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा रक्सी सेवन गरी घर आएकोमा श्रीमतीले गाली गर्दा रक्सीले मातेको झोकमा बञ्चरो प्रहार गरी श्रीमती र छोरालाई मारेको हुँ भनी यथार्थता खुलाई बयान गरेको देखिन्छ। सजायबाट छुट पाउँ भनी जिकिर लिने व्यक्तिले जुन कुराको जिकिर लिएको छ, सो कुरा प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम पुष्टि पनि गर्नुपर्दछ। यी पुनरावेदकले आफूले सजायबाट छुट पाउन लिएको जिकिर प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम पुष्टि गर्न सकेको नहुँदा अभियोग दाबीबाट सफाइ पाउँ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतका आधारमा प्रतिवादी इमबहादुर घर्तीमगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू दाङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।३।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-०९१२, कर्तव्य ज्यान, *मोहमद अमिर आलम वि. नेपाल सरकार*

प्रतिवादीउपरको किटानी जाहेरी दरखास्त, जाहेरवालाको अनुसन्धान अधिकारी र अदालतसमक्षको बयान र बकपत्र, मौकामा बुझिएका

मानिसहरूको मौकाको कागज र अदालतको बकपत्र, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, बरामदी मुचुल्कासमेतका मिसिल संलग्न कागज प्रमाणसमेतबाट मृतकको मृत्यु यी प्रतिवादी कोब्रा भन्ने मोहमद अमिर आलमसमेतको कर्तव्यबाट भएको तथ्य पुष्टि हुन आउने।

प्रतिवादीले प्रहार गरेको जोखिमी हतियार छुरीको चोटबाट मृतकको मृत्यु हुन गएको हुँदा प्रतिवादी कोब्रा भन्ने मोहमद अमिर आलमलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको फैसला अन्यथा देखिन नआउने।

वारदातको समयमा नाबालक रहेको आधिकारिक अभिलेख रहेको देखिने स्पष्ट प्रमाणसमेत निज प्रतिवादीले पेस गरी प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम आफू नाबालक रहेको कुरा प्रमाणित गराउन सकेको नदेखिँदा यी प्रतिवादी घटित वारदातका समयमा नाबालक रहेको भन्ने देखिन नआई निज वयस्क नै रहेको देखिन आउने।

निज प्रतिवादीको उक्त साबिती बयान, बरामदी मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरवाला र मौकामा बुझिएका मानिसहरूको मौकाको कागज र बकपत्र, घटनास्थल तथा वस्तुस्थिति मुचुल्कासमेतका मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूबाट यी प्रतिवादी मृतकलाई कर्तव्य गरी मार्ने वारदातमा संलग्न रहेको कुरा मालाकाररूपमा समर्थित भइरहेको देखिँदा अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भनी यी पुनरावेदक प्रतिवादी कोब्रा भन्ने मोहमद अमिर आलमले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले मृतकलाई मार्ने मनसाय राखी पूर्व योजना र तयारीका साथ छुरी प्रहार गरेको नभई वाद विवाद हुँदाको अवस्थामा एक्कासी आवेशमा आई छुरी प्रहार गर्दा दुर्भाग्यवश कुठाउमा लाग्न गई मृतकको मृत्यु भएको भन्ने कुरा मिसिलबाट देखिन्छ । यसरी यी प्रतिवादीको उमेर, वारदातको समग्र परिस्थितिसमेतलाई विचार गर्दा यी पुनरावेदक प्रतिवादी कोब्रा भन्ने मोहमद अमिर आलमलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिँदा निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुन उपयुक्त हुने भनी पुनरावेदन अदालत, इलामबाट व्यक्त भएको रायसमेत मनासिब नै देखिन आउने।

अतः उल्लिखित तथ्य, कानून तथा विवेचित आधार र कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी कोब्रा भन्ने मोहमद अमिर आलमलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू झापा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने राय व्यक्त गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०।२।२७ को फैसला मिलेकै देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-०७६६, कर्तव्य ज्यान, *दोर्जी शेर्पा वि. नेपाल सरकार*

किटानी जाहेरी दरखास्त, जाहेरवालीको अनुसन्धान अधिकारी र अदालतसमक्षको बयान र बकपत्र, मौकामा बुझिएका मानिसहरूको मौकाको कागज र अदालतसमक्षको बकपत्र, घटनास्थल मुचुल्का, बरामदी मुचुल्का, शव परीक्षण प्रतिवेदन,

लास जाँच प्रकृति मुचुल्कासमेतका मिसिल संलग्न कागज प्रमाणसमेतबाट मृतकको मृत्यु यी प्रतिवादी दोर्जी शेर्पाको कर्तव्यबाट भएको तथ्य पुष्टि हुन आउने।

प्रतिवादीले मृतकको पेटमा प्रहार गरेको छुरीको चोटबाट मृतक गम्बु छिरी भन्ने लाक्पा डिमा शेर्पाको मृत्यु भएको हुँदा प्रतिवादी दोर्जी शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा देखिन नआउने।

मृतकलाई कर्तव्य गरी मार्ने वारदातमा यी प्रतिवादीको मात्र संलग्नता रहेको कुरा मिसिलबाट पुष्टि भएको देखिन्छ। यी प्रतिवादीले मृतकको पेटमा धारिलो हतियार प्रहार गरी सोही चोटबाट मृतकको मृत्यु भएको तथ्यलाई स्वीकार गरी अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा कसुर गरेमा पूर्ण साबित भई बयान गरेको पाइन्छ। यसरी निजको उक्त साबिती बयान, मिसिल संलग्न शव परीक्षण प्रतिवेदन, बरामदी मुचुल्का, घटनास्थल तथा लास जाँच मुचुल्कासमेतका अन्य स्वतन्त्र प्रमाणहरूबाट समेत मालाकार रूपमा समर्थित भइरहेको देखिँदा अभियोग दाबीबाट सफाइ पाउँ भनी यी प्रतिवादी दोर्जी शेर्पाले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले मृतकलाई मार्ने मनसाय राखी पूर्वयोजना र तयारीका साथ छुरी प्रहार गरेको भन्ने नदेखिई मृतकले प्रतिवादीकी छोरीलाई लडाएको झोकमा आवेशमा आई एकपटक छुरा प्रहार गर्दा कुठाउँमा लाग्न गई मृतकको मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट देखिन आउँछ। साथै यी प्रतिवादीले घटनाको सत्य तथ्य विवरण उल्लेख गरी न्याय सम्पादनको कार्यमा सहयोग नै गरेको देखिएको र निजको मृतकलाई कर्तव्य गरी मार्ने पूर्वयोजना र तयारीसमेत नरहेको समेतका समग्र परिस्थितिलाई विचार गर्दा यी पुनरावेदक प्रतिवादी दोर्जी शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा न्यायको रोहमा चर्को पर्ने देखिएकोले निजलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष मात्र कैद सजाय हुन उपयुक्त हुने भनी पुनरावेदन अदालत, पाटनबाट व्यक्त भएको रायसमेत मनासिब नै रहेको देखिन आउने।

तसर्थ, उल्लिखित तथ्य, कानून तथा विवेचित आधार र कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी दोर्जी शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद हुने राय व्यक्त गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।३।२५ को फैसला मिलेकै देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृतः नगेन्द्र कालाखेती

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-१३७९, जबर्जस्ती करणी, *नेपाल सरकार वि. प्रकाश सिटौला*

प्रत्यर्थी प्रतिवादी मदन भन्ने प्रकाश सिटौलाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडितको सहमतिअनुसार नै पीडित परिवर्तित नाम ग-२० र आफूबीच यौन सम्पर्क भएको हो भनी अदालतमा समेत सोहीअनुसार नै बयान गरेको पाइन्छ। मौकाको जाहेरी, पीडितको कागज एवम् बुझिएका मानिसको भनाई प्रतिवादीले अदालतमा गरेको बयानसमेतबाट प्रमाणित भएको हुँदा वारदातको मिति र समयमा पीडितलाई प्रतिवादी मदन भन्ने प्रकाश सिटौलाले करणी गरेको भन्ने तथ्यसिद्ध हुन

आउने।

अदालतमा पीडित स्वयम्ले लेखाएको उमेर, अस्पतालबाट प्राप्त पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख भएको उमेर एवम् विद्यालयमा भर्ना हुँदा अभिभावकले उल्लेख गरी दिएको जन्ममितिलाई आधार मानी पीडितको उमेर यकिन गर्नु उपयुक्त हुने देखिन आयो। पीडित स्वयम्ले अदालतमा लेखाएको निजको उमेर, निजको जन्ममितिको अभिलेख राख्नुपर्ने कारण र अवस्था भएका अध्ययनरत विद्यालयबाट प्राप्त लिखत एवम् पीडितको शरीर जाँच परीक्षण प्रतिवेदनमा उल्लेख भएको उमेरसमेतबाट वारदात हुँदा पीडितको उमेर १४ वर्ष नै रहेको पाइने।

तसर्थ, उल्लिखित आधार र कारणबाट प्रतिवादी मदन भन्ने प्रकाश सिटौलालाई मुलुकी ऐन, जबर्जस्ती करणीको १ नं. को कसुरमा ऐ. ३ नं. को देहाय ३ नं.अनुसार ६ वर्ष कैद र ऐ. १० नं.अनुसार प्रतिवादीबाट पीडितले रू. ५०,०००।- क्षतिपूर्ति भराई पाउने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०७०।७।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-WO-०६५३, उत्प्रेषण / परमादेश, *भोजराज पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

मालपोत कार्यालय, तनहुँमा मिति २०५५।३।२० मा रिट निवेदकले दाबी लिएका जग्गाको छुट जग्गा दर्ता गर्ने सम्बन्धमा दर्ता गरेको निवेदनउपर मिति २०७२।११।३ मा मात्र निवेदकले दाबी लिएका जग्गाको दर्ताको कारवाही नेपाल सरकारबाट सूचना प्रकाशित भएपश्चात् हुने भनी जानकारी गराएको पत्र मालपोत कार्यालय, तनहुँले रिट निवेदकलाई दिए तापनि उक्त कि.नं. का जग्गाहरू दर्ता गर्नै नमिल्ने वा दर्ता हुनै नसक्ने भनी अन्तिम निर्णय गरिसकेको अवस्था रहेको देखिँदैन । मालपोत ऐन, २०३४ को दफा ७(१क) बमोजिम आयोग गठन गर्नुपर्ने र आयोगको सिफारिसमा मात्र मालपोत कार्यालय**ले** छुट जग्गा दर्ता गर्न सक्ने मालपोत ऐन, २०३४ को कानूनी व्यवस्थाबमोजिम मालपोत कार्यालय, तनहुँले मिति २०७२।११।३ मा निवेदकलाई जानकारी गराएको पत्रका सम्बन्धमा आयोग गठन गर्ने कार्यमा मालपोत कार्यालय, तनहुँको कुनै भूमिका नै नरहने र नेपाल सरकारलाई निवेदकको औचित्यसमेत हेरी त्यस्तो आयोग गठन गर्ने कार्यमा कुनै बाधा नपरेको देखिँदा त्यसतर्फ केही बोलिरहनु पर्ने नदेखिने। प्राविधिज्ञद्वारा निर्धारित लागतको आधारभूत मूल्याङ्कनबाट २०% लागत मूल्य कटाई हुन आउने मूल्य रू.३४,२१,१३५।८४ लाई प्रतिवादीको घर निर्माण लागत मूल्य कायम गरेको न्यायोचित नै देखिने।

प्रतिवादीको गाईघाटस्थित घरको मूल्याङ्कन मैले स्वीकृत plinth area दररेटलाई आधारमानी गरेको हुँ भन्नेसमेत व्यहोराको घरजग्गा मूल्याङ्कनकर्ता ई. प्रदीपबहादुर सिंह यादवले विशेष अदालतमा बकपत्र गरेको देखिन्छ । विशेष अदालतबाट उक्त घरको लागत मूल्य कायम गर्दा त्रियुगा नगरपालिका कार्यालय गाईघाटको २०५९ सालमा निर्माण भएको भवन तथा जिल्ला कृषि कार्यालय उदयपुरको भवन निर्माणको लगत इष्टिमेट तथा कार्यसम्पन्न प्रतिवेदनबाट देखिएको वास्तविक लागतको मूल्याङ्कनसमेतलाई आधार लिई निजी तवरबाट घर निर्माण गर्दा अझ कम लागत लाग्न सक्ने अनुमानका आधारमा आधारभूत मूल्याङ्कनको रकममा ३५% घटाई मूल्य कायम गरेको देखिँदा विना आधार हचुवाको भरमा मूल्य कायम गरेको भन्न मिलेन। प्रतिवादीले उल्लेख गरेको लागत पुष्टि हुने कुनै

आधार प्रमाण नरहेकोले प्रतिवादीहरूको पुनरावेदन जिकिरसमेत औचित्यपूर्ण रहेको नदेखिने।

अभियोग पत्रमा प्रतिवादी अर्जुन थापाका बाबु प्रतिवादी रणबहादुर थापालाई प्रतिवादी अर्जुन थापाले रू.२१,५०,०००।– पठाएको भनी दाबी लिइएको छ । सोमध्ये प्रतिवादी अर्जुन थापा र निजका भाई शंकरकुमार थापाले रू.१४,२५,०००।– पठाएकोमा विवाद नरहेकोले सो रकमसम्म प्रतिवादीको सम्पतिको बिगोमा समावेश हुने ठहऱ्याएको मनासिब नै देखियो । सो बाहेकको अन्य रकम हरिकुमार बस्नेत र श्याम खड्काले रणबहादुरका नाउँमा पठाएको देखिएकोले सोसमेत प्रतिवादीकै बिगो कायम हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

बरामदी सुनको बिगो रू.२,६९,४७५।– कायम गरेकोमा सोमध्ये बिगो रू.१,९०,०००।– को २० तोला सुनका गरगहना प्रतिवादी सबु थापाको दाइजोस्वरूप प्राप्त भनी आयोगले नै मान्यता दिएको देखियो। सोबाहेक बाँकी रहेको बिगो रू.७९,४७५।– बराबरको ८ तोला सुन पैत्रिक हो भन्ने प्रतिवादीले सोको प्रमाण पेस गर्न सकेको नदेखिँदा उक्त बिगोको सुनका गहनालाई सम्पत्तिको बिगोमा समावेश गरेको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट कृषि आयका सम्बन्धमा स्पष्ट रकम खुल्न नआएको अवस्थामा सो विषयमा अदालतबाट ग्रहण गरिने आधारमा एकरूपता कायम गर्नु उपयुक्त नै हुने देखिने।

विशेष अदालतबाट कृषि आयका सन्दर्भमा पूर्व मुद्दाहरूमा अवलम्बन गरिएका दर रेटअनुसार कृषि आयको गणना गरी रू.३०,०६,६४०।– कृषि आय कायम गरेको देखिँदा उक्त कृषि आयलाई अन्यथा भन्न मिलेन।उपर्युक्त जग्गाबाट प्रति कठ्ठा रू.३,१८०।– का दरले हुने रू.१,०६,००,५००।– कृषि आय भएको भन्ने प्रतिवादीहरूको जिकिर भए तापनि सो तथ्य विश्वसनीय आधारमा पुष्टि हुन सकेको नदेखिँदा त्यसतर्फको प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी रणबहादुर थापाले चक्रबहादुर बस्नेतलाई बिक्री गरेको जग्गाको मूल्य ०५७।२।२ को पारित राजीनामा लिखतमा ५ लाख १ हजार उल्लेख भएको देखिन्छ। प्रतिवादी रणबहादुरले बयान गर्दा सो जग्गा ४५ लाखमा बिक्री गरेको भनी लेखाएको पाइन्छ। उक्त जग्गा खरिद गर्ने चक्रबहादुरले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट जारी भएको बन्द सवालमा र विशेष अदालतमा गरेको बकपत्रमा ४५ लाख मोल कायम गरी खरिद गरेको हो भनी लेखाएको देखियो। विशेष अदालतले प्रतिवादीको बयान, चक्रबहादुरसँग भएको जग्गा बिक्रीको करारनामा, जग्गा खरिद गर्ने चक्रबहादुरले अनुसन्धानको क्रममा र अदालतमा आई गरेको बकपत्र तथा उक्त कि.नं. ६४ को जग्गा रहेको आसपासका जग्गाहरू सोही समयमा खरिद बिक्री हुँदा कायम रहेका मूल्यहरू आदिको विश्लेषणको आधारमा प्रतिवादीतर्फको बहसनोटमा उक्त जग्गाको कारोबार मूल्य भनी उल्लेखित रू.४१,७०,०००।– लाई बिक्री मूल्य कायम गरेको औचित्यपूर्ण नै देखिने।

अन्य बिक्री भएको जग्गाको हकमा लिखत मूल्य अन्यथा हो भन्ने प्रमाण प्रतिवादीले दिन सकेको अवस्था देखिएन । अन्यथा प्रमाणित हुन आएमा बाहेक लिखतमा उल्लेखित अङ्कलाई बिक्री भएको रकम मानिने न्यायिक अभ्यास रहेको पाइन्छ । तसर्थ प्रतिवादीहरूले दाबी लिएका कि.नं. १४३१, ३२५, १२२५, ४००, १५६४, ४८, २९२, ५२७, ३३३ को जग्गाहरूको सन्दर्भमा लिखत मूल्यका आधारमा बिक्रीबाट प्राप्त आयमा गणना गरिएको कार्य कानूनसम्मत नै देखिने।

प्रतिवादीको घरबाट बरामद भएको पद्मा श्रेष्ठलाई दिएको रू.५,००,०००।- को तमसुकबमोजिमको रकम कुखुरा पालनको

आम्दानीसमेतबाट संकलित रकमबाट दिएकी हुँ भनी प्रतिवादी सबु थापाले विशेष अदालतमा गरेको बयानमा समेत स्वीकार गरेको देखिन्छ । उक्त रकमलाई प्रतिवादीको वैध आयको रूपमा समावेश गरिएको देखियो । सोदेखि बाहेक निज प्रतिवादीले कुखुरा पालनबाट यति नै आय भएको भनी स्पष्ट किटान गरी दाबी लिन तथा विश्वासनीय आधारबाट पुष्टि गर्न सकेको समेत नदेखिँदा हचुवाको आधारमा सम्पत्तिको आयमा समावेश गर्न मिल्ने नदेखिने ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ ले कुनै व्यक्तिले यो ऐन वा प्रचलित कानूनबमोजिम भ्रष्टाचार गरेको मानिने कुनै कार्य गरी आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको अन्य सम्पत्तिसमेत आफ्नो वा अरू कसैको नाममा राखेको प्रमाणित भएमा त्यस्तो सम्पत्ति जफत हुने व्यवस्था गरेको देखिन्छ । यस सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अनुसन्धान तथा अभियोजनको आधार र मापदण्डमा समेत स्पष्टता र एकरूपताको अभाव देखिन्छ । सामान्यतया लिखतमा उल्लेख भएको सम्पत्तिको मूल्य तथा घर निर्माणको तत्कालीन लागतलाई मान्यता नदिई हालको मूल्याङ्कनको आधारमा दाबी प्रस्तुत गर्ने गरिएको पाइन्छ । दफा ४७ को व्यवस्थालेस्रोत प्रमाणित नभएको सम्पत्तिबाट बढे बढाइएको सम्पत्ति जफतसम्म हुने स्पष्ट गरेको देखिन्छ । बढे बढाएको सम्पत्तिलाई दफा २०(१) अनुसारको बिगोमा नै समावेश गर्ने भन्ने कानूनको मनसाय नदेखिने ।

रिट निवेदक गलेश्वर आश्रमले छुट जग्गा दर्ता गरिपाउँ भनी दाबी लिएका कि.नं. ९१ देखि १०२ सम्मका जग्गाहरूमा निवेदकको भोगाधिकार रही तिरो तिरानसमेत गरेका जग्गाहरू रहेको देखियो । निवेदक एक धार्मिक एवम् सामाजिक संस्था रहेको र उक्त संस्थाले सामाजिक हितका लागि दाबी लिएका जग्गाहरूमा भौतिक संरचनासमेत खडा गरी धार्मिक र सामाजिक सेवासमेत प्रदान गरी आएको देखिन्छ । उक्त कि.नं. का जग्गाहरू निवेदक आश्रमका नाममा दर्ता हुने वा नहुनेसम्बन्धी कार्यको अन्तिम र उपयुक्त निरूपण चाँडै हुनुपर्ने भई उपयुक्त निकास दिने कर्तव्य सम्बन्धित निकायको कानूनी दायित्त्व रहेको हुँदा निवेदन मागबमोजिम मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिमको आयोग गठन भएका बखत सम्बन्धित निकायले कानूनबमोजिम दर्ता कारवाही अगाडि बढाउनु पर्ने नै हुँदा निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुने ।

तसर्थ, विवेचित कानूनी व्यवस्था आधार र कारणसमेतबाट मालपोत कार्यालय, तनहुँको मिति २०७२।११।३ को पत्रले निवेदकको निवेदनउपर कारवाहीको अन्तिम निर्णय गर्न बाँकी नै रहेको देखिँदा सो पत्र उत्प्रेषणको आदेशद्वार बदर गरिरहनु परेन । निवेदन दाबीका जग्गाहरूमा निवेदकको भोगाधिकार र तिरो तिरानसमेत भएका उक्त दाबीका कि.नं.का जग्गाहरू निवेदक गलेश्वर आश्रमको नाममा दर्ता हुने नहुने के हो सो सम्बन्धमा कानूनबमोजिम छानबिन गरी सम्बद्ध प्रमाणहरूबाट दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा छुट जग्गा दर्तासम्बन्धी नेपाल सरकारबाट सूचना जारी भएपश्चात् अविलम्ब कारवाही अगाडि बढाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०३५५ र ०६७-CR-०३८६, गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *अर्जुन थापासमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. अर्जुन थापासमेत*

प्रतिवादी रणबहादुर थापाले अनुसन्धान

अधिकारीसमक्षको बयानमा गल्लाको व्यापारबाट वार्षिक दुई / अढाई लाख आम्दानी हुन्छ भनी लेखाएको देखिन्छ । विशेष अदालतमा निजले गरेको बयानमा पनि कृषि, व्यापार व्यवसायबाट आय प्राप्त हुने गरेको कुरा उल्लेख गरेको पाइन्छ । प्रतिवादी शंकर थापाले गाईघाट-धरान-विराटनगर-काठमाडौं रूटमा चल्ने ना.अ.ख. ८०४९ र ८००७ का बसहरू साझेदारीमा सञ्चालन गरेको, उक्त बस सञ्चालनबाट २०५८ सालसम्ममा ३,५०,०००।- आम्दानी भएको, त्यसपछि साझेदारी छाडी फाइनान्सको ऋण सुविधामा ना.२.ख ५९३९ को नयाँ बस खरिद गरी गाईघाट-विरगन्ज रूटमा सञ्चालन गरेको र सोबाट १,५०,०००।- आम्दानी गरेको भनी विशेष अदालतमा बयान गरेको देखिन्छ । यसरी प्रतिवादीहरूले गरेको बयानको व्यहोरा तथा व्यापार तथा व्यवसायको प्रकृति हेर्दा खाद्य व्यापारबाट रू.८,५०,०००।- र बस सञ्चालनबाट रू.५,००,०००।- प्राप्त भएको भनिएको आय आर्जन अस्वाभाविक रहेको मान्न नसकिने ।

अनुसन्धान तथा अभियोजनमा जाँच अवधिमा भएको यथार्थ आय तथा व्ययको पक्षहरूलाई नकेलाएको अवस्थामा अदालत स्वयम्को सक्रियतामा अनुमानको आधारमा खर्चलाई कटाउने भन्न मिल्ने देखिएन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुर अनुमानित कसुर हो भन्दैमा बिनाआधार प्रमाण जथाभावी किसिमले अनुमान गर्नु उपयुक्त हुँदैन । यसरी प्रतिवादीको परिवारको खर्चको सम्बन्धमा अनुसन्धान, विश्लेषण र मूल्याङ्कन गरी आरोपपत्रमा नै स्पष्टरूपमा दाबी लिन नसकेको अवस्थामा न्यायिक अनुमानको आधारमा खर्चलाई कटाउनु पर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर औचित्यपूर्ण नदेखिने ।

यस अदालतबाट केही मुद्दाहरूमा कूल बिगोको १०% भन्दा कमको आयस्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा अमिल्दो र अस्वभाविक जीवनयापन गरेको ठहर गर्न नमिल्ने भनी फैसलाहरू भएको सन्दर्भमा प्रस्तुत मुद्दामा पनि सोही आधारमा कुल बिगोको ६.३२% मात्र स्रोत नखुलेको अवस्थामा प्रतिवादीहरूलाई आरोप पत्रबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुरदार ठहर नगरेको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः मिसिल संलग्न कागज प्रमाणबाट प्रस्तुत मुद्दाका प्रतिवादीहरू सगोलमा बसेको, पैत्रिक सम्पत्ति पर्याप्त नै रहेको, विभिन्न समयमा जग्गाको खरिद बिक्री कारोबार भइरहेको, प्रतिवादी रणबहादुरले कृषि तथा कृषि व्यापारसमेतबाट आय आर्जन गरेको, शंकर थापाले घरजग्गाको कारोबार गर्ने गरेको तथा बस व्यवसायसमेत सञ्चालन गरेको, प्रतिवादी सबु थापाले दाइजोस्वरूप नगद तथा सुनका गहनासमेत पाएको भन्नेसमेत देखिएको अवस्थामा केही सम्पत्तिको हकमा स्रोत खुल्न नसकेको देखिए तापनि स्रोत खुलेको सम्पत्तिको तुलनामा कुल बिगोको ६.३२% मात्र रहेको देखिएको र सामान्यतया व्यवहारमा केही घटबढ हुनसक्ने अवस्थालाई समेत दृष्टिगत गर्दा प्रतिवादीले गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी मनासिब कारणबिना अमिल्दो र अस्वाभाविक जीवनस्तरयापन गरेको भन्न सकिने अवस्थाको विद्यमानता नदेखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुरमा दफा २०(२) बमोजिम सजाय गर्न मिलेन । प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ हुने ठहऱ्याएको विशेष अदालतको मिति २०६७।१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६७-CI-१४६९, हक कायम दर्ता बदर, *तिरथराम अहिर वि. धनपत अहिर*

२०२४ सालमा नै क्षेत्रफल यकिन भइसकेको आफ्नो हक भोगको साबिक कि.नं. २२१ मा रहेको क्षेत्रफलभन्दा धेरै कम क्षेत्रफल कायम गरी २०५९ सालमा नापी भएपछि प्रत्यर्थी वादी समयमै २ नं. नापी गोश्वारामा क्षेत्रफल सुधार गरिपाउँ भनी निवेदन गर्न गएको देखिन्छ । उक्त निवेदनमा नापी गोश्वाराबाट कुनै सुनुवाई नभएपछि मालपोत कार्यालयमा निवेदन गर्न गएको पाइन्छ । एकाको नाममा कायम भइसकेको जग्गाको दर्ता बदर गरी अर्काको नाममा कायम गर्ने अधिकार नरहेको भनी मालपोत कार्यालयले मिति २०६५।७।११ मा निर्णय गरेपछि कानूनका म्यादभित्रै प्रस्तुत मुद्दा लिई प्रत्यर्थी वादी अदालत प्रवेश गरेको स्थिति छ । आफ्नो हक भोगको सम्पत्ति पुनरावेदक प्रत्यर्थीहरूले घटबढ गराई दर्ता गराएपछि निरन्तर रूपमा वादी न्यायका लागि अधिकारप्राप्त निकायमा खोजबिन गर्न गएको अवस्था हुँदा समयमै उपचारका लागि जागरूकता नदेखाएको भन्न नमिल्ने ।

स्रेस्ता प्रमाणबाट २०२४ सालको नापीमा नै नक्साङ्कन भई सोहीअनुसार कित्ताहरू कायम भएको देखिन्छ । २०२४ सालको नापीलाई अन्यथा भनी उजुर गर्न नसकेपछि उतिबेला कायम भइसकेका कि.नं.का जग्गा २०५९ सालमा नया नापी गर्दा क्षेत्रफल घटी बढी फरक पारी दर्ता गर्न मिल्दैन । २०२४ सालको नापीमा पुनरावेदक प्रतिवादीको कि. नं. २२४ मा २३७ वर्ग मिटर रहेको जग्गा २०५९ सालमा नापी गर्दा ६०० वर्ग मिटर क्षेत्रफल कायम गरी कि.नं. १३० मा नापी गरेको देखिएबाट प्रत्यर्थी वादीको साबिक कि.नं. २२१ को जग्गाबाट दाबीबमोजिमको क्षेत्रफल पुनरावेदक प्रतिवादीहरूले घुसाई दर्ता गराएको देखिन आउने ।

एकाको दर्ता हक भोगको जग्गा कसैले भोग गरेकै आधारमा दर्तावाला व्यक्तिको स्वामित्व समाप्त हुन सक्दैन । स्वामित्व र भोग फरक कुरा हुन्। अधिकारप्राप्त निकायमा जग्गा दर्ता भई स्वामित्व प्रमाणित भएको जग्गामा स्वामित्ववाला व्यक्तिले स्वेच्छाले कानूनबमोजिम सुक्रीबिक्री नगरेसम्म निजको हक टुट्न सक्दैन । सहमति बिना हकाधिकार रहेको व्यक्तिको हक टुटाई अरूका नाउमा दर्ता गरिएमा त्यस्तो दर्ता दुषित हुन जान्छ । दुषित तवरबाट हक सिर्जना भएको कार्यले कानूनी मान्यता पाउन नसक्ने ।

प्रत्यर्थी वादीको साबिक कि.नं. २२१ को भन्दा ४०९.६६ वर्गमिटर कम क्षेत्रफल २०५९ सालमा कायम भएको कि.नं.१३२ मा दर्ता भएको देखिए पनि प्रत्यर्थी वादीले ३६३ वर्गमिटर जग्गा मात्र पुनरावेदक प्रतिवादीले निजहरूको हाल कायम कि.नं.१३० मा घुसाई नापी गरेको भनी दाबी लिएको देखिएकोले प्रत्यर्थी वादीको दाबीबमोजिम निजको साबिक कि.नं.२२१ हालको कायम कि.नं.१३२ को जग्गाबाट दाबीबमोजिम ३६३ वर्ग मिटर जग्गा पुनरावेदक प्रतिवादीले कि.नं.१३० मा घुसाई नापी गराएको देखिन आयो । यसरी मिसिल संलग्न स्रेस्ता प्रमाणबाट प्रत्यर्थी वादीको दाबी प्रमाणित भइरहेको देखिँदा सुरू फैसला उल्टी गरी वादी दाबी पुग्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलामा कुनै कानूनी त्रुटि रहेको देखिन नआउने ।

तसर्थ, माथि विवेचित आधार र कारणबाट सुरू बाँके जिल्ला अदालतको मिति २०६६।८।३० को फैसला उल्टी गरी वादी दाबी पुग्ने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।८।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

इति संवत् २०७३ साल माघ ११ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०६९५, अंशदर्ता, *कैलीदेवी*

*मुखिया मलाहसमेत वि. दशैं मुखिया मलाह*

प्रतिवादीहरू शिवनारायण मलाहसमेतका व्यक्तिहरूले तायदातीमा उल्लिखित सम्पत्ति हाम्रो निजी आर्जन भएको भनी दाबी गरेकोमा उक्त कुरा प्रमाण ऐन, २०३१ को दफा २८ र २९ बमोजिम निजी आर्जन हो भन्ने कुरा प्रतिवादीहरू शिवनारायण मलाह, कैलीदेवी मुखिया र फूलवतीदेवी मुखियासमेतका व्यक्तिहरूले आफ्नो प्रमाणद्वारा प्रमाणित गर्न सक्नु भएको छैन । तायदातीमा उल्लिखित सम्पत्ति निजी आर्जनको हो भन्ने कुरा निज प्रतिवादीहरूको भनाई बाहेक अन्य प्रमाण रहेको पाइएन । यसर्थ तायदातीमा उल्लिखित सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ भन्ने कानूनी व्यवस्थाबमोजिम बन्डा लाग्ने सम्पत्ति देखियो । अदालतले गर्नुपर्ने त्यस्तो अनुमानलाई खण्डित हुने गरी प्रतिवादीहरूले भरपर्दो प्रमाण पेस नगरेको अवस्थामा वादीले प्रतिवादीहरूबाट तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट ३ खण्डको १ खण्ड अंश पाउने नै देखिने ।

अतः उल्लिखित आधार कारणहरूबाट वादीले प्रतिवादीहरूबाट तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिलाई ३ भाग लगाई सो ३ भागको १ भाग अंश पाउने ठहऱ्याई सुरू सप्तरी जिल्ला अदालतको मिति २०६५।९।७ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।१।२१ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-१२९०, उत्प्रेषण, *शंकर न्यौपाने वि. स्थानिय विकास मन्त्रालय, श्रीमहल पुल्चोकसमेत*

जिल्ला विकास समिति स्वायत्त निकाय भएको र निवेदक पक्षले उक्त निकायसँग कबुलियतअनुसार ठेक्का कबुल गरी सम्झौता गरेको हुँदा उक्त विषयवस्तु दुई पक्षबीच भएको करारको विषय देखिएको तथा सम्झौताबमोजिम निवेदकले दाबी गरेको मिनाहा माफी करारको सर्तले समेट्छ समेट्दैन त्यसको समेत लेखाजोखा गर्नुपर्ने अवस्था भई सम्झौताबाट सृजित हक र दायित्वको विषय देखिएकोले प्रस्तुत सन्दर्भमा रिट क्षेत्र अकर्षित हुन सक्ने अवस्था पनि नहुने ।

तसर्थ जिल्ला विकास समिति र निवेदकबीच ठेक्का कबुलियत भएकोमा त्यस्ता करार सम्झौताको विषयका सम्बन्धमा रिट क्षेत्र आकर्षित हुनेसमेत नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल कात्तिक १ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-१२८९, उत्प्रेषण, *रमेश शर्मा (लम्साल) वि. जिल्ला शिक्षा कार्यालय, पर्वत कुस्मासमेत*

कुनै पनि पदको लागि तोकिएको शैक्षिक योग्यता सो पदमा नियुक्तिको लागि सबैभन्दा महत्त्वपूर्ण र प्राथमिक आवश्यक्ता हुन्छ । चाहिएको शैक्षिक योग्यता नपुगेको अवस्थामा सम्बन्धित पदको लागि उमेदवार हुनै अयोग्य हुने अवस्था हुन्छ । उच्च माध्यमिक विद्यालय जस्तो शैक्षिक संस्थामा शिक्षाको गुणस्तरीयता कायम गर्नका लागि पनि शैक्षिक योग्यता महत्त्वपूर्ण हुने भएकोले त्यसलाई अन्यथा गर्नु पनि कानूनविपरीत हुन जाने ।

निवेदकको विद्यालय परित्याग प्रमाण पत्रमा निजको जन्ममिति २०१२।३।२ देखिई निजको उमेर ६० वर्ष पूरा भइसकेको देखिन्छ । शिक्षा नियमावली, २०५९ को नियम १३१ अनुसार अनिवार्य अवकाशको उमेर ६० वर्ष तोकेको देखिएको तथा निवेदकले रिट निवेदन दायर गरेपछि हाल निजको अवकास भइसकेको भन्ने निवेदक पक्षबाट उपस्थित विद्वान् अधिवक्ताले समेत बहसको क्रममा व्यक्त गर्नुभएको हुँदा प्रस्तुत अवस्थामा आफूलाई प्रधानाध्यापकमा नियुक्ति गरिपाउँ भन्ने रिट निवेदकको अवकाश भई निज हाल सेवामा नै नरहेको भन्ने देखिएकोले प्रस्तुत रिट जारी हुनु वा नहुनुको औचित्यसमेत समाप्त भइसकेको देखिएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: वासुदेव गिरी

इति संवत् २०७३ साल कात्तिक १ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-००१५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विजेन्द्र मुसहर*

अदालतमा बयान गर्दा आफू वारदातस्थलमा उपस्थित भई जबर्जस्ती करणी तथा ज्यान मार्ने कार्यमा संलग्न नभएको जिकिर लिएपनि अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान करकाप कुटपिट गरी गराएको भन्न सकेको अवस्था छैन । प्रमाण ऐन, २०३१ को दफा ९(१) ले निज प्रतिवादी विजेन्द्र मुसहरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान प्रमाणमा लिन मिल्ने हुन्छ । यी प्रतिवादी वारदातको अवस्थामा घटनास्थलमा उपस्थित भई मृतक बसन्तीदेवीको खुट्टा समाती जबर्जस्ती करणी गर्न र मार्नमा संयोग परिदिएको देखिन्छ । घटना घटाएपश्चात वसन्तीको हत्याको सम्बन्धमा कसैलाई कुनै सूचना नगर्नुबाट समेत निज प्रतिवादी विजेन्द्र मुसहर वारदातमा मनसाय प्रेरित भई संलग्न रहेको देखिँदा निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम कसुर गरेको पुष्टि हुन आउने ।

तसर्थ उल्लिखित आधार प्रमाणहरूबाट यी प्रतिवादी विजेन्द्र माझी मुसहरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. र मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ४ नं. बमोजिम ३ वर्ष कैद हुने ठहऱ्याएको सुरू सर्लाही जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।२।२७ मा भएको फैसला केही उल्टी भई निज प्रतिवादी विजेन्द्र माझी मुसहरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद (२० वर्ष कैद) हुने ।

इजलास अधिकृत : यमप्रसाद बास्कोटा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०३४६, लेनदेन, *भागीरथी लामिछाने वि. जीवनाथ न्यौपाने*

तीनै जना प्रतिवादीहरूले संयुक्त प्रतिवाद गरेको अवस्था छ । संयुक्त प्रतिवाद भनेको यसमा उल्लिखित व्यहोराबाट तीनैजना प्रतिवादीहरू बाँधिनु हो । उक्त संयुक्त प्रतिउत्तरपत्रमा जवाहरलालले २०६१।५।६ मा गरेको सर्तनामा मुलुकी ऐन, जमानी गर्नेको महलअनुसारको कागज नभएको कुरा वादीले तत्सम्बन्धी कुनै पनि प्रक्रिया अवलम्बन गर्न नसकेको कारणबाट प्रष्ट हुन्छ भनी उल्लेख भएको पाइन्छ । उक्त संयुक्त प्रतिवादको व्यहोराबाट विवादित कपाली तमसुकको दायित्वबाट प्रतिवादी जवाहरलालले उन्मुक्ति पाउने भन्ने कुरामा प्रतिवादी भागीरथी सहमत

रहेको मान्नुपर्ने ।

एउटाको ऋण अर्कोले तिर्छु भनी लिखत गर्न नसक्ने होइन तर त्यो लिखत गर्दा दुवै पक्षबीच प्रतिफल (consideration) विद्यमान हुनु आवश्यक हुन्छ । त्यस किसिमको प्रतिफल रहेको कुनै कुरा मिसिलबाट खुल्दैन । कपाली तमसुकको थैली खाने प्रतिवादी भागीरथीले तमसुकको साँवा ब्याज तिर्नु नपर्ने तर प्रतिफलबेगर थैली नखाने प्रतिवादी जवाहरलालले सो थैली व्यहोर्नुपर्छ भनी ठहर हुनु करार कानून र कपाली तमसुकको मर्मविपरीत हुने ।

जवाहरलाल श्रेष्ठले गरिदिएको २०६१।५।६ को सर्तनामामा प्रतिवादी भागीरथीले वादीलाई गरिदिएको लिखत अमान्य हुने व्यहोरा रहेको पाइँदैन । जवाहरलालले गरिदिएको भनेको यो लिखत बढीमा वादी जीवनाथले थैली भरीपाउने एक थप सुविधा देखिन्छ । निजले यो सुविधा उपभोग नगरेकै कारणबाट प्रतिवादी भागीरथीले लिखतको दायित्वबाट उन्मुक्ति पाउने देखिँदैन । प्रतिवादी भागीरथीले लिखतको दायित्वबाट छुटकारा पाउने भइदिएको भए अब उप्रान्त प्रतिवादी भागीरथीले कपाली तमसुकको दायित्वबाट उन्मुक्ति पाउने भन्ने कुरा स्पष्ट रूपमा उक्त लिखतमा लेखिनुपर्ने ।

उल्लिखित लिखतहरू कुनैमा पनि वादी जीवनाथको सहिछाप परेको देखिँदैन । सबै लिखत एकतर्फी भएको पाइन्छ । दुवैपक्षको सहिछाप नपरेको तथा कपाली तमसुक निष्क्रिय भएको व्यहोरासमेत नरहेको लिखत करार सर्तनामाको लिखत हो भन्ने प्रतिवादी जिकिरसँग सहमत हुन सकिएन । यसर्थ यसमा करार ऐन, २०५६ को प्रावधान समाती वादी आउनु पर्नेमा लेनदेन व्यवहारको २ नं. समाती आएको मिलेन भन्ने पुनरावेदन जिकिर कानूनसम्मत नदेखिने ।

वादी दाबीबमोजिमको साँवा ब्याज यी प्रतिवादीले वादीलाई तिर्नु बुझाउनु पर्ने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको मिति २०६८।१०।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल पुस २० गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-०७७४, चोरी, *मैयाँ लामा वि. नेपाल सरकार*

प्रतिवादीले भनेअनुसार लक्ष्मी लामाको डेरा कोठाको खानतलासी गर्दा निज मैया लामाको कालो लेडिज ब्यागबाट Nitrest लेखेको १० वटा ट्यावलेट बरामद भएको देखिन्छ भने निज प्रतिवादीले सो ब्याग र औषधि आफ्नो हो भनी अनुसन्धान अधिकारी र अदालतसमक्ष साबित रही सनाखत बयानसमेत गरेको पाइन्छ । यसरी जाहेरवालाले आफूलाई बेहोस बनाई चोरी गरेको भन्ने जाहेरी व्यहोरालाई प्रतिवादीले स्वीकार गरी बयान गरेको र बयान व्यहोराबमोजिमको औषधीसमेत बरामद भएको अवस्थामा निजले यी जाहेरवालालाई लागु पदार्थ खुवाई बेहोस बनाई चोरी गरेको तथ्य प्रमाणित हुन आएको देखिन्छ । उक्त वस्तु लागु पदार्थ हो, होइन परीक्षण नभएको भन्ने पुनरावेदन जिकिरको सन्दर्भमा हेर्दा सोको परीक्षणका लागि केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालामा पठाएकोमा प्रतिवेदन प्राप्त भएको नदेखिए पनि प्रतिवादी स्वयम्ले उक्त औषधी निन्द्रा लाग्ने ट्यावलेट भएकाले आफूले कहिलेकाँही प्रयोग गर्दै आएको भनी बयान गरेको र जाहेरवालालाई खुवाएको भनेको आइसक्रिममा ४ वटा ट्यावलेट मिसाएको तथा सो खुवाएपछि निज बेहोस भएको भनी वारदात स्वीकार गरेको देखिँदा ४ वटा ट्यावलेटको अधिकमात्रा मिसाई खुवाएको आइसक्रिम खाएपश्चात जाहेरवाला बेहोस भएपछि

नै चोरी गरेको देखिँदा निजले लागू खुवाई बेहोस बनाई चोरी गरेको तथ्य स्थापित हुन आउछ । सो सन्दर्भमा कानूनी व्यवस्था हेर्दा पनि चोरीको १८ नं. मा "लागू खुवाई बेहोस गराई यसै महलको १२।१४ नम्बरबमोजिम सजाय हुने कसुर गरेमा सो कसुरमा सो नम्बरहरूबमोजिम हुने सजायमा एक वर्ष थपी कैद गर्नु पर्छ ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । तसर्थ अभियोग दाबीअनुसार चोरीको १८ नं. को सम्बन्धमा केही नबोली भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी सुरूले तोकेको कैद जरिवानामा चोरीको महलको १८ नं. बमोजिम थप १ वर्ष कैदसमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-१२९७, उत्प्रेषण / निषेधाज्ञा / परमादेश, *इस्पेखार अहमद वि. जिल्ला प्रशासन कार्यालय, पर्सा, वीरगन्जसमेत*

राज्य शक्तिद्वारा बनाइएको ऐन, कानूनबमोजिमको अख्तियारी सम्बन्धमा देशको न्यायालयले रिट क्षेत्रको प्रयोगबाट संविधान, ऐन, कानूनबमोजिम कार्यान्वयन गर्न सक्ने हुन्छ । तर संस्था दर्ता ऐन, २०३४ अन्तर्गत गठित संस्थाको विधानलाई कानूनको संज्ञा दिन नमिल्ने हुँदा निवेदकले हक प्रचलनको लागि रिट निवेदन दिन मिल्ने नदेखिने ।

हाल निर्वाचन कार्यसमेत सम्पन्न भैसकी नयाँ कार्यसमिति र सोका पदाधिकारीलाई विपक्षी नै बनाई प्रस्तुत निवेदन दिएको देखिन्छ । यस तथ्यबाट पनि निषेधाज्ञाको औचित्यसमेत समाप्त भइसकेको अवस्था देखिन्छ । यसर्थ निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गरिरहन नपर्ने हुँदा खारेज हुने भनी मिति २०७१।६।२९ मा भएको पुनरावेदन अदालत, हेटौंडाको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल साउन १६ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-१४६६, परमादेश, *शम्भुलाल श्रेष्ठ वि. टिकादत्त राईसमेत*

पिच निर्माण शिर्षकमा यी निवेदक शम्भुलाल श्रेष्ठले मिति २०५३।४।२१ मा रू.५,२०,०००।- र त्यसभन्दा पहिला पनि विभिन्न शिर्षकमा धरान नगरपालिकाबाट पेस्की लिएको देखिन्छ । उक्त कार्यालयले पेस्की फछ्र्यौट सम्बन्धमा निवेदकलाई सम्बोधन गरी मिति २०६४।१०।२ र २०६५।६।२ मा लेखिएको पत्रको फोटोकपि पेस भई मिसिल संलग्न रहेको देखिन्छ । लिएको पेश्कीअनुसार हुनुपर्ने कार्य सम्पन्न भई कार्यालयमा पेस भएका बिल भरपाइबाट पेस्की फछ्र्यौट हुनसम्म मात्रै कार्यालय, र कार्यालय प्रमुखको कारणले लामो समयसम्म बाँकी रहेको भए सो कारणसहित कानूनबमोजिम त्यसको उपचार र निकास खोजि पेस्की फछ्र्यौट गराउने दायित्यबाट समेत निवेदक चुकेको देखिने ।

उपर्युक्त आधार कारणसमेतबाट निवेदकले विपक्षी धरान नगरपालिकाबाट लिएको पेस्की रकम फछ्र्यौट नगरेका आधारमा निजले सुविधाबापत पाउने रकममध्ये पेस्की फछ्र्यौट गर्न बाँकी बराबरको रकम रोक्का राखेको देखिन आएको हुँदा र उक्त कार्यबाट निवेदकको नागरिक अधिकार ऐन, २०१२ बमोजिम प्राप्त हक अधिकारमा आघात पुग्न गएको भनी अर्थ गर्न मिल्ने अवस्था नभएको हुँदा निवेदकको निवेदन

मागबमोजिम परमादेशको आदेश जारी हुने अवस्था विद्यमान रहेको देखिन आएन । तसर्थ रिट निवेदन खारेज हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७१।१०।१९ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल श्रावण १६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CR-१५७१, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. प्रकाश श्रेष्ठ*

मिति २०६८।७।२७ मा वैदेशिक रोजगारमा पठाई दिने भनी यी प्रतिवादीले गरिदिएको भनिएको कागज जाहेरवालाहरूबाट पेस भएको छ । जबकि यिनै जाहेरवालाहरू ६ जनासमेतका व्यक्तिहरूले यी प्रतिवादीउपर सहकारीको पैसा फिर्ता पाउँ भनी कारवाहीको माग गरी १० दिन अगाडी अर्थात् मिति २०६८।७।१६ मा नै डिभिजन सहकारी कार्यालय, काठमाडौंमा निवेदन दिएको देखिन्छ । यस तथ्यबाट १० दिन अगाडी कारवाहीको माग गर्ने जाहेरवालाहरूले तत्कालै मिति २०६८।७।२७ मा प्रतिवादीले वैदेशिक रोजगारमा विदेश पठाई दिन्छु भन्ने कुरालाई विश्वास गरी यी जाहेरवालाहरूले लिखतबमोजिमको रकम निज प्रतिवादीलाई बुझाई प्रतिवादीले कागज गरिदिए होलान भन्ने कुरा पत्यारिलो देखिएको छैन । तसर्थ जाहेरवालाहरूले दिएको जाहेरी व्यहोरालाई नभई प्रतिवादीको बयान व्यहोरालाई प्रमाणहरूले मालाकार कडीको रूपमा समर्थित गरिरहेको अवस्था हुँदा प्रतिवादीलाई सफाइ दिनेगरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा हो भनी भन्न सकिने अवस्था नहुने ।

अतएवः उपर्युक्त विवेचित आधार कारणबाट प्रतिवादी प्रकाश श्रेष्ठबाट पेस हुन आएको मिति २०६९।११।२७, २०६७।१२।२८ र मिति २०६८।१।१९ का तमसुकहरूबाट संस्थाको रकम प्रचण्ड पराजुलीसमेतले हिनामिना गरेको भनी प्रतिवादीले गरेको इन्कारी बयानलाई समर्थित गरेको, प्रेषित मिति २०६८।७।२७ को कागजलाई समर्थित हुने अन्य प्रमाण पनि पेस हुन नसकेको, एन.टि. एल. बचत तथा ऋण सहकारीमा शेयर लगानी गरेको प्रमाणसमेत देखिएको हुँदा जाहरवालाहरूको कथनलाई निजहरूले नै डिभिजन सहकारी कार्यालय, काठमाडौंमा यो कागज हुनुभन्दा अगाडि गरेको कारवाहीले पुनः अर्को व्यहोराको रकम प्रतिवादीले लिए खाएको भन्ने जाहेरवालाहरू विबन्धित रहेको देखिँदा प्रतिवादीउपरको अभियोग मागदाबी पुग्न नसकि आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको मिति २०७१।७।४ को वैदेशिक रोजगार न्यायाधिकरणको फैसला फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने ।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CR-०२८५, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. ताराविर बोहरा*

जाहेरवालाद्वय गणेश रम्तेल र रामकृष्ण लटौलाले मिति २०६८।५।१९ मा वैदेशिक रोजगार विभाग तिनकुने काठमाडौंमा जाहेरी दरखास्त दिँदा निज अन्यायीले रकम बुझी गरिदिएको मिति २०६८।१।२५ मा भएको (वैदेशिक रोजगारमा पठाइदिन्छु भनेर गरिदिएको भाखाको) कागजको फोटोकपी पेस गरेका छौं । सक्कल हामीसँग छ, बुझीपाउँ भनी उल्लेख गरेको पाइन्छ । तर सक्कल लिखत पेस गर्नु भनी आदेश भएकोमा लिखत पेस नगरी जाहेरवालाहरू नै अनुपस्थित रहेको अवस्था छ । प्रतिवादीले रकम बुझी

कागज गरी दिई वैदेशिक रोजगारमा नपठाई ठगी गरेको भन्ने जाहेरवालाहरूको जाहेरी दरखास्तका आधारमा प्रस्तुत मुद्दाको उठान भएकोछ । जाहेरी व्यहोरालाई अदालतमा बकपत्र गरी खम्भीर गराउन नसकेको र सक्कल लिखतसमेत पेस नभएको अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणको प्रतिवादीलाई सफाइ पाउने गरी भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नहुँदा उपर्युक्त विवेचित आधार कारणबाट प्रतिवादी ताराविर बोहराले वैदेशिक रोजगार कसुर गरेको प्रमाणित हुन सकेको नदेखिएकोले निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरी जाहेरवालाहरूलाई हर्जाना दिलाई भराई पाउँ भन्ने वादी दाबी पुग्न सक्दैन । अभियोग माग दाबीबमोजिमको आरोपित कसुरबाट प्रतिवादी ताराविर बोहराले सफाइ पाउने ठहऱ्याई मिति २०६९।५।१८ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने ठहर्छ । अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CR-०७८७, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. शारदा श्रेष्ठ सिंहसमेत*

प्रतिवादी शारदा श्रेष्ठ सिंहको हकमा विचार गर्दा निज प्रतिवादीले कसुरमा इन्कार रही बयान गरे तापनि निजको नाउँमा एभरेष्ट बैंक लिमिटेड लाजिम्पाटमा रहेको खाता नं.००१००५०१२६७२०७ मा डिपोजिट हुने गरी जाहेरवालाहरू इश्वर लामा, राहुल लामा र कङगा डुण्डुप गुरूङसमेत तिनजना जाहेरवालाहरूले मिति २०६७।६।१२ मा रू.१६,००,०००।-, जाहेरवाला डिमाले मिति २०६७।६।१७ मा रू.६,००,०००।-, जाहेरवाला शेरबहादुर गुरूङले मिति २०६७।६।१५ मा रू.१२,००,०००।- जम्मा गरेको बैंक भौचरहरू पेस भएको देखिन्छ । उल्लिखित जाहेरवालाहरूलाई प्रतिवादीले चिन्दिन भने पनि उक्त खाता मेरै हो भनी स्वीकार गरेको, सो खातामा बैंक व्यालेन्स रही आफ्नै सही भएका चेकबाट अर्की प्रतिवादी छोरी सुजाता सिंह श्रेष्ठले झिकेको देखिएको, प्रतिवादी शारदालाई चिन्दिन भनी उक्त रकम जम्मा गरेको भनी जिकिर लिएका आनन्दकुमार श्रेष्ठले बकपत्र गरिदिएको देखिँदा प्रतिवादी शारदा श्रेष्ठ सिंहको उक्त जिकिर प्रतित लायक नदेखिने ।

जाहेरवालाहरूको पेस भएका भौचर र सक्कल लिखतअनुसारको रकममा थप ५० प्रतिशत हर्जना रकमसमेत गरी बिगो कायम भई जाहेरवालाहरूले भराई पाउने न्याधिकरणको फैसला रहेकोछ । तर पुनरावेदक वादीपक्षले, जाहेरवालाहरूले दिएको जाहेरी व्यहोराअनुसारको सम्पूर्ण रकम दिलाई पाउनु पर्ने भन्ने जिकिरलिए पनि ती अतिरिक्त खर्चहरूको ठोस सबुद प्रमाण पेस भएको मिसिलबाट देखिँदैन । बिना सबुद प्रमाण जाहेरी र अभियोगपत्रमा उल्लेख भएकै भरमा प्रतिवादीबाट बिगो भराउन ठहर गर्ने भन्ने कुरा कानून र न्यायको रोहमा मिल्ने कार्य होइन । तसर्थ पुनरावेदकको यस जिकिरप्रति यो इजलास सहमत हुन नसक्ने ।

उपर्युक्त विवेचित आधार कारणबाट प्रतिवादी शारदा श्रेष्ठ सिंहले आरोपित कसुर गरेको र जाहेवालाहरूलाई विदेश बैंककसम्म पुऱ्याई सकेको देखिँदा निज प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम ३ वर्ष कैद र रू.३,००,०००।- जरिवाना हुने; बिगोको हकमा इश्वर लामा, राहुल लामा र कङगा डुण्डुप गुरूङसमेतका तिनजना जाहेरवालाहरूले प्रतिवादी शारदा श्रेष्ठ सिंहको खातामा जम्मा गरेका बैंक भौचरबमोजिमको रू.१६,००,०००।- र सोको ५०

प्रतिशतले हुने रकम रू.८,००,०००।- समेत जम्मा रू.२४,००,०००।- दामासाहीको हिसाबले भरी पाउने र अन्य जाहेरवालाहरूले बैंक भौचर तथा लिखतमा उल्लिखित रकम र सो रकमको ५० प्रतिशतले हुने रकमसमेत हर्जानाबापत प्रतिवादी शारदा श्रेष्ठ सिंहबाट भरी पाउने तथा प्रतिवादी सुजाता सिंह श्रेष्ठउपरको अभियोग वादीले प्रमाणित गर्न सकेको नदेखिँदा निज प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ अनुसार सजाय गरिपाउँ भन्ने वादीदाबी पुग्न नसक्ने भनी भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।५।१७ को फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने ठहर्छ । अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०५४३, बहुविवाह, *रवि लामिछाने वि. नेपाल सरकार*

एकातर्फ सम्बन्धित प्रहरी कार्यालयमा पर्न आएको निवेदनबाटै बहुविवाहको कसुरमा अनुसन्धान तहकिकातसमेतको कारवाही आरम्भ गर्नुपर्नेमा सो गरेको देखिँदैन भने अर्कोतर्फ यी जाहेरवालीले पनि लोग्ने र सौताका विरूद्ध पटक पटक प्रहरीमा उजुर गरी मिलापत्र गरी बसेको अवस्थामा लामो अन्तरालपछि आफूलाई उचित सम्झेको बखत जाहेरी दिइ मुद्दाको उठान गरेको पाइन्छ । आफ्नो लोग्ने र सौताकाबीच विवाह भएको कुरा थाहा पाई प्रहरीमा उजुरबाजुर गरी मिलापत्रसमेत गरेको अवस्थामा आफ्नो हित विरूद्ध अंश मुद्दामा सहभागी हुन आएका कारण पुनः जाहेरी परेको देखियो । यसरी पटकपटक प्रहरी कार्यालयमा गई मिलापत्र गर्ने जाहेरवालीलाई आफ्नो अनुकूल नभएको बखत रीस साँध्ने ध्येयले जुनसुकै बखत पनि मुद्दाको कारवाही प्रारम्भ गर्ने विधायीकी मनसाय रहेको नदेखिने।

तसर्थ अनुसन्धान गर्ने निकायलाई नै कसुरका बारेमा मिति २०६४।६।२ मा थाहा जानकारी रहेको अवस्थामा बिहावारीको महलको ११ नं. मा तोकिएको हदम्याद नघाई दायर हुन आएको अभियोगपत्रलाई खारेज गर्नुपर्नेमा प्रतिवादी रवि लामिछानेलाई कसुरदार कायम गरी सजायसमेत गर्ने गरेको सुरू जिल्ला अदालतको मिति २०६८।११।२ को फैसला र सोही फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१०।२५ को फैसला मिलेको नदेखिँदा उल्टी भई हदम्याद नाघी कारवाही प्रारम्भ भएको प्रस्तुत मुद्दा खारेज हुने।

इजलास अधिकृतः इन्द्रबहादुर कठायत

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-१४१०, लेनदेन, *राजेन्द्रकुमार साहतेली वि. कुशेश्वर साफी*

प्रस्तुत मुद्दामा सुरू सप्तरी जिल्ला अदालतले ठहर गरेको जरिवाना रू.१५,६२५।- लाई घटाई रू.७०००।- मात्र जरिवाना हुने गरी जरिवानाको हकमासम्म केही उल्टी हुने गरी पुनरावेदन अदालत, राजविराजबाट फैसला भएको देखिँदा जरिवानाको अङ्क रू.२५,०००।- भन्दा कम नै देखिन आएबाट न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को अवस्था देखिन आएन। प्रस्तुत मुद्दाको फैसला हुनुपूर्व २०६७ सालमा नै न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को उल्लिखित व्यवस्थामा संशोधन

भइसकेको अवस्थामा प्रचलित कानूनी व्यवस्थाविपरीत संशोधनपूर्वको साबिक कानूनी व्यवस्थालाई आधार मानेर पर्न आएको प्रस्तुत पुनरावेदन रीतपूर्वक दर्ता भएको मान्न नमिल्ने ।

न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन पेस गर्नुपर्नेमा दफा ९ बमोजिम पर्न आएको क्षेत्राधिकार विहीन अवस्थाको पुनरावेदन पत्रबाट मुद्दाको तथ्यमा प्रवेश गर्न मिलेन । तसर्थ सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको फैसलाउपर यस अदालतमा पुनरावेदन पर्न आएको र न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम उक्त पुनरावेदन लाग्न सक्ने अवस्थाको नदेखिँदा अ.बं. १८० नं. बमोजिम क्षेत्राधिकारविहीन अवस्थामा दायर हुन आएको प्रस्तुत पुनरावेदनपत्र खारेज हुने ।

इजलास अधिकृत:- इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७१-CI-१४११, लेनदेन, *राजेन्द्रकुमार साहतेली वि. सुमित्रादेवी यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-१५००, उत्प्रेषण / परमादेश, *मुनेन्द्र झासमेत वि. काशीनाथ साफी*

प्रक्रियागतरूपमा नियुक्ति पाएको र बिदा स्वीकृत गरेर बसेको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको २०७१।३।२० को निर्णयानुसार २०७१।३।३२ को पत्र प्रेषित गरेको पाइयो । निज प्रत्यर्थी निवेदकलाई अवकाश दिनेसम्बन्धी विद्यालय व्यवस्थापन समितिको २०७१।३।२० को निर्णय हेर्दा निजलाई नियुक्ति दिने गरी भएको २०६४।९।१७ को निर्णय बेरीत भएको, नियुक्ति पाउँदाका बखत निजको उमेर ४० वर्षभन्दा बढी भइसकेको र विद्यालयको स्रोतबाट तलब भत्ता उपलब्ध गराउन रकम अभाव भएको भन्ने आधारमा नै निजलाई अवकाश दिने निर्णय भएको देखियो । तर निजलाई यसरी अवकाश दिनुपूर्व निजलाई सफाइको मौका पेस गर्न मनासिब माफिकको समय प्रदान गरेको नदेखिनुका साथै निजलाई पदमुक्त गर्नुपर्ने मनासिब आधार र कारणसमेत उल्लेख भएको नदेखिने ।

नियुक्ति प्रक्रिया गैरकानूनी भएको भए तत्कालीन अवस्थामा अर्थात् निजलाई नियुक्ति दिँदाका बखत नै सो कुराको चुनौती दिई नियुक्ति बदर गराउनु सक्नु पर्थ्यो । तर लामो अवधिपश्चात मुलतः कुनै पनि कर्मचारीलाई अवकाश दिँदा निजले व्यवसायिक कर्तव्य पूरा नगरेको र पेशागत आचरण उल्लङ्घन गरेको जस्ता ठोस आधार र कारण उल्लेख हुनुपर्ने हुन्छ । अघिल्लो विद्यालय व्यवस्थापन समितिको निर्णयलाई नयाँ व्यवस्थापन समितिले पूर्वाग्राही ढङ्गले बदर गरेको देखिन्छ । निज पेशागत कर्तव्यबाट विमूख रहेको र आचरणजन्य कसुर गरेको कुराको पुष्टि प्रस्तुत निर्णय र विद्यालय व्यवस्थापन समितिको लिखित जवाफ एवम् पुनरावेदन जिकिर लगायतका कुनै पनि कागज प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिने ।

यसरी विद्यालयको स्थायी पदमा नियुक्त कमर्चारीलाई हटाउनु पर्ने मनासिब आधार र कारण नखोली सम्बन्धित कर्मचारीलाई सुनुवाइको पर्याप्त समय नदिई तोकिएको विधि र प्रक्रियाविपरीत अघिल्लो व्यवस्थापन समितिको निर्णय बदर गरी निजलाई बर्खास्त गर्ने गरेको विद्यालय व्यवस्थापन समितिको मिति २०७१।३।२० को निर्णय बदर गरी निजलाई पूर्ववत्रूपमा काम गर्न दिनु भनी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।७।२५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CR-०२९९, बहुविवाह, *नेपाल सरकार वि. रसुल अलिमियासमेत*

जाहेरवालीले आफ्नो जाहेरी व्यहोरामा उल्लेख गराएको मिति २०७०।५।२५ मा थाहा पाएको भन्ने भनाइ नै खण्डित हुने गरी बकपत्र गरेको देखियो । प्रतिवादीहरूले आफूहरूको विवाह २०६२ सालमै भएको भनी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतसमक्षको बयानमा समेत उल्लेख गराएको र प्रतिवादीहरूका तर्फबाट २०६६।६।७ मा छोराको जायजन्म भएको र २०६२।८।२२ मा प्रतिवादीहरूको विवाह भएको भन्ने तथ्य मिसिल संलग्न रहेको जन्मदर्ता एवम् विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपिबाट समेत पुष्टि भइरहेको देखिने।

जाहेरवालीले अदालतसमक्ष उपस्थित भई गरेको बकपत्रको व्यहोराबाट प्रतिवादीहरूले दोस्रो विवाह गरेको मिति देखिको हरेक घटनाक्रमको प्रत्यक्षदर्शीका रूपमा रहेकी जाहेरवालीले मिति २०७०।५।२५ गतेभन्दा अगाडी नै दोस्रो विवाह गरेको थाहा पाई सो कुरालाई स्वीकार गरी आएको देखियो। यसरी प्रतिवादी दोस्रो विवाह गरी दुवै सौता-सौता एकै घरमा करिब ८ वर्षको अन्तरालसम्म सँगसँगै बसी सोको परिणामलाई आत्मासात गरी उक्त वैवाहिक सम्बन्ध पछाडिको हरेक गतिविधिहरूलाई स्वीकार गरी बसी आएको देखिन्छ। यसरी लोग्ने र सौतासँगै बसी निजहरूको वैवाहिक सम्बन्धलाई स्वीकार गर्ने र आफ्ना विरूद्धको अपराध स्वीकार गर्ने यी पीडितले तत्काल कहिँकतै उजुर बाजुर नगरी लामो अन्तरालपश्चात आफूलाई मनलागेको बखत उजुर गर्न पाउने भन्न नमिल्ने।

अपराधबाट पीडित भएको व्यक्तिले समयमा उजुर गर्नु निजको दायित्व र कर्तव्य दुवै हो। समयमा उजुर नगर्दा एकातर्फ प्रमाण लोप हुने अवस्था हुन्छ भने अर्कोतर्फ मुद्दाको अनुसन्धान जटिल बन्न पुग्छ। यसका साथै आफू अनुकूल परिस्थिति रहँदासम्म उजुर नगर्ने र आफ्नो प्रतिकूल हुँदा मन लागेको बखत उजुर गर्ने हो भने हदम्यादको निश्चितताको कुनै अर्थ रहदैन । बरू यो एउटा अस्त्रको रूपमा रहन पुग्छ जसको प्रयोग जहिलेसुकै गर्न सकिने हुन्छ । ऐनमा हदम्यादको व्यवस्था गर्नुको विधायिकी तात्पर्य पनि त्यस्तो नदेखिने।

२०६२ सालमा कान्छी श्रीमती विवाह गरेको कुरा जाहेरवालीलाई थाहा जानकारी भएको, दुवै सौता र लोग्नेसँग साथमा बसेका, कान्छी श्रीमतीबाट छोराको जायजन्म भएको, निजहरूले विवाह दर्ता, छोराको जन्म दर्ता र नागरिकता प्रमाण पत्रसमेतका कागजातहरू लिइसकेको अवस्थामा सबै कुराको जानकारी भएको जाहेरवालीले विवाह भएको र सोको थाहा जानकारी भएको करिब ८ वर्षसम्म यतिका लामो अन्तरालपछि दिएको जाहेरी र सोका आधारमा भएको अनुसन्धानबाट पेस हुन आएको अभियोग पत्र विहावरीको ११ नं. को हदम्याद भित्रको मान्न नमिल्ने।

नेपाल सरकारका विभिन्न निकायमा प्रतिवादीहरूले गरेको विवाह दर्ता, लिएको नागरिकता प्रमाण पत्र र छोराको जन्मदर्तासमेत गरेको देखिन्छ भने त्यस्ता कागजातहरू सम्बन्धित निकायमा अभिलेखबद्ध रहने हुन्छन्। यसरी नेपाल सरकारका विभिन्न निकायहरूमा अभिलेखबद्ध रहने प्रकृतिका प्रमाण पत्रहरू लिएको अवस्थामा निजहरूको कसुरका बारेमा सरकारी निकायहरू पनि जानकार नै देखिन्छन्। तत्काल कसुरका बारेमा जानकारी राख्ने सरकारी निकायबाट पनि निजहरूले गरेको कसुरका सम्बन्धमा अनुसन्धान छानबिनको प्रक्रिया अगाडि बढाएको देखिँदैन। यसरी जाहेरवाली स्वयम्ले थाहा जानकारी पाएको र कसुरको अनुसन्धान तहकिकात

गर्ने सम्बन्धमा सरकारी निकायहरूसमेत मौन बसेको अवस्थामा हाल आएर परेको जाहेरीका आधारमा प्रतिवादीहरू उपरको अभियोग दाबीलाई मुलुकी ऐन, बिहावरीको महलको ११ नं. को हदम्याद भित्रै दायर भएको मान्नुपर्ने भनी वादी नेपाल सरकारको तर्फबाट गरिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरवालीले घटना वारदातका सम्बन्धमा मौकामा सबै कुराको जानकारी पाइसकेको अवस्थामा चुप बसी आफूले जानकारी पाएको मिति नै कृत्रिमरूपमा उल्लेख गराई दिएको जाहेरीका आधारमा प्रतिवादीहरूलाई बहुविवाहको कसुरमा सजाय गर्ने हदम्यादको सुरूवात हुन नसक्ने हुँदा हदम्यादको अभावमा प्रतिवादीहरू उपरको अभियोगपत्र खारेज हुने ठहर्‍याएको सुरू स्याङ्जा जिल्ला अदालतको मिति २०७०।१२।२६ गतेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७१।८।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-०२१०, नामसारी, *रूद्रप्रसाद ढकाल वि. विष्णुदेवी ढकालसमेत*

मालपोत ऐनको दफा ८ (१) को प्रावधान हेर्दा नामसारी र दाखिल खारेजको काम पनि मालपोत कार्यालयले गर्न सक्ने नै देखिँदा प्रस्तुत विवादमा समावेश भएको जग्गाको नामसारी दाखिल खारेजको काम पनि मालपोत कार्यालयले गर्न सक्ने नै देखिन्छ । तर यसरी जग्गाको दर्ता तथा नामसारी दाखिल खारेज गर्ने विषय विवादरहित हुनुपर्ने र त्यसमा हक बेहकको प्रश्न समावेश भएको भए सोको निर्णय निरूपण अदालतबाट भएको हुनुपर्ने अर्थात् हकबेहक सम्बन्धी प्रश्न समावेश भएको जग्गाको दर्तासम्बन्धी काम मालपोत कार्यालयबाट नभई अदालतबाट निर्णय निरूपण भई आएपश्चात मात्र त्यस्तो जग्गा दर्ता गर्ने तथा नामसारी दाखिला खारेजको काम मालपोत कार्यालयले गर्नुपर्ने गरी सोही ऐनको दफा ३१ को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थाले निर्देशित गरेको देखिने।

आमाको पालनपोषण आफूले मात्र गरेकाले आमाको अपुतालीको आफू मात्र हकदार भई निजको नाउँको जग्गा आफ्नो नाममा नामसारी गरिपाउँ भन्ने वादीको निवेदन परेपछि ४ जना अन्य अंशियारले निजले मात्र अपताली पाउने होइन भन्ने दाबी गरेकाले प्रस्तुत विवादमा अंश, अपुताली, स्त्री अंश धन, हक बेहक लगायतका प्रश्नहरू खडा भएको देखिँदा उक्त विषय मालपोतको क्षेत्राधिकार भित्र पर्न आएको नदेखिने।

तसर्थ आमाको अपुताली परेकाले निजका नाउँको जग्गा आफ्नो नाउँमा नामसारी गरिपाउँ भन्ने वादी दाबीउपर प्रतिवादीहरूको निवेदन परेकाले हक बेहकसम्बन्धी प्रश्नको निरूपणका लागि जिल्ला अदालतमा पठाउनु पर्नेमा निवेदन मागबमोजिम विवादित जग्गाको नामसारी वादीका नाउँमा गर्ने ठहर्‍याएको मालपोत कार्यालय, सुनसरीको फैसला उल्टी भई सुरू जिल्ला अदालतमा पठाउने ठहर्‍याएको माननीय न्यायाधीश श्री शिवनारायण यादवको राय सदर गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।११।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०६७-CI-१४५२, अपुताली हक कायम नामसारी दर्ता, *तुलसीप्रसाद भारती वि. विष्णुकुमारी*

*भारती*

प्रस्तुत विवादमा मुख्य प्रमाणका रूपमा प्रस्तुत गरिएको २०५८।१०।१९ को अंशबन्डाको लिखतमा बाबुका नाउँमा रहेको सम्पत्ति बाबुआमाको मृत्युपछि काजक्रिया गर्ने छोराले पाउने भन्ने सर्त रहेको देखिन्छ । सोका अलावा उक्त जग्गा वादीले नै पाउने भन्ने कुनै विशेष व्यवस्था नभएको र बाबु आमा दुवैजनाको शेष भएपछि मात्र उक्त सर्त क्रियाशील हुने अवस्था एकातिर रहेको छ भने अर्कोतर्फ वादीले नै बाबुको औषधोपचार काजक्रिया गरेको भन्ने तथ्य पनि शंकारहित तबरले पुष्टि हुन सकेको देखिँदैन । अपुतालीको महलको २ नं.को उल्लिखित कानूनी व्यवस्थाले पनि लोग्नेको अपुतालीको पहिलो हकदार संगोलको पत्नीलाई मानेको र पहिलो पुस्ता अर्थात् पत्नी जीवित रहेसम्म दोस्रो पुस्ता अर्थात् छोरामा अपुताली हक श्रृजना हुने अवस्था नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुने नसकिने।

तसर्थ आमा जीवित रहेसम्म बाबु नरभूपालको सम्पत्तिमा वादीसमेतका अन्य व्यक्तिहरूको हक नलाग्ने हुँदा मृतक बाबुको नाममा रहेको जग्गामा वादीको अपुताली हक लाग्ने ठहऱ्याएको सुरू भोजपुर जिल्ला अदालतको फैसला उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।१०।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस २६ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-१५२७, लागु औषध ब्राउन सुगर, *धनबहादुर थापामगर वि. नेपाल सरकार*

मिति २०६८।५।२ गतेका दिन नै दुवैजना प्रतिवादीहरू पक्राउ परेको भन्ने देखिएको अवस्थामा “आफूले पोल गरेका आधारमा नै प्रतिवादी धनबहादुरलाई पक्राउ गरिएको” भनी गणेश गिरीको अदालतसमक्ष भएको बयानको उक्त कथन र “गणेश गिरीले रिसइवीले पोल गरेका आधारमा मात्र आफूलाई काठमाडौंबाट पक्राउ गरेको हो” भनी यी पुनरावेदक प्रतिवादी धनबहादुर थापाले अदालतसमक्ष गरेको उक्त बयान व्यहोराको सो कथनहरू तथ्ययुक्त तवरबाट पुष्टि गराउन सकेको नदेखिने।

मिसिल संलग्न रहेको मिति२०६८।५।२ को बरामदी मुचुल्का तथा प्रतिवेदक प्रहरी नायब निरीक्षक सुरेन्द्र यादवको प्रतिवेदन, प्रतिवादीहरूको मौकामा भएको बयान र प्रतिवेदक प्रहरी कर्मचारीले अदालतसमक्ष उपस्थित भई गरेको बकपत्रसमेतका आधारमा यी पुनरावेदक प्रतिवादी धनबहादुर थापा मगरको साथबाट बरामद भएको लागु औषधको परिमाणसमेत उपर मध्यनजर गरी निजलाई १५ वर्ष कैद र रू.५,००,०००|- जरिवानासमेत हुने ठहऱ्याएको सुरू पर्सा जिल्ला अदालतको मिति २०७०।११।१३ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१२।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७०-CR-०३५९, जबर्जस्ती करणी, *नेपाल सरकार वि. बुद्धिबहादुर तामाङ*

प्रतिवादीले पीडित साङ्केतिक नाम गुञ्जनगर "ख" लाई आफूले करणी गर्ने मनसायले चौर नजिक रहेको झाडीमा लगेको, निज नाबालिकालाई सुताएको र पीडितलाई जबर्जस्ती करणीको कसुर गरेको पुष्टि भई राखेकोले प्रतिवादी बुद्धिबहादुर तामाङले अभियोग दाबीबमोजिम जबर्जस्ती करणीको

कसुर गरेको देखिने ।

प्रतिवादीको उमेर १४ वर्षको देखिएकोले पीडितलाई क्षतिपूर्ति भराउनका लागि निज नाबालकको कुनै आर्थिक स्रोत नहुने भएकोले निजबाट भराई दिन मिल्ने देखिँदैन । तर पीडित र पीडक दुवै नाबालक भएको यस्तो अवस्थामा पीडकको आर्थिक हैसियत र निजले आर्थिक दायित्व वहन गर्नु नपर्ने उपर्युक्त कानूनी व्यवस्थाबाट पीडितले क्षतिपूर्ति पाउने हकबाट वञ्चित हुन जाने हुन्छ । पीडितले ऐनबमोजिम क्षतिपूर्ति पाउनु पर्ने बाध्यात्मक कानूनी व्यवस्था भएको देखिँदा यस्तो अवस्थामा नेपाल सरकारले जनताप्रतिको अभिभावकीय दायित्व बहन गर्नुपर्ने हुन्छ । क्षतिपूर्तिको हकमा नेपाल सरकारबाट क्षतिपूर्ति भराई दिने गरी ठहर गर्नुपर्नेमा पीडक प्रतिवादी नाबालक देखिन आएकोले केही गरिरहन परेन भनी चितवन जिल्ला अदालतबाट मिति २०६८।९।२७ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।१२।१२ मा भएको फैसला क्षतिपूर्ति नभराउने हदसम्म केही उल्टी भई पीडित गुञ्जनगर (ख) ले नेपाल सरकारबाट रू.२५,०००।– (पच्चीस हजार रूपैयाँ) क्षतिपूर्तिबापत पाउने ।

इजलास अधिकृत: ईन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल पुस २८ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०६७-CI-१५५८, निषेधाज्ञा, *लक्ष्मीदेवी प्रधानाङ्ग वि. भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका भक्तपुर थिमी*

कि.नं. ३८ को जग्गा निवेदिकाका पति आनन्दभक्त प्रधानाङ्गको नाममा दर्ता रहेको कुरामा कुनै विवाद देखिँदैन । उक्त जग्गाको पश्चिममा राज कुलो रहेको र सो राजकुलोमा ढल निकाससहित १४ फिटको बाटो निर्माण गर्न लागेको कुरा निवेदक स्वयम्ले स्वीकार गरेको र उक्त राजकुलो सार्वजनिक सम्पत्ति भएकाले सो राजकुलो भई बाटो निर्माण कार्य गरेको भन्ने मध्यपुर थिमी नगरपालिकाको लिखित जवाफ व्यहोराबाट पनि उक्त स्थानमा बाटो निर्माण कार्य भएको कुरामा पनि विवाद रहँदैन । यसैगरी यस अदालतको मिति २०७१।२।१ को आदेशानुसार सो निर्माण कार्यका सम्बन्धमा मध्यपुर थिमी नगरपालिकाबाट प्राप्त च.नं. ४६२४ मिति २०७१।२।२७ को पत्रानुसार मिति २०६७।३।२९ मा निर्माण कार्य सम्पन्न भइसकेको देखिने ।

राजकुलोमा नै बाटो निर्माण भएको कुरामा दुवै पक्षको मुख मिलेको रबाटो निर्माण कार्य सम्पन्न भइसकेको अवस्थामा सोबाटो निर्माण कार्य सम्बन्धमा नाप नक्सालगायतका थप प्रमाण नबुझिएको भन्ने पुनरावेदन जिकिर मनासिब नदेखिने ।

जुन प्रयोजनका लागि निषधाज्ञाको आदेश माग गरिएको हो सो प्रयोजन नै समाप्त भइसकेको अर्थात् बाटो निर्माण कार्य रोकी पाउँ भनेकोमा निर्माण कार्य नै सम्पन्न भइसकेको व्यहोराको जवाफ प्राप्त हुन आएको अवस्थामा निषधाज्ञाको आदेशबाट उपचार प्रदान गर्न सकिने विषय नै रहेन । जहाँ कानून प्रदत्त आफ्नो हक हितमा असर पर्ने गुन्जाइस रहेको आशंकाको भरपर्दो प्रमाणसहित मुद्दा परेको हुन्छ त्यस्तो अवस्थामा मात्र निषेधाज्ञाको आदेश जारी हुन सक्छ । तर जुन कार्य रोक्न माग भएको हो सो कार्य नै सम्पन्न भइसकेको अवस्थामा औचित्य समाप्त भइसकेको विषयमा निषेधाज्ञा जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।३।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस २६ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६७-WO-०७७६, परमादेश, *दिपेन्द्र चौधरी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

निवेदकलाई सेवाबाट हटाउने निर्णयउपर मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्रमार्फत मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडामा मिति २०६३।२।१४ मा पुनरावेदन गरेको भन्ने निवेदकको जिकिर देखिएकोमा मध्यक्षेत्र प्रहरी तालिम केन्द्र, भरतपुर र मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाको लिखित जवाफबाट निवेदकको पुनरावेदन दर्ता रहे भएको देखिँदैन । प्रहरी ऐन, २०४९ को नियम ९२ मा पुनरावेदनको कार्यविधि र नियम ९३ मा सजायको किसिम, सजाय दिने अधिकारी र पुनरावेदन सुन्ने अधिकारीसम्बन्धी व्यवस्था गरेको देखिन्छ। तसर्थ निवेदकलाई भविष्यमा सरकारी नोकरीबाट अयोग्य नठहरिने गरी सेवाबाट हटाइएको उपर पुनरावेदन गर्न वैकल्पिक उपचारको व्यवस्था प्रहरी नियमावली, २०४९ मा रहे भएको पाइने।

निवेदकलाई सेवाबाट हटाउने निर्णयउपर साधिकार निकायमा पुनरावेदन गरेको भनेकोमा सो निकायमा पुनरावेदन गरेको भन्ने नदेखिएको र प्रहरी नियमावलीले सेवाबाट हटाएको निर्णयउपर पुनरावेदन गर्ने वैकल्पिक उपचारको व्यवस्था गरेकोमा सो मार्ग प्रयोग नगरी पुनरावेदन नै दायर नगरी पुनरावेदन दायर गरेको भनी तथ्य ढाँटी रिट क्षेत्राधिकारबाट यस अदालतमा प्रवेश गरेको रिट निवेदनको औचित्यमा प्रवेश गरी निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

इति संवत् २०७३ साल वैशाख १२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-१५३४, वैदेशिक रोजगार, *दीपक थापा वि. नेपाल सरकार*

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्नको लागि इजाजत पत्र नलिए पनि यस कम्पनीले मिति २०६९।०५।०८ को कान्तिपुर (दैनिक) पत्रिकामा क्यानडा, पोल्याण्ड, अष्ट्रेलियालगायतका विभिन्न देशहरूको लागि "भिजिट भिसा प्रोसेस" भन्ने विज्ञापनसमेत प्रकाशित गरेको देखिन्छ । साथै निज दीपक थापाको मिसिल संलग्न Visiting Card हेर्दा सोमा USA, UK, Canada, Australia, Singapore and many more... भनी उल्लेख भएको पाइन्छ । यसबाट निज र आफ्नो उक्त कम्पनीका नाममा विभिन्न प्रयोजनका लागि विदेश पठाउने कार्यमा संलग्न रहेको देखिन आउने।

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत नभएको सनलाइट इन्टरनेशनल प्रा. लि. मार्फत सोका सञ्चालक प्रतिवादी दीपक थापाले जाहेरवाला ओमबहादुर पछाईबाट वैदेशिक भ्रमणको भिसा सिलसिलामा भनी डिपोजिटबापत रू.४,००,०००।- बुझी लिई मिति २०६९।०२।०५ मा लिखत गरिदिएको देखियो । सो लिखतमा रोजगार भन्ने शब्द काटी भ्रमणको भिसा भन्ने शब्दहरू राखेको र उक्त काटेको तथा थपेको ठाउँमा सही भएकोसमेत देखिँदैन । जाहेरवालाले पेस गरेको लिखतअनुसारको रकम मैले लिएको छैन केबल सही मात्र गरेको भन्ने प्रतिवादीले आफ्नो बयान तथा यस अदालतमा गरेको पुनरावेदनमा जिकिर लिए तापनि उक्त रकम निजले नलिएको भन्ने आधार केही देखिँदैन । रकम लिएको देखिने मुख्य प्रमाण कागज नै हुने हुँदा केबल रकम नलिएको भन्ने मौखिक भनाइका आधारमा रकम लिएको रहेनछ भनी भन्न नसकिने।

स्पष्टरूपमा रकम बुझिलिएँ भनी

सहिछापसमेत गरी दिएको कागजलाई अन्यथा मानी रकम बुझिलिएको रहेनछ भनी भन्न मिल्दैन । त्यस्तै निजले वैदेशिक भ्रमणको भिसाका लागि भनी लिखत गरेको भने पनि उक्त लिखतमा पहिला वैदेशिक रोजगारको सिलसिलामा भन्ने उल्लेख गरेको र पछि रोजगार शब्द काटी भ्रमण भिसा थप गरेकोमा सो काटे थपेको स्थानमा सहीसमेत भएको नदेखिएबाट नाम रोजगार वा भ्रमण जे राखेको भए पनि निजले वैदेशिक रोजगारीको लागि नै पठाइदिने भनी रकम लिएको प्रष्ट हुन जान्छ । यसरी स्टेशनरी सामान उत्पादन गर्ने उद्देश्य राखी स्थापना भएको कम्पनीका सञ्चालकले कम्पनीका नामबाट यी जाहेरवालालाई क्यानडा पठाइदिने भनी कागज गरी रकम लिएको र कागजमा उल्लिखित सर्तअनुसार विदेश पठाउन पनि नसकेको साथै रकम फिर्तासमेत गर्न नसकेको प्रस्ट भएबाट निजको उक्त कार्य कानूनसङ्गत मान्न नमिल्ने ।

प्रतिवादी दीपक थापाले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र नलिई जाहेरवालालाई वैदेशिक रोजगारमा लगाइदिने झुट्टा आश्वासन तथा प्रलोभन देखाई रू.४,००,०००।- लिएको कार्य वैदेशिक रोजगार ऐनको कानूनी व्यवस्थाको परिप्रक्ष्येमा वैदेशिक रोजगारसम्बन्धी कसुर रहे भएको नै प्रस्ट हुन आउने ।

जाहेरवालाबाट रोजगारीका लागि विदेश पठाइदिने भनी यी प्रतिवादीले रू.४,००,०००।- लिएको देखिन्छ । यसमा निजले जाहेरवालालाई विदेश पठाइसकेको अवस्था छैन । यस्तो अवस्थामा उल्लिखित दफा ४३ अनुसार लिएको रकम र त्यसरी लिएको रकमको पचास प्रतिशतले हुने रकम कसुरदारबाट हर्जानाबापत असुल गर्नुपर्ने र पीडितलाई विदेश पठाई नसकेकोले विदेश पठाइसकेकोमा कसुरदारलाई हुने तीन लाखदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद सजायको आधा सजाय हुने हुन्छ । यसअनुसार प्रस्तुत मुद्दामा जाहेरवालालाई विदेश पठाइसकेको अवस्था नहुँदा यी प्रतिवादी दीपक थापालाई १(एक) वर्ष ६(छ) महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र जाहेरवालाले हर्जानासहितको बिगो रू.६,००,०००।- (छ लाख रूपैयाँ) निज प्रतिवादीबाट भरी पाउने ठहऱ्याई सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी दीपक थापाले आरोपित कसुर गरेको देखिएको र जाहेरवालालाई विदेश पुऱ्याइसकेको अवस्था नहुँदा निज प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १(एक) वर्ष ६(छ) महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र जाहेरवालाले हर्जानासहितको बिगो रू.६,००,०००।- (छ लाख रूपैयाँ) निज प्रतिवादीबाट भरी पाउने ठहऱ्याई सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०७०।३।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल पुस ३ गते रोज १ मा शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की,** ०६७-WO-०७२५, उत्प्रेषण, *भुसकुलिया वि. मालपोत कार्यालय, राजविराजसमेत*

निवेदकले नेकाप २०५५ अङ्क १ निर्णय नं.६४९१ मा उत्प्रेषणको रिट निवेदनमा यस अदालतबाट प्रतिपादित सिद्धान्तका आधारमा प्रस्तुत रिट निवेदनमा विलम्बको सिद्धान्त नलाग्ने भनी जिकिर लिएको देखिन्छ । उक्त रिटमा प्रतिपादित सिद्धान्तको रोहमा प्रस्तुत रिट निवेदनलाई हेर्दा उक्त रिट निवेदन तत्कालीन श्री ५ को सरकारको मिति २०४९।१२।२७ मा भएको निर्णयउपर मिति २०५२।१।२९ मा करिव

२ वर्ष १ महिनाभित्र परेको देखिन्छ भने प्रस्तुत रिट निवेदन ३० वर्षपछि परेको देखिन्छ । साथै मालपोत कार्यालयले Prima Facia रूपमा नै कानूनी त्रुटिपूर्ण तथा अधिकारक्षेत्र विहिन र अनाधिकार निर्णय गरेको भन्ने जिकिर पनि देखिँदैन । प्रस्तुत रिट निवेदनमा निवेदकले उपचार खोज्न यति विलम्ब हुनुको उचित र विश्वासयोग्य कारण दिन सकेको अवस्थाको विद्यमानता पनि छैन । तसर्थ निवेदकले उल्लेखन गरेको उक्त प्रतिपादित सिद्धान्त प्रस्तुत रिट निवेदनमा आकर्षित हुन सक्ने नदेखिने ।

अतः रिट निवेदक उचित र विश्वासयोग्य कारणको विद्यमानता नदेखिएको अवस्थामा लामो समयपछि मात्र अदालत प्रवेश गरेको देखिएकोले विलम्बको सिद्धान्तको आधारमा प्रस्तुत रिट निवेदनबाट निवेदकले उपचार प्राप्त गर्न सक्ने नदेखिएकोले रिट निवेदनको तथ्यमा प्रवेश गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-WO-१२२८, प्रतिषेध / उत्प्रेषण / परमादेश, *जगन्नाथ मिश्रसमेत वि. शिक्षा मन्त्रालय, केशरमहलसमेत*

छात्रवृत्ति ऐन, २०२१ को दफा ४(२) को कानूनी व्यवस्था हेर्दा छात्रवृत्तिमा अध्ययन गरी फिर्ता आई प्रतिवेदन पेस गरेको मितिले एक वर्षभित्र नेपाल सरकारले त्यस्तो व्यक्तिलाई ५ वर्षसम्म सेवामा लगाउन सक्नेछ भन्ने उल्लेख रहेको हुँदा पूरा ५ वर्ष पूरा अवधि नै सेवामा लगाउनु पर्दछ भन्ने कानूनी व्यवस्था भएको हो भनी अर्थ लगाउनु विधायिकाको मनसायअनुकूल हुने देखिएन । विधायिका निर्मित उक्त कानूनी व्यवस्था कार्यान्वयनकै सिलसिलामा नेपाल सरकार मन्त्रिपरिषद्बाट चिकित्सा परिचालन निर्देशिका २०६२ जारी भएको देखिन्छ । उक्त चिकित्सा परिचालन निर्देशिका २०६२ को दफा ६(१) मा छात्रवृत्तिमा अध्ययन गरी फिर्ता आएको व्यक्तिलाई नेपाल सरकारले २ वर्ष नेपाल सरकारले तोकेको स्थानमा सेवाको लागि खटाउन सक्ने गरी भएको उक्त कानूनी व्यवस्था छात्रवृत्ति ऐन, २०२१ को दफा ४ प्रतिकूल हो भनी मान्न मिल्ने नदेखिने ।

अत: नेपाल सरकार मन्त्रिपरिषद्बाट जारी भएको चिकित्सा परिचालन निर्देशिका, २०६२ को दफा ६(१) अनुसार नेपाल सरकारले २(दुई) वर्षको लागि खटाउन सक्ने गरी भएको कानूनी व्यवस्था प्रचलित छात्रवृत्ति ऐनविपरीत नदेखिएको र छात्रवृत्तिमा अध्ययन गरी फिर्ता आएका डा. अशोक विक्रम शाहले उक्त तोकिएको २ (दुई) वर्षको अवधि सेवा नगरेको कारण छात्रवृत्ति ऐन, २०२१ को दफा ४(१) र (२) उल्लंघन गरेको ठहर गरी बिगो तथा जरिवाना असुल गर्नको लागि बिगो निर्धारण समितिको सिफारिसबमोजिम निर्धारित बिगो तथा जरिवाना असुलउपर गरी निजलाई सफाइ (Clearance) दिने गरी नेपाल सरकारबाट भए गरेका काम कारबाही कानूनसम्मत देखिँदा रिट निवेदन माग दाबी पुग्न सक्दैन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: तेजबहादुर खडका

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. अनिलकुमार सिन्हा,** ०७०-CR-११०४, १३३१, ९५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबहादुर विष्टसमेत, रामबहादुर विष्ट वि. नेपाल सरकार र नौलो जैसी वि. नेपाल सरकार*

वारदातमा हैते दमाईको घरमा प्रतिवादी रामबहादुर विष्ट, मृतक अने विष्ट, हैते दमाई लटे कामी,

प्रतिवादी नौलो जैसीले रक्सी सेवन गरी लटे कामीसँग नौलो जैसी र रामबहादुर विष्टले लिनुपर्ने रकम माग गर्दा लटे कामीले छैन भनेपछि वादविवाद सुरू भई हात हालाहाल हुँदा मृतक अने विष्टले छुट्याउदा लटे कामी उम्केर गएपछि रामबहादुर विष्टले अने विष्टलाई हिर्काउदा त्यहाँबाट भागेर सोही हैते दमाईको घरको भऱ्याङबाट माथि चढ्न लाग्दा प्रतिवादी रामबहादुर विष्टले मृतकलाई समाती तल खसाई घिसारेर २ पटक लात्ताले हिर्काएको, प्रतिवादी नौलो जैसीले लछारपछार पारेको भन्ने घटनाका प्रत्यक्षदर्शी हैते दमाई, ललितबहादुर विष्टले गरेको बकपत्रबाट देखिँदा यी प्रतिवादी रामबहादुर मतियार नभई मुख्य कसुरदार देखिँदा निज प्रतिवादी रामबहादुर विष्टउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) नं. आकर्षित हुने नदेखिँदा निज रामबहादुर विष्टलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम तीन वर्ष कैदको सजाय गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेको नदेखिने।

प्रतिवादी नौलो जैसीको अर्कै व्यक्ति लटे कामीसँगको लेनदेनको विषयमा विवाद हुँदा मृतक अने विष्टले छुट्याउन खोजेकोसम्म देखिन्छ। झगडा छुट्याउने व्यक्तिलाई नै अनाहकमा पटकपटक कुटपिट गरेको परिणामस्वरूप उपचारको क्रममा अने विष्टको मृत्यु भएको देखियो। यसबाट ज्यानसम्बन्धीको १४ नं. को बममोजिम तत्काल उठेको रीस थाम्न नसकी कुटपिट गरेको पुष्टि हुन सकेको पाइँदैन। यसरी आफ्नो ज्यान बचाउन भऱ्याङ्ग माथि चढेका मृतक अने विष्टलाई प्रतिवादी रामबहादुर विष्टले तानेर झारी घिसारेर लात्ताले हिर्काएका र प्रतिवादी नौलो जैसीले लछारपछार पारी घिसारेको समेत प्रत्यक्षदर्शी हैते दमाईसमेतको भनाईबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादी नौलो जैसीको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुनसक्ने नदेखिने।

मृतक अने विष्टलाई प्रतिवादी रामबहादुर विष्टले भऱ्याङ्ग माथिबाट तानेर भुइँमा पछारी लात्ताले हिर्काएका र प्रतिवादी नौलो जैसीले घिसारी लछार पछार पारी सामूहिक रूपमा दुवै जनाले गरेको कुटपिटको चोट पिरका कारण उपचारको क्रममा अने विष्टको मृत्यु भएको पुष्टि भएकोले निज प्रतिवादी रामबहादुर विष्ट र नौलो जैसीले मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको कसुर गरके पुष्टि हुन आयो। प्रतिबादी नौलो जैसीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय गर्ने गरेको सुरू रूकुम जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला तथा प्रतिवादी रामबहादुर विष्टलाई सुरू रूकुम जिल्ला अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम १०(दश) वर्ष कैद गर्ने गरेको फैसलालाई पुनरावेदन अदालत, तुलसीपुरले केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम तीन वर्ष कैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।३।२६ को फैसला नमिलेकोले उल्टी भई दुवै प्रतिवादी रामबहादुर विष्ट र नौलो जैसीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम जन्मकैदको सजाय हुने।

उनाउ व्यक्तिसँगको लेनदेनको विषयमा विवाद हुँदा मृतक अने विष्टले सम्झाई छुट्याउन खोज्दा मृतक अने विष्ट लाई प्रतिबादी रामबहादुर बिष्ट र नौलो जैसीले कुटपिट गरी उपचारका लागि अस्पताल पुऱ्याएका र मारौं भन्ने पूर्व योजना, मनसायसमेत रहे भएको नदेखिएको, मादक पदार्थ सेवन गरी अनाहकमा कुटपिट गरी उपचारको क्रममा मृतक अने विष्टको मृत्यु भएको देखिँदा यी प्रतिवादीहरूलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन अ.बं. १८८

नं. बमोजिम १० (दश) वर्ष मात्र कैदको सजाय गर्दा पनि ऐनको मकसद पूरा हुने देखिएकोले प्रतिवादीहरू रामबहादुर विष्ट र नौलो जैसीलाई अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष मात्र कैदको सजाय हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ १३ गते रोज २ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CR-०९३५, वैदेशिक रोजगार ठगी, *ओमबहादुर गुरूङ वि. नेपाल सरकार*

जाहेरवालाहरूले आफूलाई विभिन्न देशमा पठाई दिने भनी प्रतिवादीमध्येका हाई हिमालयन गोर्खा सर्भिसेज प्रा.लि. का सञ्चालक यी पुनरावेदक प्रतिवादी ओमबहादुर गुरूङसमेतले रकम लिएको भनी किटानी जाहेरी दिई सोहीअनुरूप बकपत्र गरेको र जाहेरवालाहरूले पेस गरेको तमसुक तथा करारसमेतमा कम्पनीको छाप लागेको देखिई उक्त कागजमा अध्यक्ष डा. शक्तिप्रसाद श्रेष्ठ र यी पुनरावेदक प्रतिवादीले हस्ताक्षर गरी दिएको देखिन्छ । त्यसै काशीनाथ तिवारीसँग भएको मिति २०६३।७।२३ को करारसमेत प्रबन्ध निर्देशक यी पुनरावेदक ओमबहादुर गुरूङबाट भएको देखिन्छ । पुनरावेदक प्रतिवादी ओमबहादुर गुरूङले रकम बुझेको कुरामा स्वीकार रहेको, सबै जाहेरवालाहरूसँग ओमबहादुर गुरूङले समेत रकम बुझी सम्झौतासमेत गरेको र केही जाहेरवालाहरू विदेश पठाई अलपत्र पारी फर्कि आएको समेत देखिएकोले यी पुनरावेदक कसुरदार रहेनछन् भनी मान्न मिल्ने अवस्था नदेखिने।

अतःउपर्युक्त विवेचित आधार प्रमाणबाट यी पुनरावेदक / प्रतिवादी ओमबहादुर गुरूङलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिम रू.५,००,०००।– जरिवाना हुने र जाहेरवालाहरूले निज प्रतिवादीसँग दामासायीले बिगोसमेत भरी पाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६७।१०।०३ को फैसला निजको हकमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-१२३०, वैदेशिक रोजगार ठगी, *ओमबहादुर गुरूङ वि. नेपाल सरकार*

हाई हिमालयन गोर्खा सर्भिस प्रा.लि. को यी पुनरावेदक प्रतिवादी ओमबहादुर गुरूङसमेत सञ्चालक रहेकोमा विवाद देखिँदैन । उक्त कम्पनी कानूनी व्यक्ति (Legal person) भएकोले सो कानूनी निकाय स्वतः सञ्चालित नभई जैविक प्राणी (Biological creature) यिनै सञ्चालक पुनरावेदक प्रतिवादी ओमबहादुर गुरूङसमेतबाट सञ्चालित हुने भएकोले कम्पनीले गरेका सम्पूर्ण काम कारवाहीको देवानी तथा फौजदारी दायित्व निजले व्यहोर्नु नपर्ने भन्न मिल्दैन। उक्त कम्पनीलाई प्रतिवादी नबनाउँदैमा सो कम्पनीको नाउँबाट यी प्रतिवादीले गरेको कसुरजन्य काम कारबाहीबाट निजहरूले उन्मुक्ति पाउन सक्ने नदेखिने।

पुनरावेदक प्रतिवादी ओमबहादुर गुरूङलाई तत्काल प्रचलित वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिम जनही १ वर्ष ६ महिना कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र निजसमेतबाट रसिद भरपाई र करारनामा समेतको आधारमा सुरू अदालतको फैसलाको तपसिल खण्डमा

उल्लिखित जाहेरवालाहरूको बिगो र ५० प्रतिशत हर्जानासमेत दामासाहीले भराई पाउने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।७।१६ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१२।०३ को फैसला निज प्रतिवादी ओमबहादुर गुरूङको हकमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०१६३, वैदेशिक रोजगार ठगी, *ओमबहादुर गुरूङ वि. नेपाल सरकार*

हाई हिमालयन गोर्खा सर्भिसेजका सञ्चालकहरूले कम्पनीको नामबाट जाहेरवालाहरूलाई विभिन्न मुलुक लैजाने भनी भिन्नभिन्न दरमा रकम उठाई नपठाएको वा पठाएपनि काम दिन नसकि फर्किएको अवस्थामा त्यस्तो दण्डनीय कार्यमा सो कम्पनीका सञ्चालकहरू उत्तरदायी हुने कुरामा दुई मत हुन आउँदैन। कम्पनी तर्फबाट रकम उठाई फौजदारी कसुर ठहर भएकोमा सञ्चालकहरूले फौज्दारी दायित्व बहन गर्नुपर्ने।

अतः यी प्रतिवादी ओमबहादुर गुरूङलाई कैद नगरी वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४ को उपदफा (२) बमोजिम रू. २,५०,०००।– (दुई लाख पचास हजार) जरिवाना हुने र बिगोको हकमा यो यो प्रतिवादीले यो यति रकम खाएको भन्ने यकिन रूपले मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि नभएकाले अभियोग पत्र माग दाबीबमोजिम तीनै जना प्रतिवादीहरूबाट वैदेशिक रोजगार न्यायाधिकरणको फैसलामा उल्लिखित रकम दोहोरो नपर्ने गरी र विदेश पुगी फर्केकाले जनही रू. ५०,०००।– (पचास हजार) का दरले दामासाहीले जाहेरवालाहरूले भरिपाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।६।१ मा भएको फैसला निजको हकमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-०७०८, ०७०-CR-१०४६, जबरजस्ती करणी, *नेपाल सरकार वि. रामकुमार सार्की र रामकुमार सार्की वि. नेपाल सरकार*

पीडितको मौकाको कथनको प्रामाणिक मूल्यलाई शुन्य भइसकेको भनी ठहराउन सकिने अवस्था नरहेको र प्रतिवादीको करणीको सम्बन्धमा मौकामा भएको साबिती बयान निजका बिरूद्ध प्रमाणग्राह्य स्थितिमा रहेको र पीडिताको मौकाको शारीरिक परीक्षण प्रतिवेदनसमेतका प्रमाणहरू परस्पर समर्थनसमेत भएको अवस्थामा यी प्रतिवादीले सुरू अदालतसमक्षको बयानमा लिएको कोरा इन्कारीको भरमा यी प्रतिवादीले पीडितालाई करणी गरेको रहेनछन् भनी मान्न सकिने स्थिति रहदैन। पीडितालाई मुलुकी ऐन, जबर्जस्ती करणीको १ नं. विपरीत करणी गरी जबर्जस्ती करणीको कसुर अपराध गरेकै भन्ने वारदात कसुर खम्बीर हुन आउने हुँदा यी प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी गरेको ठहऱ्याएको र मुलुकी ऐन, जबर्जस्ती करणीको ३(३) नं. बमोजिम प्रतिवादीलाई ६ वर्ष कैद सजाय गरी पीडितालाई प्रतिवादीबाट रू.१०,०००।– क्षतिपूर्तिसमेत भराएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न मिल्ने देखिएन तसर्थ पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग

सहमत हुन नसकिने ।

शारीरिक परीक्षण रिपोर्टमा निजको अवस्था अपाङ्ग वा शारीरिकरूपमा अशक्त रहेको भन्ने कुरा परीक्षणबाट देखिएको भनी उल्लेख भएको पनि पाइँदैन । पीडित अदालतमा उपस्थित पनि नभएको अवस्थामा न्यायकर्ताले निज पीडित सुस्त मनस्थिति की रहेको भनी अनुमानका भरमा भन्न सकिने स्थिति पनि रहँदैन । निज पीडित सुस्त मनस्थितिकी रहे भएको पुष्टि हुनेसम्मको स्वतन्त्रतवरको प्रमाणको अभाव रहेको र पीडिताको अदालतमा उपस्थितिसमेत नरहेको अवस्थामा आत्मनिष्ठ तवरबाट पीडित सुस्त मनस्थितिको होलिन् भन्ने अनुमानित कुराको भर गरी मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३क. नं. को प्रावधान आकृष्ट गराई निज प्रतिवादीलाई थप ५ वर्ष कैदसमेत गर्ने ठहऱ्याएको हदसम्म सुरू जिल्ला अदालतको फैसलालाई उल्टी गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने ।

अतः माथि विवेचित तथ्य आधार र प्रमाणहरूबाट प्रतिवादी वुद्धे भन्ने रामकुमार सार्कीले मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नं. बमोजिमको कसुर गरेको ठहरी निजलाई ऐ.ऐनको ३ (३) नं. बमोजिम कैद वर्ष ६ र पीडिता बालिका उपनाम "I" सुस्त मनस्थितीकी समेत रहेको भन्ने देखिँदा ऐ.को ३ क.नं. बमोजिम थप ५ वर्षसमेत जम्मा ११ वर्ष कैद हुने, ऐ.महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडिताले रू.१०,०००।– क्षतिपूर्तिसमेत भराई दिने ठहऱ्याई सुरू झापा जिल्ला अदालतको मिति २०६९।३।७। को फैसलालाई केही उल्टी गरी प्रतिवादीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको ३ क.नं. बमोजिम थप ५ वर्ष कैद सजाय गरेको हदसम्मको प्रतिवादीउपरको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई निजलाई ऐ. ऐनको ३(३) नं. बमोजिम ६ वर्ष कैद सजाय गरी पीडिताले प्रतिवादीबाट रू.१०,०००।– क्षतिपूर्तिसमेत भरिपाउने ठहऱ्याएको पुनरावेदन अदालतको मिति २०७०।२।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०६६४, बहुविवाह, *नेपाल सरकार वि. शोभा कुमारी सार्कीसमेत*

जाहेरवाली हिरा परियारलाई उपस्थित गराइदिनु भनी वादी नेपाल सरकारलाई पटकपटक मौका प्रदान गर्दासमेत उपस्थित गराई बकपत्र गराउन सकेको देखिँदैन । जाहेरवाली अदालतमा उपस्थित भई बकपत्र गर्न नसकेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १८ ले जाहेरवालाको भनाई प्रमाणयोग्य देखिएन । जाहेरी दरखास्त पुष्टि हुने अन्य प्रमाण पनि देखिँदैन । कागज गर्ने घटना विवरणका मानिस रामबहादुर परियारले अदालतमा आई बकपत्र गर्दासमेत प्रतिवादीसँग साथमा जाहेरवाली नबसेका कारण बाध्यतावश दोश्रो विवाह गरेको र जेठी श्रीमतीले प्रतिवादी सुरज परियारसँग अंश लिई सम्बन्ध विच्छेदसमेत भइसकेको भन्ने कुरा उल्लेख गरी बकपत्र गरेको पाइन्छ । निज जाहेरवालीले २०६८।१०।२० मा सुरू लमजुङ जिल्ला अदालतमा सम्बन्ध विच्छेद गरिपाउँ भनी फिराद दिएकीमा सो मुद्दामा अंश र खानलाउन बापत रकम बुझी सम्बन्ध विच्छेद हुने गरी मिलापत्र भएको २०६८।१०।२४ (०६९-CG-००३८) को सम्बन्ध विच्छेद मुद्दाबाट देखिन्छ । जाहेरवाली हिरा परियार अदालतमा उपस्थित भई बकपत्र गरी जाहेरी व्यहोरालाई पुष्टि गराउनसमेत नसकेबाट प्रतिवादीहरूको कार्य कसुर पुष्टि हुने आधार मिसिल संलग्न प्रमाण कागजातहरूबाट नदेखिएको अवस्थामा उल्लिखित कानूनी व्यवस्थाविपरीत भयो भन्नु युक्तिसङ्गत नदेखिने ।

अतः माथि विवेचित तथ्य, प्रमाण र

कानूनसमेतको आधारबाट प्रतिवादीहरू सुरज परियार र शोभाकुमारी सार्कीलाई अभियोग दाबीबाट सफाइ दिने गरी लमजुङ जिल्ला अदालतबाट भएको मिति २०६९।१।२० को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पोखराबाट भएको मिति २०६९।१२।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ ६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CI-१५४४, लेनदेन, *तेजकरण जैन वि. नारायणी नेशनल फाईनान्स लि.*

पुनरावेदक वादीले हायर पर्चेज कर्जाअन्तर्गत दिएको कर्जा रकममध्ये बाँकी रहेको रकम सम्बन्धमा दाबी गरेकोमा वादी तर्फबाट अघि पटकपटक जम्मा रकम चुक्ता गर्नलाई पत्र पठाएको सवारी साधन बुझाउनलाई पत्रिकामा सूचना प्रकाशित गरेको पाइन्छ। सवारी साधन पक्राउ गर्ने पत्राचार गरिएको छ। ऋण लिँदा जमानीमा तेजकरण जैन बसेको देखिन्छ। ऋणीले साँवा ब्याज नबुझाएमा जमानी दिनेको दायित्व रहने कुरो स्वयम् जमानी बस्नेले नै कबुल गरी सहीछाप गरि दिएको देखिन्छ। ऋणीलाई दिएको सूचनाको वोधार्थ निज प्रतिवादी तेजकरणलाई पनि दिएको र जमानी कर्ताले आफ्नो कर्तव्य पूरा गरेको नदेखिएको अवस्थामा साहू नारायणी नेशनल फाइनान्सलाई आफ्नो बाँकी रकम यी प्रतिवादीबाट असुलउपर गरी लिन पाउने हक सुरक्षित रहेको एवम् यी प्रतिवादीहरूले दाबीअनुसारको बाँकी साँवा, ब्याज विमा तथा अन्य रकमसमेत वादीहरूलाई तिर्न बुझाउनुपर्ने गरी भएको फैसला कानूनसम्मत नै देखिने।

अतः माथि विवेचित आधार र कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने गरी मिति २०७०।०१।१२ मा भएको फैसला उल्टी गरी फिराद दाबीअनुसारको साँवा ब्याज विमा तथा अन्य दस्तुरसमेत प्रतिवादीबाट वादीले असुलउपर गराई भराई लिन पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति मिति २०७१।१०।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७३ साल माघ ६ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१३९१ र ०७१-CR-००४५, अपहरण र कर्तव्य ज्यान, *रामशिला देवी यादव वि. नेपाल सरकार र नेपाल सरकार वि. रामशिला देवी यादवसमेत*

प्रतिवादी रामशिलाले गरेको बयानमा यी प्रतिवादी मनोज राय यादवलाई कहिँकतै पोल गरेको देखिँदैन। प्रतिवादी मनोज राय यादवलाई चिन्दिन भनी भनेको अवस्था छ। अपहरणकारीले मागेको पाँच लाख फिरौतीबापतको रकम लिई गएका मानवर हुसैनले घटना विवरण कागज गर्दा ९८०४८६११३२ नं. को मोवाइलबाट फोन आएको भनी खुलाएका छन् र उक्त मोवाइल प्रतिवादी मनोज राय यादव नाउँमा दर्ता भएको देखिँदैन। रामशीला देवीले छोटु सिँह यादवले खरिद गरी ल्याएको मोवाइलबाट मैले फिरौती रकम माग गरेको र सो फिरौती प्राप्त गरेकी हुँ भनी उल्लेख गरेको अवस्था छ। यी प्रतिवादीले आरोपित कसुरमा इन्कारी भई अदालतमा बयान गरेको र इन्कारी निजका साक्षीको बकपत्रबाट सम्मिलित भएको पनि छ। यी प्रतिवादी मनोज राय यादवको उक्त कसुर वारदातमा संलग्नता रहेको भनी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

अपहरणकारीले मृतकलाई लिई गएको भनिएको मोटरसाइकल मृतकबाट अपहरणकारीले

आफ्नो कब्जामा राखेको भन्ने कुरा कुनै प्रमाण कागजातबाट पुष्टि हुन आएको देखिँदैन । सो मोटरसाइकलको स्वामित्व कसको नाउँमा रहेको छ भन्नेसमेत स्पष्टसँग खुल्न आएको देखिँदैन । मृतकसँग रहेको भनिएको मोवाइल सेट कस्तो प्रकारको हो र त्यसको के कति मोल पर्ने हो भनी खुलाइएको अवस्था छैन। मृतकको साथमा रहेको भनीएको नगर साठी हजार रूपैयाँ पनि मृतकसँगै थियो भन्ने कुरा मिसिल संलग्न कुनै प्रमाण कागजातहरूबाट पुष्टि हुन सकेको देखिँदैन। केवल जाहेरवालाले जाहेरी दरखास्तमा साथमा नगद साथमा थियो भनी लेखाएको र अभियोगमा सो भराई पाउने माग दाबीबाहेक अन्य सबूत प्रमाणहरूबाट निजको साथमा नै उक्त रकम रहेको भन्ने पुष्टि हुन आएको नदेखिँदा अदालत आफैँले अनुमान गरी निजको साथमा रहेको सो नगद रूपैयाँ थियो भनी भन्न मिल्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार, प्रमाण र कारणहरूसमेतबाट प्रतिवादी रामशिला देवीबाट फिरौतीबापत लिएको पाँच लाख रूपैयाँ जाहेरवालालाई भराई दिने र निज प्रतिवादी रामशिला देवीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद र अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम पचास हजार रूपैयाँ जरिवानासमेत हुने ठहऱ्याई अर्का प्रतिवादी मनोज राय यादवलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।०९।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ २८ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०६८८, विष खुवाई कर्तव्य ज्यान, *सुलेना देवी महरा वि. नेपाल सरकार*

प्रतिवादीको साबिती बयान लगायत वस्तुस्थिति मुचुल्का कागजमा सही गर्ने जुगेश्वर महरा, शैलो देवी महरा, अजबती देवी महरासमेतले निज प्रतिवादी सुलेना देवी महराले घरायसी बिवादको कारण घरमा कोही नभएको अबस्थामा आफनै घर कोठा भित्रबाट ढोका बन्द गरी आफू पनि विष सेवन गरी आफनै काखको १५ महिनाको नाबालक छोरा किसुन महरासमेतलाई विष सेवन गराई उपचारको क्रममा प्रतिवादी आफू बाच्न सफल भएको र निजका छोराको मृत्यु हुन गएको भन्ने ब्यहोराको मिति २०६८।७।३ को वस्तुस्थिति मुचुल्काबाट देखिँदा यी प्रतिबादीले खुवाएको विषबाटै निजको १५ महिने छोराको मृत्यु भएकोमा कुनै विवाद नै नरहेकोले निज प्रतिवादीले ज्यानसम्बन्धी महलको १ र १३(२) बमोजिमको कसुर अपराध गरेको अन्यथा हो भनी अनुमान गर्न मिल्ने देखिँदैन। तसर्थ प्रतिवादी सुलेना देवी महरालाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्म कैद गर्ने गरी सुरू सिराहा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

अ.बं. १८८ नं. को व्यवस्थाले न्यायकर्तालाई सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएको मुद्दाका कसुरदारको हकमा मात्र कम सजाय गर्न सकिने विशेष अधिकार प्रदान गरेको देखिन्छ। अपराध गर्दाको अवस्था, परिस्थिति र वारदातको प्रकृतिकासाथै अभियुक्तको शारीरिक, मानसिक र पारिवारिक पृष्ठभुमीसमेत विचार गर्दा ऐनद्वारा निर्धारित सजाय अपराधको तुलनामा अत्यधिक भई न्यायपूर्ण नहुने भएमा मात्र विशेष न्यायिक विवेकको प्रयोगबाट अपराध र सजायमा अदालतले न्यायिक सन्तुलन कायम गर्न अ.बं.१८८ नं. प्रयोग गर्नुपर्ने।

प्रतिवादी सुलेना देवी महराले आफ्नो काखको दुधे बालकलाई विष खुवाई घरमा भएको अशान्तिसमेतको कारणले मानसिक रूपमा विचलित भई आफू पनि मर्ने मनसाय राखी विष सेवन गर्दा यो घटना हुन गएको देखिन्छ । यसरी बारम्बारको घरायसी विवादको परिणाम स्वरूप विचलित मानसिक अवस्थामा आई आफूले पनि विष सेवन गरेको र बच्चालाई पनि सेवन गराएकोमा संयोगवश आफू बाँची बच्चा मर्न गएको, बच्चालाई मार्ने पुर्व मनसायको अभाव भएको साथै पीडितको उमेरसमेतलाई दृष्टिगत गर्दा सर्वस्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्ने हुँदा अ.बं. १८८ नं. अनुसार सात वर्ष कैदको सजाय गर्दा उचित र पर्याप्त हुने देखिँदा सात वर्ष कैद सजाय मात्र हुने ।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल माघ २८ गते रोज ०६ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-RB-०२०६, आयकर (आ.व.२०६५।६६), *आनन्दराज ढकाल वि. कृष्ण अयल एण्ड रिफाइनरी-भेजिटेवल घि इन्डष्ट्रिज प्रा. लि. काठमाडौं*

आयकर ऐन, २०५८ को दफा १३ ले कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित सो आय वर्षमा भएका सो व्यक्तिबाट भएका र व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका खर्चहरू कट्टी गर्न पाउने व्ययस्थाअनुसार करदातालाई त्यस्तो खर्चहरू कट्टा गर्न पाउनेमा विवाद देखिँदैन । अतिथि सत्कार अन्तर्गत खर्च गर्न पाउने होइन भनी कानूनले निषेध गरेको पनि देखिँदैन । यी करदाताको समग्र कारोबार हेर्दा अतिथि सत्कारमा प्रयोग गरेको खर्च रू.४३,८६७।८० वर्ष दिन भरीको सामान्य देखिएको र त्यस्तो खर्च गर्न पाउने उक्त दफा १३ को व्यवस्थाले करदातालाई निषेधसमेत गरेको नदेखिने ।

करदाताले सुरू कार्यालयमा मिति २०६७।१।२६ मा दर्ता गराएको जवाफमा नेपाल विद्युत् प्राधिकरणले आफ्नो सुविधाअनुसार विभिन्न ठाउँको मिटर रिडिङ सो महिनाको विभिन्न मितिमा गर्ने गरेको र लेखाको सिद्धान्त अनुसार कुनै आय वर्षमा १२ महिनाभन्दा बढी खर्च दाबी गरेकोलाई अमान्य हुने र करदाता कम्पनीले पनि विगत वर्षमा झैं यस वर्षमा पनि १२ महिनाको नै विद्युत महशुल खर्च लेखेका छौं भनी जवाफ दिएको देखिन्छ । यसरी हेर्दा कम्पनी सञ्चालनार्थ भएको विद्युत् महशुललाई अन्यथा भन्न मिल्ने नदेखिने ।

करदाताले आ.व. २०६२।०६३ मा लुम्बिनी चिनी कारखानामा रू.५०,००,०००।- लगानी गरेको र सो लगानी रकम यस आ.व.मा पनि निरन्तर रहेको पाइयो । करदाताले पुँजीको अभाव भएको कारणले बैंकबाट Loan लिई सोको ब्याज खर्चमा दाबी गरेको देखिन्छ । लुम्बिनी चिनी कारखानामा लगानी गरेको रू.५०,००,०००।- को ब्याज खर्च चालु आ.व.को अन्य आर्जनसँग एकातर्फ सम्बन्धित देखिँदैन भने अर्कातर्फ सोको प्रतिफल प्राप्त नभएको अवस्थामा विद्यमान भई उद्योगलाई अतिरिक्त ब्याज दायित्व पर्ने देखिँदा व्यवसाय प्रयोजनका लागि प्राप्त Loan लगानी गरेकोमा सो लगानी गरेको हदसम्मको ब्याज न्यून गरी व्यवसाय प्रयोजनका लागि प्रयोग भएको Loan को मात्र ब्याज दाबी गर्नुपर्नेमा पुरै दाबी गरेकोले आयकर ऐन, २०५८ को दफा १४ बमोजिम ब्याज कट्टी गर्न पाउने नदेखिने ।

करदाताले LC wise अर्थात् विवरणमा

समावेश भएको Tank Rent बापतको खर्च प्रमाण बिल बिजक तथा भुक्तानी गरेको प्रमाण सम्बन्धमा कानूनबमोजिम सफाइ पेस गर्ने बेलामा सोबारे प्रमाण, विल भरपाइ पेस गरेको मिसिल संलग्न प्रमाणबाट नदेखिँदा आयकर ऐन, २०५८ को दफा १३ बमोजिम रकम कट्टी पाउने नदेखिने।

OT fees रू. ९,१४,९९०।४० कम्पनीको कच्चा तेलको पैठारीसँग प्रत्यक्ष सम्बन्धित तथा वास्तविक भएको र सो खर्चलाई करदाताले कम्पनीको खरिदको लागतमा समावेश गरी बिक्री गरिसकेको तथा अन्तिम मौज्दातको मूल्याङ्कन गर्दा पनि उक्त खर्चलाई प्रति इकाई मोलमा समेत समावेश गरी मूल्याङ्कन गरिसकेको अवस्था हुँदा र उक्त कुरालाई पुष्टि गर्ने विल भरपाईहरू मिसिल संलग्न रहेको देखिँदा उक्त OT fees न्यायोचित नै देखिने।

उद्योगले व्यापार व्यवसाय प्रवर्धनकै सिलसिलामा शुभकामना प्रकाशन गर्ने, कम्पनीका प्रतिनिधिहरूको आन्तरिक भ्रमणको बिल भौचर मिति २०६७।१।२४ को सूचनाको जवाफसँगै पेस गरेको मिसिल संलग्न प्रमाणबाट देखिइ रहेको अवस्थामा रू. २,८२,०८३।- प्रशासनिक खर्च न्यायोचित नै देखिने।

आय आर्जनसँग सम्बन्धित व्यवसायिक प्रकृतिका खर्चलाई कट्टी दिनुपर्ने ऐनको मनसाय रहेको अर्थात् त्यस्तो अतिथि सत्कारमा खर्च गर्न नपाउने भनी ऐनले निषेध नगरेपछि भिषा कार्डबाट भुक्तानी गरेको मनोरञ्जन खर्च भनी करदाताको कानूनी अधिकारलाई कुण्ठित गर्न एकातर्फ मिल्दैन भने अर्कातर्फ आधुनिक युगमा सवै ठाउँमा नगद तथा चेकबुक बोकी हिड्न सक्ने अवस्था पनि नहुन सक्दछ । भिसा कार्डबाट भुक्तानी गरेको कारणले मात्र कानूनविपरीत भयो भन्नु न्यायोचित नहुने।

अतः माथि विवेचित आधार प्रमाणबाट श्रीकृष्ण आयल एण्ड रिफाइनरी भेजिटेवल घिं इण्डष्ट्रिज प्रा.लि. काठमाडौंले लगानीको ब्याज खर्च रू.२,२५,११७।- र Tank Rent रू.२२,४७२।- गरी जम्मा रू.२,४७,५८९।– आयमा समावेश भई कर छुट नभई करदाताले तिर्न बुझाउनु पर्ने र बाँकी अतिथि सत्कार खर्च रू.४३,८६७।८०, विद्युत् खर्च रू.४,५५,७४२।- OT Fees रू.९,१४,९९०।४०, प्रशासनिक खर्च रू.२,८२,०८३।- र क्रेडिट कार्डबाट भुक्तानी गरिएको अतिथि सत्कार खर्च रू.३८,६५९।६१ कर मिन्हा पाउने नै देखिँदा राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०६८।९।२० को फैसला केही उल्टी हुने।

इजलास अधिकृत: विद्याराज पौडेल
कम्प्युटर: यामप्रसाद रेग्मी
इति संवत् २०७३ साल पुस २६ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७१-RB-०२०५, आयकर (आ.व.२०६४।६५), *आनन्दराज ढकाल, वि. कृष्ण अयल एण्ड रिफाइनरी-भेजिटेवल घि इन्डष्ट्रिज प्रा.लि., काठमाडौं* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-०६२९, जग्गा खिचोला मेटाई चलन, *शिवप्रसाद उपाध्याय वि. डिलप्रसाद थपलिया*

अदालतबाट भई आएको नक्सा मुचुल्का हेर्दा वादीले भोग गरेको न.नं. ७ को कि.नं. १९९, न.नं. ८ को कि.नं. २०० र न.नं. १० को कि.नं. ३५५ को जग्गा र प्रतिवादीको न.नं. ८ को कि.नं. ६० को जग्गाको सिमानामा (दुवैको बीचमा) परापूर्वदेखिको वर्षाको पानी बग्ने अड्भलेस्रो (खोल्सी) रहेको नक्सा मुचुल्काबाट देखिने।

वादी र प्रतिवादीको जग्गाको सिमाना बारेमा विवाद देखिएको अवस्थामा सो जग्गाहरूसँग सिमाना जोडिएको अन्य व्यक्तिहरूको जग्गाहरूको नापनक्साको विन्दुबाट पनि निष्कर्ष निकाल्न सकिने।

अ.बं. १७१ नं. बमोजिम गरिने नक्सा मुचुल्कामा मुद्दाका पक्षहरूका अतिरिक्त अन्य स्वतन्त्र व्यक्तिहरूको उपस्थितिको प्रबन्ध पनि यही कानूनी व्यवस्थाले गरेको छ। यति मात्र नभई नक्सा मुचुल्कामा पक्षहरूले आफ्ना कुरा लेखाउन पनि सक्दछन्। यस्ता लेखाइएका कैफियत व्यहोरा न्यायिक निरूपण गर्दा विचारयोग्य हुन्छन्। कैफियत नलेखाइएको स्थितिमा समेत नक्सामा असहमति जनाई निवेदनमार्फत पक्षले आफ्नो कुरा राख्न पाउने व्यवस्थालाई पनि हाम्रो कानूनी प्रणालीले स्वीकारेको स्थितिमा जग्गाको हक स्वामित्वको निर्धारण दर्ता स्रेस्ता र नाप नक्साकै आधारमा गर्नुपर्ने।

भई आएको नक्सा मुचुल्का हेर्दा विवादित न.नं. १६ वादीले दाबी गरेको प्रतिवादीले भोग चलन गरेको उत्तर विन्दुमा पूर्वपश्चिम ६ मिटर, दक्षिण विन्दुमा पूर्वपश्चिम २.६० मीटर र उत्तर दक्षिण लम्बाई ३० मिटरसमेत गरी न.नं. ९ प्रतिवादीको कि. नं. ६० को जग्गामा समावेश गराउँदा उक्त नक्सा प्रिन्टको आकार प्रकार दुरूस्तसँग मिल्न भिड्न आएको छ। एकातर्फ वादीको न.नं.७, न.नं.८ र न.नं. १० र प्रतिवादीको न.नं. ९ कोबीचमा अडभलेस्रो (पानी बग्ने खोल्सी) समेत रहेको र उक्त खोल्सी नसरेको मुचुल्काका व्यक्तिहरूले लेखाई दिएको हुँदासमेत खोल्सी नागेर वादीको जग्गा खिचोला गऱ्यो भन्नुसमेत न्यायोचित नदेखिने।

अर्का तर्फ न.नं. १७ कोबाटो बादीको न.नं. १० कि.नं. ३५५ को जग्गाबाट गएको भन्ने नक्सा प्रिन्ट र अदालतबाट भएको नक्साबाट देखिन आएको छ। यी वादीले मेरो यी यी कित्ताबाट प्रतिवादीले यति जग्गा खिचोला गऱ्यो भनी स्पष्टरूपमा उल्लेख गरेको मिसिल संलग्न प्रमाणबाट देखिँदैन भने वादीले माग गरेको जग्गा प्रतिवादीको कि.नं. ६० बाट काटी पुऱ्याउने दायित्व प्रतिवादीमा निहित रहन्छ भनी भन्न मिल्ने पनि नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट विवादित न.नं. १६ को जग्गा वादीको हक दर्ता अन्तर्गत पर्ने देखिन नआएकोले वादी दाबी नपुग्ने ठहऱ्याई भएको सुरू धादिङ जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्नेगरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६८।९।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल पुस २६ गते रोज ३ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खडका,** ०६८-CR-०८०८, मानव ओसारपसार तथा बेचबिखन, *श्रीमती ज्ञान्ती गुप्ता वि. नेपाल सरकार*

किटानी जाहेरी दरखास्त, सो जाहेरी दरखास्तलाई समर्थन गर्ने गरी जाहेरवालाले अदालतमा गरेको बकपत्र, प्रतिवादी सिताराम गुप्ताले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयानसमेतका मिसिल संलग्न प्रमाण र प्रतिवादी शान्ती गुप्ताले आफ्नो इन्कारी बयानअनुसारको आफ्नो निर्दोषिता प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी ज्ञान्ती गुप्तासमेत मिली पीडितलाई भारतको लुधियाना लगी बिक्री रू.५०,०००।- मा बिक्री गरेको तथ्य स्थापित हुन आउने।

अतः उल्लिखित आधार कारण र विवेचित आधारमा यी प्रतिवादी ज्ञान्ती गुप्ताको पीडितलाई भारतको लुधियाना पुऱ्याई बिक्री गर्ने कार्यमा संलग्न भएको देखिँदा निज प्रतिवादीलाई अभियोग मागदाबीअनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ३(१) र ४(१)को कसुरमा सोही ऐनको दफा १५(१)(क) बमोजिम २०

वर्ष कैद र दुई लाख जरिवाना हुने ठहऱ्याई जरिवानाको ५०% क्षतिपूर्ति पीडितले सोही ऐनको दफा १७(१)(२) अनुसार क्षतिपुर्तिस्वरूप भराई लिने पाउने ठहऱ्याएको सुरू नवलपरासी जिल्ला अदालतबाट भएको मिति २०६७।१।१२ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०६७।११।१७ को फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०६७-CR-०९६५ र ०६७-CR-१०५८, कर्तव्य ज्यान, *लालबहादुर थापासमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. रामबहादुर खत्रीसमेत*

घटना विवरण कागज र बकपत्रबाट यी प्रतिवादीहरूले वारदातस्थलमा उपस्थित भए तापनि मृतकलाई मार्ने मराउने कार्यमा संलग्न भई ज्यानसम्बन्धी महलको १७(२) नं. ले व्यवस्था गरेजस्तो ज्यान मार्नेलाई घेरा दिने, बाटो गौडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गरी मार्न संयोग पारी दिने काम गरेको देखिँदैन। यस अवस्थामा पुनरावेदक वादी नेपाल सरकारले पुनरावेदन जिकिर लिएजस्तो प्रतिवादीहरू अम्मरबहादुर बोहरा र रामबहादुर खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम सजाय हुनुपर्ने अवस्था नदेखिने।

प्रतिवादीहरू वारदात भएको दिन वारदातस्थलमा उपस्थित भएको कुरालाई स्वीकार गरेको अवस्था रहेको छ। मृतक र प्रतिवादी सुर्जबहादुर थापा र लालबहादुर थापा बिचको समूहको बीचमा झगडा र हातपात हुँदा यी प्रतिवादीहरूसमेत सोही स्थानमा रहेको अवस्थालाई दृष्टिगत गरी हेर्दा निजहरू वारदातस्थलमा उपस्थित रहेकोसम्म र आफ्नो पक्षबाट भएको झगडा वारदातलाई रोक्न सकेको नदेखिएकोले अरू किसिमको मतलबी रहेकोसम्म देखिन्छ। यस परिप्रेक्ष्यमा यी प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको दफा १७(३) बमोजिम ६ महिना कैद गर्ने गरेको पुनरावेदन अदालत, तुल्सीपुरको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादीहरू सुर्जबहादुर थापा र लालबहादुर थापालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम तथा प्रतिवादीहरूलाई सोही महलको १७(३) बमोजिम सजाय गर्नुपर्ने अवस्था देखिँदा सोहीबमोजिम गर्ने गरी सुरू प्युठान जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी पुनरावेदन अदालत, तुल्सिपुरबाट भएको मिति २०६७।८।८ को फैसला मिलेकै हुँदा सदर हुने।

मृतकले मादक पदार्थ सेवन गरी आफ्नी बहिनीलाई जिस्काएको कारणले आवेशमा आई मृतकसँग विवाद उत्पन्न भई दोहोरो झडप भएको र मृतक आफैँ समूह बनाई वारदात स्थलमा पुगी यी प्रतिवादीहरूलाई अमर्यादित व्यवहार गरेको समेतका अवस्थालाई विचार गरी प्रतिवादीहरू सुर्जबहादुर थापा र लालबहादुर थापालाई ऐनबमोजिम हदैसम्म सजाय गर्दा न्यायसम्मत नभई चर्को पर्न जाने देखिँदा अ.बं. १८८नं. अनुसार निज प्रतिवादीलाई १० (दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

इति संवत् २०७३ साल माघ ११ गते रोज ३ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-CI-१५४४, निषेधाज्ञा, *शंकरप्रसाद चौधरी वि. शारदा मुडभरीसमेत*

पुनरावेदन अदालतको आदेशानुसार भएको

नक्सा सर्जमिन मुचुल्का हेर्दा निवेदकको जग्गाको उत्तरतर्फ पूर्व पश्चिम जोडिनेबाटो रहेको देखिएको छ। यहीबाटोको विषयमा विवाद देखाई निवेदकका दाजु कोकाई चौधरीले राजविराज नगरपालिकासमेतलाई विपक्षी बनाई यस्तै प्रकृतिको निषेधाज्ञाको निवेदन २०६१ सालमा पुनरावेदन अदालत, राजविराजमा दर्ता गरेकोमा २०६१ सालमैबाटो निर्माण भइसकेको भनी मिति २०६१।५।२२ मा निवेदन खारेज भएको मिसिल संलग्न आदेशको प्रतिलिपिबाट देखिन आउँछ । उक्त तथ्यहरूबाट निवेदकले पुनरावेदनमा जिकिर लिए जस्तो विपक्षीहरूले नयाँबाटो निर्माण गर्न लागेको नभई पुरानोबाटोलाई मर्मत साभार गर्न लागेको तथ्य प्रमाणित हुन आउने।

पुनरावेदनमा निवेदकले कानूनबमोजिम क्षतिपूर्ति प्रदान गर्नेतर्फ कारवाही नचलाएको भन्ने जिकिर लिए पनि क्षतिपूर्तिसमेतको दाबी गर्न पुनरावेदक साधिकार निकायमा गएको देखिँदैन । पुनरावेदकको हक स्वामित्वको जग्गा पारी सार्वजनिक बाटो निर्माण गरिएको अवस्थामा कानूनबमोजिम उपचार प्राप्त गर्ने वैकल्पिक उपचारकोबाटो पुनरावेदकलाई रहेको नै स्थिति छ। सार्वजनिक बाटोको मर्मत सम्भार भइसकेको भन्ने तथ्य मिसिल संलग्न नक्सा मुचुल्काबाट देखिएको र मिति २०६१।५।२२ भन्दा अगाडि देखि नै सो ठाउँमा बाटो रहेको भन्ने तथ्य पुनरावेदन अदालत, राजविराजबाट भएको पूर्व आदेशबाट समेत प्रमाणित भएको हुँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी नहुने गरी पुनरावेदन अदालत, राजविराजबाट भएको आदेशमा कुनै त्रुटि रहेको नपाइने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।११।४ मा भएको आदेश मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

इति संवत् २०७३ साल फागुन १९ गते रोज ५ शुभम्।

- यसैलगाउको ०७२-CR-१६१६, अपहेलना, *शंकरप्रसाद चौधरी वि. शारदा मुडभरीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री मिरा खड्का र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७१-CI-१५२०, जग्गा दर्ता गरी हक कायमसमेत गरिपाऊँ, *पर्शुराम दाहाल वि. मणिराम दाहालसमेत*

दाबीको कि.नं.४५४ को क्षेत्रफल ३०-११-१-३ जग्गा छुट दर्ता गरिपाउँ भनी वादीले सुरू मालपोत कार्यालयमा दिएको निवेदन र हक कायम र दर्तासमेत गरिपाउँ भन्ने प्रस्तुत मुद्दामा उक्त कित्ता जग्गा निजका नाममा दर्ता हुनसक्ने साबिक हक स्रोतका कुनै पनि प्रमाण फिराद साथ पेस गर्न सकेको देखिँदैन । सर्भे नापीको समयमा नापी कार्यालयसमेतबाट खटिएको टोलीले स्थलगत निरीक्षण गरी पेस गरेको प्रतिवेदनमा उक्त कि.नं. को जग्गा सार्वजनिक हो भनी उल्लेख भएको देखिएको छ । वस्तुगत अध्ययनबाट पनि सार्वजनिक प्रकृतिको देखिएको समेतका आधारमा उक्त कि.नं. ४५४ को जग्गा जिल्ला वन कार्यालयको निर्णयानुसार धारापानी सामुदायिक वनको रूपमा संरक्षण र प्रर्वद्धनका लागि स्थानीय समुदायलाई हस्तान्तरण गरेको देखिन्छ । यसरी उक्त कि. नं. को जग्गा आफ्नो नाममा दर्ता हुनुपर्ने हक स्रोतका प्रमाण वादीले पेस गर्न सकेको नदेखिँदा पुनरावेदक वादीका नाममा दर्ता हुने ठहऱ्याएको सुरू फैसला उल्टी गरेको पुनरावेदन अदालतको फैसला अन्यथा रहेको देखिन नआउने।

विवादित कि.नं. २०६ को जग्गाको हालको भौतिक वस्तुस्थिति के कस्तो छ भन्ने सम्बन्धमा सुरू खोटाङ जिल्ला अदालतबाट मिति २०६८।१२।२१ मा भएको नाप नक्सा मुचुल्कामा विवादित जग्गालाई न.नं. २ मा देखाइएको छ। तर, उक्त जग्गामा पहिले घर

गोठ बसोबास रहेको खुल्ने कुनै संकेत नक्सामा रहेको पाइँदैन । नक्सा मुचुल्काको कैफियतमा उक्त जग्गामा उत्तीस, चिलाउने जातका रूखहरू रही बुट्यान रहेको भनिएको पाइन्छ । वादीले दाबी लिएको यस जग्गामा हाल वन बुट्यान रहेको र साबिकमा व्यक्तिले भोग गरी बसेको प्रमाणित हुने कुनै पनि तथ्य रहे भएको नदेखिएबाट उक्त खिचोला मुद्दाबाट पुनरावेदक वादीका बाबु राधाकृष्णको घर गोठ बसोबास रहेको भन्ने जग्गा नै वादीले हक कायम दर्तासमेत गर्न दाबी लिएको यही जग्गा रहेछ भनी मान्न मिल्ने नदेखिने ।

खिरौले पाखावारीमध्येको जग्गा अंशबन्डा हुनु अगाडिको हकको स्रोत भने २०२४ सालमा खिचोला मुद्दामा तत्कालीन सगरमाथा अञ्चल अदालत भोजपुरबाट भएको फैसलालाई नै देखाएको पाइन्छ । अदालतबाट भएको नक्सा मुचुल्काबाट २०२४ सालको अदालतको फैसलामा उल्लेख भएको जग्गा हाल पुनरावेदक वादीले दाबी लिएको कि.नं. २०६ को दक्षिणतर्फ रहेको भन्ने प्रमाणित हुन नसकेको र हाल उक्त जग्गाको वरिपरी कसैको आवादी जग्गा नभई बुट्यान रहेको देखिएको हुँदा खिरौले पाखावारी भन्ने जग्गा दाबीको कि.नं. २०६ को दक्षिणतर्फ घुसेको भन्न मिल्ने स्थितिसमेत नदेखिने ।

नापनक्सा हुँदा देखिएको जग्गाको भौतिक अवस्थाअनुसार नै फिल्डबुकमा पर्ती र बुट्यान भनी जनिएको भन्ने प्रमाणित हुन आयो । साथै उक्त कि.नं. २०६ मध्येको घुसेको भनिएको जग्गामा पुनरावेदकको बाबु राधाकृष्णले भोग चलन गरेको भनी फिल्डबुकको कैफियत महलमा समेत केही जनिएको देखिएको छैन । यसरी मिसिल संलग्न नक्सा मुचुल्का, विवादित जग्गाको फिल्डबुक र ७ नं. फाँटवारीमा पनि खिरौले पाखाबारी परेको नपाइएको समेतबाट दाबीको उक्त जग्गा पुनरावेदकको बाबुको हक भोगको भन्ने देखिन नआउने ।

साबिकका हक स्रोतका प्रमाणबाट विवादित कि.नं.२०६ मध्ये दक्षिणतर्फको जग्गा वादीका बाबुले १९९९ साल देखि दर्ता तिरो तिरान गरी भोगेको भन्ने नदेखिएको, नापी कार्यालय, खोटाङबाट मिति २०६४।८।२४ मा भएको स्थलगत निरीक्षण प्रतिवेदनमा उक्त जग्गामा वन बुट्यान रहेको भन्ने उल्लेख भएको एवम् २०२४ सालको तत्कालीन सगरमाथा अञ्चल अदालत, भोजपुरको फैसलामा उल्लेख भएको जग्गाको चार किल्ला र साँध सिमानासँग मिसिल संलग्न नक्सा मुचुल्काको चार किल्ला र साँध सिमाना नभिडेको तथा फिल्डबुकमा पनि सार्वजनिक प्रति जग्गा हो भनी किटानीरूपमा लेखिएको समेतका आधार प्रमाणबाट कि.नं. २०६ को जग्गामध्ये दक्षिणतर्फको न.नं. २ को ७-९-२-३ जग्गा पुनरावेदक वादीको हक भोगभित्र पर्ने नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलामा कुनै त्रुटि रहेको नपाइने ।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट खोटाङ जिल्ला अदालतको मिति २०६९।८।२४ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।१२।२ मा भएको फैसला मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन १९ गते रोज ५ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-WO-०५५१, उत्प्रेषण / परमादेश, *सुमित्र दंगाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सवारी चालक स्वयम्को सुरक्षा तथा सर्वसाधारण नागरिकहरूको हित र सुविधाको लागि सवारी चालकसँग सवारी चलाउन आवश्यक ज्ञान सीप रहनुपर्ने नै हुन्छ । सो सम्बन्धमा रिट निवेदकले देखाएको चासो र चिन्ता अस्वभाविक भनी मान्न मिल्ने देखिँदैन । तथापि रिट निवेदक प्रशिक्षण सेवा उपलब्ध गराउने कार्यमा संलग्न भएकै आधारमा नेपाल सरकारले ऐनमा भएको विशेष अधिकार प्रयोग गरी त्यस्तो प्रशिक्षण प्रमाण पत्र आवश्यक नपर्ने गरी छुट दिएकै कारणले रिट निवेदकको मौलिक अधिकारमा आघात पुगेको भनी मान्न नमिल्ने ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।३।२२ को निर्णयअनुसार सबै प्रकारका सवारी साधनको लागि नभई केवल सानो दुइपाङ्ग्रे सवारी साधन मोटर साइकल, स्कुटर र अपांगता भएका व्यक्तिले प्रयोग गर्ने स्कुटरको लागि मात्र चालक अनुमति पत्र लिनलाई प्रशिक्षण संस्थाबाट तालिम लिएको प्रमाण पत्र पेस गर्न नपर्ने भनी ऐनको दफा १७६ को विशेष अधिकार लिन प्रयोग गरी ५ वर्षको लागि छुट दिएको देखिन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम नै यसभन्दा पहिला पनि मिति २०६१।३।१० मा पनि २(दुई) वर्षको लागि त्यस्तो छुट प्रदान गरेको देखिन्छ । छुट प्रदान गरिएका त्यस्ता समान्य साना दुई पांग्रे सवारी साधन चलाउनको लागि चालकसँग बढि विशेषज्ञता आवश्यक हुनुपर्ने पनि देखिँदैन । त्यस्ता सवारीचालकले चालक अनुमति पत्र (लाइसेन्स) लिनको लागि अनिवार्यरूपमा तालिम लिनै पर्ने भन्ने औचित्यसमेत पुष्टि हुन नसकेको हुँदा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७६ बमोजिमको विशेष अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको मिति २०६८।३।२२ को निर्णय एवम सो निर्णयका आधारमा भएका काम कारवाही कानूनसम्मत देखिएकोले रिट निवेदन माग दाबी पुग्न सक्तैन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : तेजबहादुर खडका

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६६-WO-११४९, उत्प्रेषण / परमादेश, *दक्षकुमारी पाण्डेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सोमराज पाण्डेको छोरा प्रमोदराज पाण्डे, विनोदराज पाण्डे र रघुवरराज पाण्डेले जग्गा फुकुवा गरिपाउँ भनी जिल्ला भूमिसुधार कार्यालयमा निवेदन दिनको लागि राम किसान कुर्मीलाई वारेसनामा गरिदिँदा उक्त वारेसनामामा प्रष्टसँग जिल्ला कपिलवस्तु शिवपुर पल्टा वडा नं. ५ क सोमराज पाण्डेको नाममा दर्ता रहेको जग्गामध्ये जिल्ला भूमिसुधार कार्यालय, कपिलवस्तुको मिति २०४९।१२।१० को निर्णयउपर भनी उल्लेख गरेको देखिएकोले निवेदकको वास्तविक वतनमा नै रितपूर्वक म्याद तामेल भएको व्यहोरा पुष्टि हुन आएकोले प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी सुनवाईको मौकाबाट बञ्चित गरेको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

रीतपूर्वक तामेल भएको तामेली सूचना / म्याद बदरको लागि निवेदकले छुट्टै कहिँकतै दाबी लिन नसकी २०४९ सालको निर्णयको विषयमा मिति २०६७।२।१४ मा मात्र रिट निवेदन दिनुपर्ने उचित र मनासिब कारण दिन सकेकोसमेत नपाइँदा विलम्बको सिद्धान्तसमेत आकर्षित हुने भई भूमिसुधार कार्यालय, कपिलवस्तुबाट मिति २०४९।१२।१० मा भएको निर्णय बदर हुनुपर्दछ भन्ने निवेदन जिकिरतर्फ प्रवेश गर्नुपर्ने अवस्था नदेखिने ।

निवेदिका दक्षकुमारी पाण्डेले मिति २०६६।८।१४ मा किशोरीप्रसाद कुर्मीलाई वारेसनामा

गरी दिँदा पति सोमराज पाण्डेको नाम दर्ताको जग्गा जिल्ला कपिलवस्तु शिवपुर पल्टा वडा नं. ५(क) मध्येको जिल्ला भूमिसुधार कार्यालय, कपिलवस्तु तौलिहवाको मिति २०४९ साल चैत्र १० गतेको फैसलाअनुसार २८-०-० वगाहा जग्गा पाउनु पर्नेमा छुट भएको जग्गा फुकुवा गर्न भनी दिएको वारेसनामाअनुरूप निज वारेस किशोरीप्रसाद कुर्मीले मिति २०६६।८।२६ मा जिल्ला भूमिसुधार कार्यालय, कपिलवस्तुमा रोक्का फुकुवाको लागि दिएको निवेदन हेर्दा सोमराज पोण्डेले जिल्ला कपिलवस्तु शिवपुर पल्टाअन्तर्गत ज.वि.२८-०-० हदवन्दीमा प्राप्त गरी मिति २०४९।४।१६ को भूमिसुधार कार्यालय, कपिलवस्तुको निर्णयअनुसार ज.वि. २७-४-१६ जग्गा फुकुवा गरी लिएको र सोमध्ये ०-१५-४ लिन बाँकी बचेकोले ऐ. वडा नं. ५क कि.नं. १४७३ मध्ये पश्चिमतर्फबाट ०-१५-४ जग्गा फुकुवा गरी नामसारी गरिपाउँ भनी निवेदन दिएको देखिन्छ । यसरी हेर्दा वारेसनामा रनिवेदकको उक्त निवेदन व्यहोराबाट समेत हदबन्दी निर्धारण सम्बन्धमा भूमिसुधार कार्यालय, कपिलवस्तुबाट मिति २०४९।१२।१० मा भएको निर्णयलाई निवेदकले स्वीकार गरिसकेको पुष्टि हुन आउने।

भूमिसुधार कार्यालयबाट हदवन्दी सम्बन्धमा कारवाही चलाई निवेदकको हदबन्दीभित्र पर्ने भनिएको हिस्सा जतिलाई फुकुवा गरिपाउँ भनी निवेदक स्वयम्ले निवेदन गरी भूमिसुधार कार्यालय, कपिलवस्तुबाट फुकुवासमेत गराई लिइसकेको देखिँदा सो फैसलाअनुरूप आफ्नो नाममा जग्गा फुकुवा गराई हक कायम गरी लिइसकेपश्चात् सोही निर्णयलाई चुनौति दिन समर्पणको सिद्धान्तले मिल्ने देखिँदैन । उक्त मिति २०४९।१२।१० को निर्णयलाई अमान्य गरिपाउँ भनी दायर हुन आएको प्रस्तुत रिट निवेदन समर्पणको सिद्धान्तको आधारमा समेत खारेज हुने।

इजलास अधिकृतः तेजबहादुर खड्का
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CI-१०१५, अंश दर्ता, *रोहित गोसाई वि. हिर्देश गोसाईसमेत*

रजिष्ट्रेसन पारित गरिदिने तपसो गोसाईको मिति २०६६।४।३ मा मृत्यु भएको देखिन आयो। उक्त कुरा मिसिल संलग्न मृत्यु दर्ताको प्रमाण पत्रबाट पुष्टि भएको पाइन्छ। निजको मृत्यु भएको प्रमाण पत्र पेस दाखिला हुँदैमा रीतपूर्वक भएको बकसपत्रको कानूनी हक समाप्त हुन सक्दैन। उक्त शेषपछिको बकसपत्रबाट रोहित गोसाईले तपसी गोसाईको मृत्युपश्चात् निजको हकमा कायम हुन आउने अंश हक नपाउने भनी अर्थ गर्न मिल्ने देखिँदैन। यस्तो हुन गएमा कानूनी प्रक्रिया पूरा गरी रीतपूर्वक लिनुदिनु गरेको शेषपछिको बकसपत्रको अस्तित्व नै लोप वा सुन्य प्राय हुन जाने।

तसर्थ उक्त बकसपत्रको आधारमा मुद्दा सकार गरी पुनरावेदन दिने रोहित गोसाईले तपसी गोसाईको अंश भाग प्राप्त गर्न सक्ने नै देखियो । पुनरावेदन अदालत, हेटौंडाबाट तपसी गोसाईको मृत्यु भएकोले सुरू जिल्ला अदालतको फैसला सदर गरी २ भागको १ भाग अंश बण्डा लाग्ने गरी मिति २०६३।८।१९ मा भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला उल्टी भई ३ भागको १ भाग गरी तपसी गोसाईको समेत भाग लगाई निजको भाग हिस्सा यी पुनरावेदक वादीको हक कायम हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य
कम्प्युटर: देवीमाया खतिवडा (देबिना)
इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७०-WO-०३५६, उत्प्रेषण, *राजेन्द्र शाह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

संस्थामा को प्रमुख बन्ने भन्ने सम्बन्धमा नेपाल सरकार सचिवस्तरको मिति २०७०।८।१२ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(४) बमोजिम साबिक पदकै काम गर्ने गरी स्तर वृद्धि भएका कर्मचारीहरूलाई जिम्मेवारी नदिई पदस्थापित कर्मचारी नै संस्था प्रमुख हुने भनी नीतिगत निर्णय भएको समेत देखिन्छ । संस्थामा कार्यरत कर्मचारीहरूमध्ये कसलाई के कस्तो जिम्मेवारी दिने भन्ने कुरा कार्यालय, प्रमुख वा विभागीय प्रमुखले निर्णय गर्ने कुरा हो । प्रस्तुत निवेदन तह, स्तर, तलब सुविधामा तल पारियो भन्ने विवाद होइन । तसर्थ यस्तो विभागीय प्रमुखको स्वविवेकीय अधिकारमा प्रवेश गरी हस्तक्षेप गर्नु उचित र आवश्यक नदेखिने ।

गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने भन्ने राज्यको स्वास्थ्यसम्बन्धी नीतिअनुसार प्रत्येक नागरिकको सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा योग्य र अनुभवी स्वास्थ्यकर्मीबाट पाउने अपेक्षा रहन्छ । सोहीअनुसार स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरू योग्य र प्रतिस्पर्धी हुनु अनिवार्य छ । सेवालाई आवश्यक पर्ने शिक्षा र अनुभव प्राप्त साथै माथिल्लो तहको कर्मचारीलाई नेपाल सरकारको नीतिगत निर्णयअनुसार सेवाको विशिष्टिकरण र संवेदनशीलतालाई समेत विचार गरी चौकी इन्चार्ज दिने गरी गरेको निर्णय व्यवहारत: सिद्धान्तत: एवम् कानूनी आधारबाट औचित्यपूर्ण रहेको देखिने ।

तसर्थ माथि विवेचित तथ्य कारण तथा प्रतिपादित सिद्धान्त साथै नेपाल सरकारको मिति २०७०।८।१२ को स्तरवृद्धि भएका कर्मचारीहरूलाई इन्चार्जको जिम्मेवारी नदिने गरी भएको नीतिगत निर्णय, निवेदकलाई भविष्यमा उचित व्यवस्था हुने नै छ भन्नेसमेत व्यहोराको प्रत्यर्थीको लिखित जवाफ र निवेदकको पदनाम नेपाल सरकारको निर्णयबमोजिम कार्यालयको अभिलेखअनुसार सच्याइएको मात्र हो भन्नेसमेतका आधारमा निवेदन जिकिरबमोजिम निवेदकको हक अधिकारमा आघात पुगेको भन्न मिलेन । अत: प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०७०-WO-०४३६, उत्प्रेषण, *रविन्द्रप्रसाद पाण्डे वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निश्चित सेवा अवधि पूरा गरेको मापनबाट स्तरवृद्धि भएका कर्मचारी र सेवालाई आवश्यक पर्ने शिक्षा प्राप्त गरी प्रतिस्पर्धी योग्यताको आधारमा लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका कर्मचारीहरूलाई स्वास्थ्य सेवाजस्तो प्राविधिक र संवेदनशील पेशामा एउटै ढङ्गले हेरिनु उपयुक्त देखिँदैन । सेवाको विशिष्टीकरण र संवेदनशीलतालाई विचार गरी स्तरवृद्धि भएका व्यक्ति नभई लोक सेवा आयोगबाट सिफारिस भई आएका कर्मचारी स्वास्थ्य चौकीमा इन्चार्ज हुने भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय व्यवहारत: सिद्धान्तत: एवम्

कानूनी आधारबाट औचित्यपूर्ण रहेको देखिने।

निवेदकलाई छैटौं तहमा स्तरवृद्धि गरे पनि सो छैटौं तहमा पदस्थापन नै हुन नसकी साबिक पाँचौं तहकै काम गर्नुपर्ने देखिन्छ । स्वास्थ्य चौकी जस्तो ग्रामीण दुरदराज स्थानमा काम गर्नुपर्ने कर्मचारी सम्बन्धित विषयमा शिक्षा हासिल गरेको योग्यतम व्यक्ति हुनु झन् जरूरी हुन्छ साथै स्वास्थ्य चौकीको इन्चार्ज को हुने भन्ने प्रशासनिक निर्णय भएको र प्रत्यर्थी लक्ष्मीराज जोशीलाई इन्चार्ज दिने गरी भएको निर्णय उक्त आधारबाट कानूनसम्मत नै देखिने।

तसर्थ माथि विवेचित तथ्य कारण तथा प्रतिपादित सिद्धान्त साथै नेपाल सरकारको मिति २०७०।८।१२ को स्तरवृद्धि भएका कर्मचारीहरूलाई इन्चार्जको जिम्मेवारी नदिने गरी भएको नीतिगत निर्णय, निवेदक स्तरवृद्धि भएको पदमा पदस्थापना नभएको समेतका आधारमा निवेदन जिकिरबमोजिम निवेदकको हक अधिकारमा आघात पुगेको भन्न मिलेन। अत: प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०७०-WO-०१४९, उत्प्रेषण / परमादेश, *लिलाबहादुर राई वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

वन क्षेत्रभित्रको जग्गा व्यक्तिका नाउमा दर्ता गर्न मिल्दैन। यदि गलत प्रक्रियाबाट दर्ता भएको रहेछ भने पनि त्यस्तो दर्ता बदर भई वन क्षेत्रकै जग्गा कायम गराउनु पर्ने हुन्छ । त्यसैले सार्वजनिक वा सरकारी सम्पत्तिको संरक्षणका लागि पनि जग्गा दर्ता प्रक्रियामा विशेष संवेदनशीलता अपनाउनु पर्ने आवश्यकता रहन्छ। यो कानूनी औपचारिकता निर्वाह गरेको देखाई रीत पुऱ्याउने विषय मात्रै नहुने।

सरकारी वन क्षेत्रको वा सार्वजनिक जग्गा व्यक्तिले दर्ता गराएको रहेछ भने पनि मालपोत ऐन, २०३४ को दफा २४ तथा वन ऐन, २०४९ लगायतका वनसम्बन्धी कानूनबमोजिम त्यस्ता दुषित दर्ता बदर गर्नुपर्ने हुन्छ । त्यसैले जग्गा वन बुटेन वा जँगल क्षेत्रमा पर्दछ पर्दैन भन्ने तथा वस्तुगतरूपमा यकिन गर्न मालपोत कार्यालयलाई लेखी पठाउने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको काम कारवाहीलाई अनुचित मान्नुपर्ने कारण देखिँदैन। कानूनी प्रक्रिया अवलम्बन नगरी वन क्षेत्रको जग्गा अनुचित प्रक्रियाबाट व्यक्तिको नाममा दर्ता गर्ने कुनै निर्णय हुन गएको अवस्थामा तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० मा रहेको प्रावधानबमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुचित कार्य हुन नदिन उपयुक्त आदेश दिन पाउने नै देखिन्छ। तसर्थ कानूनबमोजिमको प्रक्रिया पूरा गरी निर्णय गर्नु भनी दिइएको निर्देशनलाई कानून प्रतिकूल कार्य गरेको ठान्न नमिल्ने।

अत: जग्गाको स्वरूप, प्रकृति तथा करिब १२०७० वर्ग मिटरको विशाल क्षेत्रफलसमेतका दृष्टिले हेर्दा निवेदकले दाबी गरेका जग्गा वन क्षेत्र भित्रको सरकारी वा सार्वजनिक प्रकृतिको जग्गा रहेछ कि भनी विश्वास गर्नुपर्ने अवस्था देखिएको छ । यस अवस्थामा जग्गाको प्रकृति र स्वामित्व सम्बन्धमा कानूनबमोजिम जाँचबुझ वा छानबिन नै नगर्नु उचित होइन । छानबिन, जाँचबुझ गर्नैपर्ने हुन्छ । छानबिन, जाँचबुझकै प्रक्रियामा रहँदाको अवस्थामा रहेको

रोक्का फुकुवा गर्नु पनि औचित्यपूर्ण हुँदैन । कानूनी प्रक्रियाको विषय भएकोले यसबाट निवेदकको कुनै हक अधिकारमा अनुचित हस्तक्षेप वा आघात पुगेको छ भन्ने देखिँदैन । तसर्थ निवेदकको मागबमोजिम उत्प्रेषण तथा परमादेशसमेतको आदेश जारी गरी रहन परेन। सो हदसम्म रिट निवेदन खारेज हुने।

विवादित जग्गा निवेदकको नाउँमा दर्ता गर्ने गरी मालपोत कार्यालय, संखुवासभाले निर्णय गरेको र निवेदकले जग्गाधनी प्रमाणपुर्जासमेत प्राप्त गरेको देखिन्छ । यस अवस्थामा विवादित जग्गा व्यक्तिको निजी हो वा वन क्षेत्रभित्रको सरकारी जग्गा हो भन्ने विषयमा गर्नुपर्ने जाँचबुझ, छानबिन कार्य उचित समयमा नै सम्पन्न गरी न्यायोचित निष्कर्षमा पुग्न आवश्यक देखिन्छ । लामो समयसम्म अनिर्णयको अवस्थामा रहनु उचित होइन । तसर्थ अब यसमा जे जो बुझ्नु पर्छ बुझी, छानबिन गरी जग्गाको भौतिक अवस्थासमेतको स्थलगत अध्ययनसमेत गरी तथा सम्बन्धित वन कार्यालयसमेतसँग समन्वय कायम गरी सो कार्यालयको राय प्रतिक्रिया लिई प्रचलित वनसम्बन्धी ऐन, नियमलगायत मालपोत ऐन, २०३४ को दफा २४ समेतका कानूनहरूलाई समेत मध्येनजर राखी विवादित जग्गाको दर्ता निवेदकका नाउँमा कायम रहने वा नरहने के हो ? भन्ने सम्बन्धमा छिटो छरितोरूपमा निर्णय गर्नु र यदि विवादित जग्गाको दर्ता निवेदकको नाममा नै कायम रहने गरी निर्णय गरिएमा सो निर्णयपश्चात विवादित जग्गाको रोक्कासमेत फुकुवा गरी दिनु भनी मालपोत कार्यालय, संखुवासभाको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत : तेजबहादुर खड्का
कम्प्युटर : संजय जैसवाल
इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०७१-WO-०८०३, उत्प्रेषण / परमादेश, *श्यामध्वज कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विदेशमा विभिन्न उद्देश्यले बसोबास गरेका नेपाली नागरिकहरूलाई सर्वसुलभ प्रक्रियाबाट छिटो छरितो प्रभावकारी सेवाको लागि राज्यले सम्बन्धित व्यक्ति बसोबास गरेकै क्षेत्रको नेपाली नियोगबाट राहदानी उपलब्ध गराउदा राज्यले लिने राहदानी नियमावली, २०६७ को अनुसूची ४ बमोजिमको राहदानी दस्तुर नेपाली मुद्राको बजार मूल्यको तुलनामा केही बढी पर्ने देखिए पनि त्यसको तर्कसङ्गत कारण रहे भएको देखिँदा संविधान प्रदत समानताको हकप्रतिकूल भएको भन्न मिल्ने देखिएन । सरकारले सेवा उपलब्ध गराएबापत केही थप शुल्क लिएको यति सानो विषयमा विदेशमा बस्ने नेपालीले चित्त दुखाई सार्वजनिक सरोकारको विषय भन्दै यस अदालतमा निवेदन लिएर आउनु पर्ने कारण पनि देखिँदैन । जुन देशमा बसेको छ त्यहाँबाट राहदानी लिन पाउने र सोही देशको मुद्रामा सामान्य शुल्क तिरेर लिने कुरालाई नेपालमा रहेका नेपालीसँग असमान व्यवहार गरियो भनी असन्तुष्ट हुनुपर्ने कुनै कारण नदेखिने।

राहदानी विभागले पहिला जो आउँछ उसलाई सेवा दिने (first come first service) पद्धतिको सर्वमान्यतामा कुनै प्रतिकूल असर नपर्ने गरी सेवाग्राहीले छिटो सेवा लिन चाहेमा सर्वसाधारणले तिर्नु पर्ने दस्तुरको दोब्बर दस्तुर लिई राहदानी उपलब्ध गराउने व्यवस्था गरेको पाइयो। उक्त व्यवस्था विदेशमा बस्ने नेपाली नागरिक वा नेपालमा नै रहे बसेको नेपाली नागरिकले समान अवस्थामा र समान आधारमा द्रूत

सेवा लिन चाहेमा रू.१०,०००।- बुझाउनुपर्ने व्यवस्था गरेको देखियो । उक्त द्रूत सेवा बापत लिइने दस्तुर समानताको हकविपरीत असमान आधारमा तयार गरेको नदेखिँदा विभेदकारी भयो भन्न नसकिने ।

निवेदकले नेपालमा रहे बसेको नेपाली नागरिकले राहदानी लिनु पर्दा तिर्नुपर्ने दस्तुरभन्दा विदेशस्थित नेपाली नियोगबाट विदेशमा रहेका नागरिकले राहदानी लिँदा तिर्नुपर्ने दस्तुर नेपाली मुद्राको तुलनामा अधिक भएको तथा नेपालमा नै पनि द्रूत सेवामार्फत राहदानी लिदा तिर्नुपर्ने दोब्बर दस्तुरसम्बन्धी व्यवस्था संविधान प्रदत्त समानताको हकप्रतिकूल भएकोले राहदानी नियमावली, २०६७ को अनुसूची ४ को व्यवस्था अमान्य गरिपाउँ भनी लिएको जिकिरमाथि विवेचित आधार कारणबाट उचित नदेखिई राहदानी नियमावली, २०६७ को अनुसूची ४ को राहदानी दस्तुरसम्बन्धी व्यवस्था कानूनसम्मत नै देखिएकोले रिट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विधमान देखिएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : तेजबहादुर खड्का

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-WO-०५३३, उत्प्रेषण / परमादेश, *आनन्द कोइरालासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विज्ञान तथा प्रविधिको विकासक्रमसँगै शासन व्यवस्था सञ्चालनको प्रक्रिया एवम् पद्धति परिमार्जन गर्दै लैजानु समयको माग नै हो । नेपालमा सवारी साधनको बढ्दो चापसँगै सार्वजनिक सेवाका उपभोक्तालाई राज्यबाट वितरण गरिने सार्वजनिक सेवा चुस्त दुरूस्त बनाई सार्वजनिक यातायातको व्यवस्थापनतर्फ राज्यले नीतिगत परिवर्तन गर्दै जानुलाई अस्वभाविक सम्झन मिल्ने हुँदैन । सार्वजनिक यातायातका साधन तथा निजी प्रयोगमा आउने यातायातका सवारी साधनलाई अन्तर्राष्ट्रिय गुणस्तरको बनाउने ध्येयले नै सरकारको बजेट कार्यक्रमको लक्षित उद्देश्य हासिल गर्नको लागि यातायात व्यवस्था मन्त्रालयका सहसचिवको संयोजकत्वमा मिति २०७२।३।१३ मा प्राविधिक समिति गठन गरी समितिले चयन गरेको Radio Frequency Identificatio Device (RFID) प्रविधिको आधारमा High Security Number Plate with RFID कार्यान्वयन गर्न यातायात व्यवस्था विभागबाट पेस भएको Bidding Document लाई सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली २०६४अनुसार अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्र आहवान गर्न प्रक्रिया अगाडि बढाउनको लागि भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयबाट मिति २०७२।७।२३ मा निर्णय भएबमोजिम यातायात व्यवस्था विभागबाट High Security Number Plate खरिदसम्बन्धी प्रक्रिया अगाडि बढाइएको देखिँदा सरकारको निर्णय र बोलपत्र प्रक्रियामा कुनै कानूनी त्रुटि भए गरेको देखिएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : तेजबहादुर खड्का

इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम् ।

## इजलास नं. १७

१

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१६९९ र ०७१-

CR-०२८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुदे राउतसमेत र रिखबहादुर राउत वि. नेपाल सरकार*

नेपाल सरकारको पुनरावेदनमा उल्लिखित बुदे रावत, जंगबहादुर रावतको हकमा हेर्दा निजहरूले मृतक सँगसँगै बसी रक्सी खाएको भन्नेबाहेक वारदातमा निजहरूको संलग्नता देखिँदैन । सोबारेमा निजहरूको इन्कारी छ । प्रतिवादी जंगे रावत र बुदे रावत रक्सी पसलबाट सँगै निस्केता पनि वारदातस्थल पुग्नुपूर्व नै आफ्नो घरतर्फ लागेको भन्ने देखिन्छ । रिखबहादुर रावतले अदालतमा बयान गर्दा बुदे रावतसमेतले मृतकसँग भनाभन गरेको भन्ने पोल गरेको भए पनि सो पोल अन्य प्रमाणबाट समर्थित हुन सकेको छैन । यी प्रतिवादीहरूले कसुर गरेको भन्ने शंकारहित तबरबाट स्थापित नभएको यस स्थितिमा निजहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको इन्साफ अन्यथा भन्नुपर्ने देखिएन । ज्यानसम्बन्धीको ४ नं. समेतको अभियोग दाबीको हकमा यी प्रतिवादीहरूले लास दबाए, गाडे, फालेको भन्ने नदेखिँदा उक्त ४ नं. बमोजिम सजाय हुनुपर्ने अवस्था देखिएन । तसर्थ सोसमेतमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने ।

संक्षेपमा प्रतिवादी रिखबहादुर रावत हंस रावतलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्न देखिँदा निजलाई ज्यानसम्बन्धीको १ नं.को कसुरमा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुने, प्रतिवादी बुदे राउत र जंगबहादुर राउतले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई बाजुरा जिल्ला अदालतबाट मिति २०६९।९।१७ मा भएको इन्साफ सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, दिपायलको मिति २०७०।११।२० को फैसला मिलेको देखिँदा सदर हुने ।

मृतक र प्रतिवादीहरू आत्मीयतापूर्वक खाजा तथा रक्सी सेवन गरी रातको समय घर जान हिँडेको अवस्थामा कुलदेवमाण्डौ गा.वि.स. वडा नं.१ खालीखोलाको भिरकोबाटोबाट जाँदै गर्दा गगने रावतसँग झैझगडा हुँदा धकेलाधकेल भई गगने रावत र यी प्रतिवादी भई रक्सीको शुरमा घचेटिदिएको कारण भिरबाट लडी मृतकको मृत्यु भएको देखिन्छ । यी प्रतिवादीको उमेर २६ वर्ष भएकोले घटना घट्दाको परिस्थिति र वारदातको स्वरूपसमेतलाई हेर्दा ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिँदा निज प्रतिवादीलाई कैद वर्ष १०(दश) गर्दा न्यायको मकसद पूरा हुन जाने देखिँदा अ.बं .१८८ नं. बमोजिम कैद वर्ष १०(दश) हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः हर्क माया राई

इति संवत् २०७४ साल असार २५ गते रोज १ शुभम् ।

२

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-००५६, उत्प्रेषण / परमादेश, *मनोज गुरूङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

जहाँसम्म सञ्चार नीति तथा वैदेशिक लगानी नीति विरूद्ध अनुमति दिएको प्रश्नमा सञ्चार नीतिले वैदेशिक लगानीलाई नै नरोकी वैदेशिक लगानीमा सिमा मात्र तोकेको र वैदेशिक लगानी नीतिले आम प्रसारणमा वैदेशिक लगानी नल्याउने भनिए तापनि प्रत्यर्थीमध्ये सिम्पल टी.भी. नेटवर्क आम प्रसारणमा प्रत्यक्ष संलग्न नभई प्रसारकसमक्ष प्रविधिको स्थापना र प्रयोगको माध्यमबाट सिग्नल वितरणसम्मको काम मात्र गरेको देखिन्छ । आम प्रसारणमा प्रत्यक्ष संलग्न भएको नदेखिने ।

अत: माथि विवेचित संवैधानिक र कानूनी व्यवस्था तथा सिद्धान्तहरूलाई हेर्दा प्रसारण सामग्रीको वितरणसमेतलाई अभिव्यक्ति स्वतन्त्रताको अभिन्न अङ्गको रूपमा जोडी टेलिभिजन सिग्नल वितरण र केबुल वितरणलाई सञ्चारको आधारभूत पूर्वाधारको रूपमा ग्रहण गर्दै सबै प्रकारका केबुल वितरणसम्बन्धी व्यवस्थालाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने नीति नेपाल सरकारले लिएको देखिन्छ। यसको लागि वैदेशिक लगानीलाई रोक लगाउने नीति सरकारको रहेको भन्न नसकिने । यसरी राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ ले समेत टेलिभिजन सिग्नल वितरण लाई प्रत्यक्ष प्रसारण सँग छुट्ट्याई हेरिएको र सिम्पल मिडिया नेटवर्कलाई नेपाल सरकारले वैदेशिक लगानीमा (संयुक्त लगानी) डिजिटल प्रसारण केन्द्र तथा सोको माध्यमबाट प्रसारकलाई सिग्नल वितरण गर्ने इजाजत मात्र दिएको देखिन्छ । प्रत्यक्षरूपमा आम प्रसारणमा लगानी नै नभएको अवस्थामा के कस्तो राष्ट्र सुरक्षामा असर परेको वा पर्नसक्ने देखाउन नसकेको र रिट निवेदकको के कस्तो हक उल्लङ्घन भएको समेत स्थापित गर्न नसकेको । यस्तो अवस्थामा सिम्पल मिडिया नेटवर्क आफैँले आम प्रसारणको काम नगरी प्रसारकलाई सिग्नल वितरणसम्मको कार्य गर्ने अनुमति दिएको कार्य संविधान, कानूनले नै रोक नलगाएको तथा प्रतिपादित नजिरहरूको आधारमा समेत नेपाल सरकारको वैदेशिक लगानी नीति र आम सञ्चार नीतिविपरीत रहेको भन्ने आधारमा नेपाल सरकारले सिम्पल मिडिया नेटवर्कलाई वैदेशिक लगानीमा डिजिटल प्रसारण केन्द्र तथा सोको माध्यमबाट प्रसारकलाई सिग्नल वितरण गर्न दिएको अनुमतिको निर्णय बदर गरिपाउँ भन्ने आदेशको मागसहितको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विदुरकुमार उपाध्याय
कम्प्युटर : संजय जैसवाल
इति संवत् २०७३ साल चैत्र ९ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७२-WO-०७४६, उत्प्रेषण /परमादेश, *मनोज गुरूङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १८

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CR-०८९१, जबर्जस्ती करणी, *सुनिल तामाङ वि. नेपाल सरकार*

प्रतिवादी सुनिल तामाङले अदालतमा भएको बयानमा समेत सहमतिमा पीडित बौद्ध २० सँग पटकपटक यौनसम्पर्क गरेको हो भनी पीडितलाई करणी गरेको कुरामा साबित रही बयान गरेको देखिन्छ। पीडित बौद्ध २० ले अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादी सुनिल तामाङसँग करणी भएको होइन भन्ने व्यहोरा उल्लेख गरेको भए तापनि सो कुरालाई प्रमाणित गर्ने अन्य वस्तुनिष्ठ प्रमाणको अभाव रहेको देखिन्छ। अन्य सहप्रतिवादीहरू समेतले आफ्नो बयानको क्रममा प्रतिवादी सुनिल तामाङले पीडित बौद्ध २० लाई करणी गरेको कुरा उल्लेख गरी बयान गरेको देखिएको छ । यसप्रकार पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादी सुनिल तामाङको मौकामा र अदालतमा भएको बयान, पीडितको किटानी जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, पीडितको मौकामा भएको बयानबाट पीडित बौद्ध २०

लाई प्रतिवादी सुनिल तामाङले करणी गरेको वारदात स्थापित हुन आउने।

पीडित बौद्ध २० ले अनुसन्धानको क्रममा प्रहरीसमक्ष भएको कागजमा आफ्नो उमेर १४ वर्ष भएको भनी लेखाउनुको साथै जाहेरी दरखास्तमा समेत निज पीडित बौद्ध २० को उमेर वर्ष १४ भनी उल्लेख भएको देखिन्छ । यसको साथै पीडित बौद्ध २० ले अदालतमा बकपत्र गर्दासमेत आफ्नो उमेर १४ वर्ष भनी बताएको देखिन्छ । निज पीडित बौद्ध २० अध्ययनरत रहेको श्री बाल सुधार मा.वि. नयाँपाटीको मिति २०६७।७।२४ च.नं. १०७ को पत्रमा निज पीडितको जन्म मिति विद्यालयको रेकर्डअनुसार मिति २०५४।११।४ रहेको भन्ने उल्लेख गरेको देखिन्छ । यसबाट वारदात मिति २०६७।६।२६ को दिनसम्म पीडितको उमेर केवल १२ वर्ष ७ महिना २२ दिन मात्र हुन आएकोले वारदातको समयमा पीडितको उमेर १४ वर्षभन्दा कम रहेको कुरा प्रष्ट हुन आउँछ । यसबाट पीडित बौद्ध २० को उमेर १६ वर्षभन्दा माथि रहेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रस्तुत वारदातमा पीडित बौद्ध २० को उमेर १६ वर्षमुनि रहेको हुँदा पीडितको मन्जुरीमा नै करणी भएको भए पनि त्यस्तो कार्यलाई प्रचलित कानूनले कसुरको रूपमा परिभाषित गरेको हुँदा प्रतिवादी सुनिल तामाङलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नं. र ३(२) नं. बमोजिम कसुरदार ठहर गरी सजाय गरेको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने।

अतः उल्लिखित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी सुनिल तामाङलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३(३) नं. बमोजिम ६(छ) वर्ष कैद हुने तथा पीडित बौद्ध २० लाई निज प्रतिवादीको अंश भाग रोक्का गरी रू.३०,०००।– क्षतिपूर्ति भराई पाउने ठहरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।७।२० मा भएको फैसला केही उल्टी गरी प्रतिवादी सुनिल तामाङलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ (आठ) वर्ष कैद सजाय गरी क्षतिपूर्तिको हकमा सुरूको सदर हुने ठहरी मिति २०६९।१०।९ मा भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल चैत २८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०७८०, ज्यान मार्ने उद्योग, *भोलाशंकर तिवारी वि. नेपाल सरकार*

कर्तव्य पालनको सिलसिलामा ड्युटीमा बसेको जाहेरवालालाई ताकेर हानिएको गोली निजलाई गोली हान्नेको निसाना चुकेकै कारण नलागेको र जाहेरवाला ज्यान बचाउन छेउमा रहेको इंशु होटलमा भागी लुक्न सफल भएको कारणबाट मात्र पीडितको ज्यान बच्न गएको अवस्था देखिन्छ। प्रतिवादी भोला तिवारीले प्रहरीमाथि गोली चलाएको भनी अनुसन्धानमा बुझिएका मानिस कमलप्रसाद मण्डलले अनुसन्धानको क्रममा गरेको कागज तथा अदालतमा उपस्थित भई गरेको बकपत्रसमेतबाट प्रतिवादी पुनरावेदक भोला तिवारी कसुर वारदातमा संलग्न थिएनन् भनी भन्न सकिने अवस्था नदेखिने।

ड्युटिमा रहेको जाहेरवाला प्रहरी जवान भोलानाथ लुइटेलले घटनाको विवरणसहित पुनरावेदकसमेतको नाममा किटानी जाहेरी दिएको र निज जाहेरवाला पसेको इसु होटेलका सञ्चालकले

समेत प्रहरीसमक्ष गरेको कागजबाट पुनरावेदक प्रतिवादीको संलग्नता पुष्टि भइरहेको देखिन्छ । निज पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफ्नो सामान पक्राउ गर्छु भनेकोले अन्य व्यक्तिहरूसमेत बोलाई गोली हानेको स्वीकार गरेको, अदालतमा आफ्नो पूर्व बयान ईच्छाविपरीत भएको भने तापनि के कारण ईच्छाविपरीत बयानमा सहिछाप गरेको भन्ने खुलाउन र पुष्टि गर्न नसकेको अवस्थामा निज पुनरावेदकको उक्त घटनामा संलग्नता नभएको भनी विश्वास गर्न नसकिने ।

कुनै व्यक्तिलाई लक्षित गरी गोली चलाउनु र निशाना चुक्न गई लक्षित व्यक्ति होटेलमा लुक्न गएको कारणबाट मात्र ज्यान जोगिन गएको अवस्थामा व्यक्ति लक्षित गरी गोली चलाउने ज्यान मार्ने मनसाय (Means Rea) को विद्यमानता देखिन्छ । गोली चलाउनेको लक्ष्य चुकेकै कारणबाट अभियुक्तले ज्यान मार्ने कार्यमा कुनै कसर बाँकी नराखेको तर ज्यान मर्ने परिणाम नसकिएको अवस्थामा तेस्रो तत्त्वको विद्यमानता नरहेको कानून ज्यान मार्ने उद्योगतर्फ नचल्ने भन्न मिल्ने देखिँदैन । घटनाको प्रकृति एवम् घटनामा प्रयोग हुने वस्तु हतियार आदिको विद्यमानताको आधारमा अपराधको प्रकृति र परिणाम फरक कारक हुन सक्छ । व्यक्ति लक्षित गरी गोली चलाइनु आफैँमा मनसाययुक्त कार्य हो, यस अवस्थामा निशाना चुक्नुको कारण कुनै तेस्रो तत्त्वको उपस्थिति हुनु आवश्यक हुँदैन । लक्षित व्यक्तिले आफ्नो मालसमान पक्राउ गर्ने आशंका रहेको कारण व्यक्ति नै लक्षित गरी गोली चलाउनु र गोली लागेको भए व्यक्ति मर्नसक्ने पर्याप्त अवस्था रहेको देखिँदा प्रस्तुत घटनामा ज्यान मर्ने मनसाय थिएन भन्न मिल्ने अवस्था पनि नदेखिने ।

तसर्थ विवेचित आधार प्रमाणबाट प्रतिवादीसमेत भई ज्यान मार्ने मनसायले गोली हान्ने कार्यमा संलग्न रहेको अवस्था देखिँदा प्रतिवादी भोलाशंकर तिवारीलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय गर्ने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६०।८।२१ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तेजबहादुर खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम् ।

## एकल इजलास

**१**

**मा.न्या.डा.आनन्दमोहन भट्टराई,** ०७३-WO-०७००, उत्प्रेषण / परमादेश, तुलसी सिंखडा *वि. व्यवस्थापिका संसद् सिंहदरबारसमेत*

संविधान नेपालको मूल कानून भएको र यो संविधानमा उल्लेख भएका कुराहरूको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य भएकोले व्यवस्थापिका संसद्को दुइतिहाई बहुमतले मात्र संविधान परिवर्तन गर्नसक्ने संवैधानिक व्यवस्था भएकोले संविधान लागू रहेसम्म संवैधानिक प्रक्रिया अनुशरण गरी त्यसमा भएको व्यवस्था परिवर्तन गर्न सक्ने फेरबदल गर्न सक्ने अधिकार कसैमा पनि हुँदैन । वर्तमान संविधानले राज्यलाई संघात्मक स्वरूपमा परिवर्तन गरेको छ । त्यसमा कति प्रदेश हुने भन्ने सम्बन्धमा संविधानको धारा ५६(३) ले प्रदेशको संख्या निर्धारण गरी ७ प्रदेश तोकी त्यसमा रहने जिल्लाहरूसमेत निर्धारण गरिदिएको छ । त्यसमा संसोधन संविधानले निर्धारण गरेको प्रक्रियाअनुसार संवैधानिक संशोधनको सिमालाई समेत विचार गरी गर्न सकिने हुन्छ । सोबाहेकको स्थिति हुनुपर्छ भनी कसैले भन्न मिल्ने

हुन नआउने।

निवेदनमा संविधानको धारा ३ ले अङ्गीकार गरेको मान्यता भनेको सग्लो अखण्ड नेपाल हो भनी उल्लेख गरेको पाइन्छ । संघीयता भनेको राज्य विखण्डन गर्नु होइन । जनताको घरदैलोमा राज्यको सेवा सुविधा पुऱ्याउनको लागि सहज होस् भन्ने उदेश्यले राज्य संघिय ढाँचामा रूपान्तरण हुने गर्दछ तर त्यो न्यायपालिकाको आदेशले हुने होइन । राज्यको ईच्छा (state of will) अनुसार हुने हो । राज्यको ईच्छा जनमतबाट निर्धारण हुन्छ। देश संघीयतामा जाँदैमा कसरी देश विखण्डनमा जान्छ ? निवेदकले त्यसको कुनै कारण उल्लेख गर्न सक्नु भएको देखिँदैन । अदालतले संविधानको व्याख्या गर्ने हो । संविधानसँग बाझिएका कानून बाझिएको हदसम्म अमान्य र बदर गर्ने असाधारण अधिकार अदालतलाई संविधानले तोकिदिएको छ। संविधान नै फेरवदल गर्ने अधिकार अदालतलाई छैन। निवेदकको माग यस अदालतको अधिकारक्षेत्रभन्दा बाहिरको देखिएको र निवेदन जिकिर पुष्टि हुने कुनै कुरा उल्लेख नगरी लहडका आधारमा दिएको निवेदन संवैधानिक व्यवस्थाविपरीत रहेको देखिँदा प्रस्तुत रिट निवेदनउपर लिखित जवाफ मगाई हेर्नुपर्ने देखिँदैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर अपरेटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम्।

२

**मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७३-WO-०७०२, उत्प्रेषण, रेखा हजार दुसादसमेत *वि. मान्तिदेवी अहिरिनसमेत*

बारा जिल्ला अदालतमा चलेको किर्ते, मिलापत्र बदर, बकसपत्र बदरसमेतका मुद्दाहरूको रोहमा मिति २०३०।६।२५ को घरसारको लिखत विशेषज्ञबाट जाच गर्ने बारा जिल्ला अदालतबाट २०७३।५।६ मा आदेश भएको र सो आदेश उच्च अदालत जनकपुर, वीरगञ्ज इजलासबाट अ.बं. १७ नं. अन्तर्गत हेरी सदर भएकोमा सो आदेश बदर हुनुपर्छ भनी रिट क्षेत्रमा प्रवेश गरेको देखियो। साधिकार निकाय बारा जिल्ला अदालतमा सामान्य क्षेत्राधिकारअन्तर्गत चलेको मुद्दामा यी निवेदकले आफ्नो कुरा राख्न पाउने र अदालतले आदेश गर्न सक्ने नै हुँदा त्यसउपर पुनरावेदनको बाटोसमेत मौजुद नै हुँदा रिट क्षेत्रबाट हस्तक्षेप गर्नु उपयुक्त देखिएन । अतः विपक्षीहरूबाट भएको कार्यउपर गरी कारण देखाउ आदेश जारी गर्नुपर्नेसम्मको अवस्था विद्यमान नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम्।

## पूर्ण इजलासमा पेस हुने

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CR-०२२२, सरकारी अनुदानको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. बलिराम दास कथवनियासमेत*

**मा.न्या.डा. आनन्दमोहन भट्टराईको राय:**

विद्यालय नै अस्तित्वमा छैन भने विद्यालयको नाममा लिइएको सबै रकम लिइएको मितिमा नै गैरकानूनी र भ्रष्टाचारजन्य हुन्छ । प्रस्तुत मुद्दामा मिठुलालदास प्राथमिक विद्यालय सञ्चालनको अनुमतिपत्र लिइसकेको भए पनि विद्यालयको भौतिक

अस्तित्व प्रतिवादीहरूले पुष्टि गर्न सकेको नदेखिने।

विद्यालयको नाममा जग्गा दिएको भन्ने कुराले विद्यालय सञ्चालनमा रहेको भनी अर्थ गर्नु मिल्ने हुँदैन। विद्यालयको नाम अङ्कित फ्लासबोर्ड नै अर्को निजी विद्यालयमा टाँसेको पाइएको भन्ने अनुसन्धानको भनाई रहेको र विद्यालय यो यस स्थानमा छ भनी प्रतिवादीहरूले देखाउन नसकेबाट चलन चल्ती भाषामा झोले विद्यालय नै सञ्चालन गरिएको रहेछ भनी बुझ्नु पर्ने हुन आयो। यस स्थितिमा जिल्ला शिक्षा कार्यालयबाट रकम निकासा लिई रू.१,४१,१५०।- खर्च गरी सकेको अवस्था देखिएको हुँदा प्रतिवादीहरू वलिराम दास कथवनिया र मनोजलाल दासले उक्त भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम नेपाल सरकारको सम्पत्ति अर्थात् सरकारी रकम आफ्नो व्यक्तिगत लाभ लिने मनसायले निकासा लिई खर्च गरी मासी खाएको पुष्टि हुन आउने।

जहाँसम्म प्रतिवादीहरूले रकम हिनामिना गरी भ्रष्टाचार गरेको सम्बन्धमा फौजदारी दायित्व सिर्जना हुने गरी माग दाबी लिई अदालतमा मिति २०७१।९।२४ मा अभियोग दर्ता भएपछि मात्र प्रतिवादीहरूले मिति २०७१।१२।२२ मा हिनामिना भएको उक्त रकम राजश्व खातामा फिर्ता दाखिल गर्ने कार्य भएकोले आपराधिक फौजदारी दायित्व सिर्जना नहुने भनी सुरू विशेष अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको विषय छ, सो सम्बन्धमा विचार गर्दा अभियोगपत्र पेस भइसकेपछि रकम बुझाउने कुराले त अभियोग दाबीलाई नै परोक्षरूपमा स्वीकार गरेको मान्नुपर्ने।

पछिबाट हिसाब मिलाइएको वा रकम दाखिला गरेको वा रकम त्यति ठूलो नरहेको भन्नेसम्म कुराले भ्रष्टाचारको कसुरमा उन्मुक्ति दिन मिल्ने हुँदैन। जिल्ला शिक्षा कार्यालयबाट बेरूजु भनी स्वीकार भएको भन्नलाई पनि सो कार्य भ्रष्टाचारमा मुद्दा चल्नुअघि नै गरेको भए बेरूजु नै हो कि भनी बिचार गर्ने अवस्था हुन्थ्यो होला। यहाँ सो अवस्था पनि देखिँदैन। भ्रष्टाचारमा सुन्य सहनशिलता अनुशरण नगरेसम्म मुलुकले भ्रष्टाचारबाट मुक्ती पाउँदैन। भ्रष्टाचार र कुशासनले ग्रस्त मुलुकमा यो विषयलाई अझ गम्भीरता पूर्वक न्यायको रोहमा हेरिनुपर्ने हुन्छ। यहाँ प्रतिवादीहरूले मनसायपूर्वक फौजदारी अपराध गरी सकेको अवस्थामा आफू विरूद्ध अभियोग लागी सकेपछि आफू विरूद्धको अभियोगबाट उम्कने मनसायले उक्त रकम प्रतिवादीहरूले राजश्व खातामा फिर्ता गरेको मान्नुपर्ने हुन आउने।

अत: उपर्युक्त कारणहरूबाट प्रतिवादीहरूले गरेको उल्लिखित कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर देखिन आएकोले निजहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरेको विशेष अदालत, काठमाडौंको मिति २०७२।१।२७ को उक्त फैसला उल्टी भई प्रतिवादीहरू वलिराम दास कथवनिया र मनोजलाल दासलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (घ) बमोजिम जनही ६ महिना कैद र बिगोबमोजिम रू १,४१,१५०।- जरिवाना हुने।

**<u>मा.न्या.श्री अनिलकुमार सिन्हाको राय:</u>**

प्रस्तुत मुद्दामा जिल्ला शिक्षा कार्यालयबाट पटकपटक गरी निकासा गरिएको रकम खर्च गरेको सम्बन्धमा वस्तुनिष्ठ प्रमाणका आधारमा पुष्टि गर्न नसकेको अवस्थामा निज प्रतिवादीहरूका विरूद्ध बेरूजु कायम भएको र सोही पृष्ठभूमिमा मिति २०७१।९।२४ मा विशेष अदालत, काठमाडौंमा मुद्दा दायर भएको देखिन्छ। प्रतिवादी अदालतसमक्ष उपस्थित हुनु अगावै मिति २०७१।१२।२२ मा निज प्रतिवादीहरूले बुरूजु

भएको रकम बेरूजु शिर्षक नं. १५११२ मा नेपाल बैंक लि. को भौचर नं. २५९३५९८५ बाट जिल्ला शिक्षा कार्यालय, सर्लाही मलङ्गवामा जम्मा गरिसकेको देखियो । विद्यालयको आफ्नो भवन नभए पनि प्रतिवादीकै तर्फबाट विद्यालयको नाममा ०-२-० जग्गा मिति २०६७।१।७ मा दर्ता नामसारी भइसकेकोबाट विद्यालय स्थापनाको कार्य सोही समयमै भएको देखिन्छ। यसरी प्रतिवादीहरूले स्कूलका लागि २ कट्ठा जमीन नामसारी गरिदिनुबाट स्कूल काल्पनिकरूपमा स्थापित रहेको नदेखिने।

अर्कोतर्फ सुरूमा खर्चको बेरूजु देखाइएको प्रतिवादीहरू उपरको दाबीको रकम रू. १,४१,१५०- भन्दा बढी रकम जिल्ला शिक्षा कार्यालय, सर्लाहीको खाता नं. १-१-१-००१ राजश्व शिर्षक नं. १५११२ मा बेरूजु फछ्र्यौट गरिसकेको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(क) को कसुर गरेको मान्न नमिल्ने हुँदा विशेष अदालत, काठमाडौंले प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरेको मिति २०७२।१।२७ को फैसला मनासिब देखिएकोले सदर हुने।

सहयोगी माननीय न्यायाधीशको डा. आनन्दमोहन भट्टराईज्यूको रायसँग सहमत हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(क) बमोजिम प्रस्तुत मुद्दा पूर्ण इजलासमा पेस गर्ने।

इजलास अधिकृत : तेजबहादुर खड्का
कम्प्युटर : संजय जैसवाल
इति संवत् २०७४ साल वैशाख ४ गते रोज २ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**
**- सर्वोच्च अदालत, मेलमिलाप समिति**